
नेपालका लागि

# संयुक्त राष्ट्रसङ्घीय विकास सहायता रूपरेखा

सन् २०१८-२०२२



## नेपालका लागि

# संयुक्त राष्ट्रसङ्घीय विकास सहायता रूपरेखा

## सन् २०१८-२०२२

सर्वाधिकार © डिसेम्बर २०१७
संयुक्त राष्ट्रसंघ नेपाल

उद्धरण :
संयुक्त राष्ट्रसंघ नेपाल (२०१७),
संयुक्त राष्ट्रसङ्घीय विकास सहायता रुपरेखा
सन् २०१८-२०२२

तस्वीर स्रोत :
फोटोग्राफर स्वयं

अम्यान्डा नेरो / आइ ओ एम २०१६
(पेज १०, २०, २६, ५०, ५२, ५४, ५५, ६०)

लक्ष्मीप्रसाद डाखुसी
(कभर फोटो, पेज २८, ४८, ४९, ५६, ५८, ६२, ६४, ६५)

बी. अब्रुजिनी / युनेस्को (पेज ८२)

नेपालमा प्रकाशित



Dr. Swarnim Wagle
Vice Chairman
National Planning Commission

Ms. Valerie Julliand
United Nations Resident Coordinator
Also on behalf of the Non-Resident UN Agencies
(IAEA, ITC, UNCITRAL, UNCTAD, UNEP, UNIDO, UNOPS, UN Volunteer, OHCHR)

Mr. Somsak Pipoppinyo
FAO Representative

Ms. Lakshmi Moola
IFAD Country Programme Manager

Mr. Richard Howard
ILO Representative

Mr. Paul I. Norton
IOM Chief of Mission

Dr. Ruben F del Prado
UNAIDS Country Director

Ms. Judith Karl
UNCDF Executive Secretary

Mr. Renaud Meyer
UNDP Country Director

Mr. Christian Manhart
UNESCO Representative

Ms. Giulia Vallese
UNFPA Representative

Mr. Padma Sunder Joshi
UNHABITAT Programme Manager

Mr. Kevin Allen
UNHCR Representative

Mr. Tomoo Hozumi
UNICEF Representative

Mr. Yuriy Kryvonos
UNODA/RCPD Director

Mr. Sergey Kapinos
UNODC Regional Office for South Asia Representative

Ms. Wenny Kusuma
UN WOMEN Representative

Ms. Pippa Bradford
WFP Representative

Dr Jos Vandelaer
WHO Representative

# ACRONYMS

| | |
|---|---|
| **CBF** | Common Budgetary Framework |
| **CCA** | Common Country Analysis |
| **CEDAW** | Convention on the Elimination of all Forms of Discrimination Against Women |
| **CPD** | Country Programme Document |
| **DaO** | Delivering as One |
| **DRR** | Disaster Risk Reduction |
| **FAO** | Food and Agriculture Organization |
| **FGD** | Focus Group Discussion |
| **GBV** | Gender-Based Violence |
| **GESI** | Gender Equity and Social Inclusion |
| **GEWE** | Gender Equality and Women's Empowerment |
| **GoN** | Government of Nepal |
| **GNI** | Gross National Income |
| **HACT** | Harmonized Cash Transfer |
| **HDR** | Human Development Report |
| **HRBA** | Human Rights-Based Approach |
| **IAEA** | International Atomic Energy Agency |
| **IDPG** | International Development Partner Group |
| **ILO** | International Labour Organization |
| **IOM** | International Organization for Migration |
| **ITC** | International Trade Centre |
| **LDC** | Least Developed Country |
| **MIC** | Middle-Income Country |
| **MoC** | Ministry of Commerce |
| **M&E** | Monitoring and Evaluation |
| **MoE** | Ministry of Education |
| **MoAD** | Ministry of Agricultural Development |
| **MoFALD** | Ministry of Federal Affairs and Local Development |
| **MoHA** | Ministry for Home Affairs |
| **MoH** | Ministry of Health |
| **MoLE** | Ministry of Labour and Employment |
| **MoLJPA** | Ministry of Law, Justice and Parliamentary Affairs |
| **MoST** | Ministry of Science and Technology |
| **MoWCSW** | Ministry of Women, Children and Social Welfare |
| **NDP** | National Development Priority |

| | |
|---|---|
| **NGO** | Non-Governmental Organization |
| **NPC** | National Planning Commission |
| **NRA** | National Reconstruction Authority |
| **N-RA** | Non-Resident Agency |
| **OECD** | Organization for Economic Cooperation and Development |
| **ODA** | Official Development Assistance |
| **OMT** | Operations Management Team |
| **OWG** | Outcome Working Group |
| **PDNA** | Post-Disaster Needs Assessment |
| **RC** | Resident Coordinator |
| **RCO** | Resident Coordinator's Office |
| **SDG** | Sustainable Development Goal |
| **SWAp** | Sector-Wide Approach |
| **TBC** | To Be Confirmed |
| **TG** | Thematic Group |
| **ToR** | Terms of Reference |
| **TYP** | Three Year Plan |
| **UNAIDS** | Joint United Nations Programme on HIV/AIDS |
| **UNCDF** | United Nations Capital Development Fund |
| **UNCG** | United Nations Communications Group |
| **UNCT** | United Nations Country Team |
| **UNDAF** | United Nations Development Assistance Framework |
| **UNDG** | United Nations Development Group |
| **UNDP** | United Nations Development Programme |
| **UNEG** | United Nations Evaluation Group |
| **UNESCO** | United Nations Educational, Scientific and Cultural Organization |
| **UNFPA** | United Nations Population Fund |
| **UN-HABITAT** | United Nations Human Settlements Programme |
| **UNHCR** | United Nations High Commissioner for Refugees |
| **UNICEF** | United Nations Children's Fund |
| **UNIDO** | United Nations Industrial Development Organization |
| **UNODC** | United Nations Office on Drugs and Crime |
| **UNOPS** | United Nations Office for Project Services |
| **UNRCPD** | United Nations Regional Centre for Peace and Disarmament in Asia |
| **UNS** | United Nations System |
| **UNV** | United Nations Volunteers |
| **UNWOMEN** | United Nations Entity for Gender Equality and the Empowerment of Women |
| **UPR** | Universal Periodic Review |
| **WASH** | Water, Sanitation and Hygiene |
| **WEE** | Women's Economic Empowerment |
| **WFP** | World Food Programme |
| **WHO** | World Health Organization |

# विषयसूची


सारसंक्षेप ११

## अध्याय १

**१. विषयप्रवेश** १३

१.१ नेपालको राष्ट्रिय परिस्थिति र राष्ट्रिय विकास प्राथमिकताहरू १४

१.२ संयुक्त राष्ट्रसङ्घीय विकास सहायता रुपरेखा (उन्डाफ) निमार्ण प्रक्रिया १९

१.३ उन्डाफ प्राथमिकताका क्षेत्रहरू २१

१.४ संरासङ्घको विकास कार्यक्रमका मुख्य सिद्धान्त र रणनीतिहरू २२

१.५ संरासङ्घ कन्ट्रीटीम अन्तर्दृष्टि सन् २०३० २३

## अध्याय २

**२. उन्डाफ प्रतिफलहरू** २७

२.१ प्राथमकिता क्षेत्र १: दिगो र समावेशी आर्थिक वृद्धि २७

२.२ प्राथमकिता क्षेत्र २: सामाजिक विकास २७

२.३ प्राथमकिता क्षेत्र ३: उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन ३२

२.४ प्राथमकिता क्षेत्र ४: शासन व्यवस्था, विधिको शासन र मानव अधिकार ३७

२.५ जोखिम र अनुमानहरू ४३

## अध्याय ३

**३. व्यवस्थापन र समन्वय प्रावधानहरू** **५१**

## अध्याय ४

**४. अनुगमन तथा मुल्याङ्कन** ५७

४.१: अनुगमन तथा मुल्याङ्कन ५७

४.२: प्रतिफलहरूको सञ्चार ५९

## अध्याय ५

**५. स्रोत प्रारुप र परिचालन** ६१

अनुसूची १: उन्डाफ प्रतिफल तालिका (*रिजल्ट मेट्रिक्स्*) ६६

अनुसूची २: अनुगमन तथा मुल्याङ्कन तालिका ७४

अनुसूची ३: नेपाल उन्डाफ सन् २०१८-२०२२का लागि कानुनी आधार ७५

अनुसूची ४: अन्तर्राष्ट्रिय महासन्धि, सम्झौता र उपलेख,
र नेपालले त्यसमा हस्ताक्षर, अनुमोदन कार्यान्वयन गरेको सूची ७७

# सारसंक्षेप



हाल संक्रमणकालबाट गुज्रिरहेको नेपालले विगत २० बर्षको अन्तरालमा विविध व्यवधानहरूको सामना गरेको भए तापनि उल्लेखनीय विकास प्रगति हासिल गरेको छ। दशक लामो द्वन्द्व र दुई वटा विनाशकारी भूकम्पबाट उग्रदै गरेको नेपाल, दिगो विकासका लक्ष्यहरू हासिल गर्ने, नयाँ संविधान कार्यान्वयन गर्ने र कोही पनि पछि नपरुन् (*Leaving No One Behind*) भन्ने कुरा सुनिश्चित गर्ने मार्गमा अघि बढेको छ।

संयुक्त राष्ट्रसंङ्घ विकास सहायता रुपरेखा (उन्डाफ) २०१८-२०२२ ले आगामी पाँच बर्षमा नेपाललाई के-कस्ता सहयोग पुर्‍याउने भन्ने उद्देश्य बोकेको राष्ट्रसङ्घीय साझेदारीको कार्यसूची प्रस्तुत गर्दछ। यो नयाँ उन्डाफको मूलभूत पक्षहरूमा दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको चौधौं योजना र नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय प्रतिबद्धता र मुल्यमान्यताहरु रहेका छन्। पछिल्लो उन्डाफ (सन् २०१३-२०१७)का सिकाईहरूबाट अघि बढ्दै यो नयाँ प्रारुपले सफलताहरूलाई आधार बनाउँदै सान्दर्भिक मुद्दा तथा सहमतिहरूलाई समावेश गर्दै नेपालको बृहत आर्थिक, सामाजिक र वातावरणीय उद्देश्यहरूलाई सम्बोधन गर्ने काम गर्दछ।

उन्डाफका चार प्रतिफल : १) दिगो तथा समावेशी आर्थिक वृद्धि ; २) सामाजिक विकास ; ३) उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन ; र ४) शासन व्यवस्था, विधिको शासन र मानव अधिकार ले अन्तरसम्बन्धित विषयगत क्षेत्रहरूलाई जोड्ने काम गर्दछ। यी प्रतिफलहरू सरकारको चौधौं योजनामा उल्लेख गरिएका राष्ट्रिय प्राथमिकताहरू र विश्वव्यापीरुपमा अनुमोदन भएको दिगो विकासका लक्ष्य २०३० को सिद्धान्तहरूमाथि आधारित छ। उन्डाफका यी प्रतिफलहरू २०३० सम्ममा आत्मसम्मानको मार्ग (*Road to dignity*) मा उल्लेख भएझैं मानिस, समृद्धि, पृथ्वी र शान्ति संग पनि केन्द्रित रहेका छन्। यी विषयवस्तुहरू नेपालको संविधान (२०७२)मा आधारित र विकासका लागि नवीकृत तथा सुदृढ साझेदारीसम्बन्धी इस्तानबुल कार्ययोजना अनुरुप पनि रहेका छन्। नेपालको भौगोलिक भिन्नताहरूका बावजुद यी प्रतिबद्धताहरू समावेशी, पारदर्शी र महत्वकांक्षी हुनुका साथै कोही पनि पछि नपरुन् (*Leaving No One Behind*) भन्ने मान्यता राख्दछन्।

नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने र मध्यम-आय राष्ट्र बन्न सहयोग पुर्‍याउने विधिहरू उन्डाफ प्रतिफलहरूका महत्वपूर्ण पक्ष हुन्। यी विधिहरू, नेपाल राष्ट्रसङ्घीय कन्ट्री टिम (*यूनसीटी*)ले, नेपालको विकास प्राथमिकता र लक्ष्य प्राप्तिका लागी के कस्ता अवसर र चुनौतीहरूका हुनसक्छन् भन्ने सम्बन्धमा गरेको प्रारम्भिक छलफल तथा तयारीका क्रममा पहिचान गरिएको थियो। राष्ट्रसङ्घीय कन्ट्री टिम सबै राष्ट्रसङ्घीय निकायहरूको विविधतापूर्ण विशेषज्ञता र स्रोतहरूमा आधारित समरुपी र गर्न एकजुटभएर समन्वयात्मक कार्य गर्ने (*Delivery as One*) सिद्धान्तको परिपालन गर्दछ।

उन्डाफ कार्यान्वयनको निगरानी कार्यलाई सरकारी साझेदार तथा सरोकारवालाहरू सम्मिलित सञ्चार, परिणाम, अनुगमन तथा मुल्याङ्कन, लैङ्गिकता र कार्यसञ्चालन सम्बन्धी कार्यसमूह (*वर्किङ्ग ग्रुप*)हरूले थप सुदृढ बनाउने काम गरेको छ। यी कार्यसमूहहरूले उन्डाफको कार्यान्वयनको समीक्षा र मार्गनिर्देशन गर्न आ-आफ्नो विशेषज्ञता साथमा ल्याउँछन्। पारदर्शिता र जवाफदेहितालाई सम्पूर्ण प्रक्रियामा जोड्दै नेपालसँग यसका विकास लक्ष्यहरू हासिल गर्ने कार्यमा सहकार्य गर्ने क्रमको हरेक कदममा संयुक्त राष्ट्रसङ्घ र विश्वव्यापी समुदायका सिद्धान्तहरूको परिपालन गरिएको सुनिश्चित गरिएको छ।

**संयुक्त राष्टसंङ्घ विकास सहायता रुपरेखा (उन्डाफ) २०१८-२०२२ ले आगामी पाँच बर्षमा नेपाललाई के-कस्ता सहयोग पुर्‍याउने भन्ने उद्देश्य बोकेको राष्ट्रसङ्घीय साझेदारीको कार्यसूची प्रस्तुत गर्दछ।**

# विषय प्रवेश



दशक लामो द्वन्द्व, देशको दक्षिणी सीमामा व्यापार अवरोध र दुई ठूला भूकम्पहरू गएको चुनौतीपूर्ण वातावरणका बावजुद नेपालले विगतको २० बर्षमा उल्लेखनीय प्रगति हासिल गरेको छ । नेपालले आफ्ना अधिकांश विकास लक्ष्यहरू पनि हासिल गरको छ र एजेण्डा २०३० प्राप्तिमा पनि प्रतिबद्ध रहेको छ । वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान र त्यसको कार्यान्वयनले नेपाललाई "कोही पनि पछाडि नपरुन" भन्ने सुनिश्चित गर्ने एउटा समतामूलक विकासको प्रक्षेपणको मार्ग स्थापित गर्न अद्वितीय अवसर प्रदान गर्दछ ।

संयुक्त राष्ट्रसङ्घले नेपाल सरकारलाई नेपालका विकास लक्ष्यहरूमा सहकार्य तथा समर्थन् गर्दछ । संयुक्त राष्टसङ्घीय कन्ट्रीटिममा २१ वटा आवासीय र गैरआवासी निकायहरू समावेश छन् ।[१] उन्डाफ सन् २०१८-२०२२ को मूलभूत पक्षहरूमा दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको चौधौं योजना र नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय प्रतिबद्धता र मान्यताहरू रहेका छन् । यो पछिल्लो उन्डाफ सन् २०१३-२०१७ का सिकाईहरूबाट पनि सूचित छ । चौबर्षीय विस्तृत नीति समीक्षा (सन् २०१६) नेपालमा संयुक्त राष्टङसङ्घले काम गर्ने मुख्य नीति र विधिका रुपमा रहेको छ । साझा लक्ष्य बोकेका राष्ट्रसङ्घीय निकायहरूबीच दिगो विकासका लागि अझ बढी समरुपी, समन्वयात्मक र सहकार्यात्मक कार्यको उद्देश्यले राष्ट्रसंघीय कन्ट्रीटिम *डेलिभरिङ्ग एज वान* सिद्धान्त र मापदण्डको परिपालन गर्दछ ।

दिगो विकासका लागि एजेण्डा २०३० र राष्ट्रिय विकास प्राथमिकताहरूको सर्मथनमा राष्ट्रसंघीय कन्ट्रीटिमको संयुक्त कार्यका लागि समग्र प्रारुपका रुपमा उन्डाफ २०१८-२०२२ रहेको छ । उन्डाफ यस्तो आधार पनि हो जहाँ समरुपी विकास कार्यक्रमहरू प्रवाह गर्नका लागि राष्ट्रसंघीय निकायहरूका विविधतापूर्ण विशेषता र स्रोतहरू एकीकृत गर्न सकिन्छ ।

**दिगो विकासका लागि एजेण्डा २०३० र राष्ट्रिय विकास प्राथमिकताहरूको सर्मथनमा राष्ट्रसंघीय कन्ट्रीटिमको संयुक्त कार्यका लागि समग्र रुपरेखाका रुपमा उन्डाफ २०१८-२०२२ रहेको छ ।**

उन्डाफका चार वटा प्रतिफलहरू, १) दिगो तथा समावेशी आर्थिक वृद्धि ; २) सामाजिक विकास ; ३) उत्थानशिलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन ; र ४) शासन व्यवस्था, विधिको शासन र मानवअधिकार, सरकारको चौधौं योजनामा उल्लेख भएका राष्ट्रिय प्राथमिकताहरू, सन् २०३० एजेण्डा र दिगो विकास लक्ष्यहरूको प्राप्तिसँग प्रत्यक्ष रुपमा सम्बन्धित छन् । साथै, रोड टु डिग्निटी बाइ २०३० (सन् २०३० सम्म आत्मसम्मानको मार्ग)मा प्रस्तुत गरिएको सन् २०१५ पछिको एजेण्डाका मुख्य ६ तत्वहरू मध्ये रहेको जनता, समृद्धि, पृथ्वी र शान्तिसँग पनि उनीहरू सम्बन्धित छन् ।[२] यो विकासका लागि नवीकृत तथा सुदृढ साझेदारीसम्बन्धी इस्तानबुल कार्ययोजना अनुरुप पनि रहेको छ ।[३]

---

[१] युएन कन्ट्रीटिम नेपालका सदस्यहरूमा १८ आवासीय निकायहरू (एफएओ, आइफाड, आइएलओ, आइओएम, यूएनएड्स, यूएनसीडीएफ, यूएनडीपी, युनेस्को, यूएन-ह्याबिट्याट, यूएनएचसीआर, युनिसेफ, यूएओडीसी, यूएआरसीपीडी, यूएनभी, यूएन वुमन, डब्लुएफपी, डब्लुएचओ) र गैरआवासी निकायहरू (आइटिसी, यूनिडो, आइएइए, यूएनओपीएस) रहेका छन् ।

[२] महासचिवको Road to Dignity by 2030 मा व्याख्या गरिएअनुसार, डिसेम्बर २०१४, पृष्ठ २१-२३: https://static1.squarespace.com/static/562094dee4b0d00c1a3ef761/t/56cf7826f850828b7a38ba94/1456437287044/RoadtoDignityby2030.pdf .

[३] कमविकसित राष्ट्रहरूका लागि दशक २०११-२०२०का लागि कार्ययोजना (A/CONF.219/3), पृष्ठ ६-७

**नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने र मध्यम-आय राष्ट्र बन्न सहयोग पुर्‍याउने विधिहरू उन्डाफ प्रतिफलहरूका महत्वपूर्ण पक्ष हुन् ।**

उन्डाफका प्रतिफलहरू देशको भौगौलिक विविधतालाई ध्यानमा राख्दै कोही पनि पछि नपरुन् भन्ने २०३० को एजेण्डा र नेपालको संविधान[४] दुवैको मूलभूत संकल्पसँग पनि जोडिएका छन् । नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने र मध्यम-आय राष्ट्र बन्न सहयोग पुर्‍याउने विधिहरू उन्डाफ प्रतिफलहरूका महत्वपूर्ण पक्ष हुन् । यी विधिहरू देशको विकास प्राथमिकता र लक्ष्यहरूको प्राप्तिमा त्यसले सिर्जना गर्ने उल्लेखनीय अवसर र चुनौतीहरूका सम्बन्धमा नेपाल राष्ट्रसङ्घीय कन्ट्रीटिमले गरेको प्रारम्भिक कार्यमा पहिचान गरिएको थियो ।

उन्डाफ दस्तावेजलाई तीन भागमा व्यवस्थित गरिएको छ : पहिलो भागले नेपालको राष्ट्रिय सन्दर्भ र यसका राष्ट्रिय विकास प्राथामिकतहरूका साथै उन्डाफ तर्जुमा प्रक्रिया र उन्डाफको मुख्य कार्यक्रमागत सिद्धान्त तथा रणनीतिहरूको सिंहावलोकन प्रदान गर्छ । दोस्रो भागमा उन्डाफका चार वटा प्रतिफलहरूका साथै उनीहरू के-कसरी अन्तरसम्बन्धित छन्, राष्ट्रिय विकास प्राथमिकतासँग उनीहरूको सम्बन्ध, र त्यसका लागि संयुक्त अवधारणा वा अवसरहरू रहेको कार्यक्षेत्रहरू प्रस्तुत गरिएका छन् । तेस्रो भागमा उन्डाफको प्रतिफल मेट्रिक्स, अनुगमन तथा मुल्याङ्कन प्रारुप र तालिका, नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घको साझेदारीमा आधारित रहेको आवश्यक कानुनी अनुसूची र उन्डाफ बाहिर राष्ट्रसङ्घको कामकारवाहीको सिंहावलोकन समावेश छ ।

## १.१ नेपाल राष्ट्रिय सन्दर्भ र राष्ट्रिय विकास प्राथमिकताहरू

नेपालले विगतको दुई दशकमा उल्लेखनीय विकास प्रगति हासिल गरेको छ । सहस्राब्दी विकास लक्ष्यहरू मध्ये एउटा (लक्ष्य ४, बाल मृत्युदर घटाउने) हासिल गर्‍यो र अन्यको प्राप्ति तर्फ उल्लेखनीय प्रगति गर्न सफल रह्यो । [५] यो सफलता प्रमुख राजनीतिक संक्रमणको वातावरणमा हासिल गरिएको हो, जसमा दशक लामो द्वन्द्व, बृहत शान्ति सम्झौता र नयाँ संविधानको तर्जुमा रहेका छन् । अब नेपालले सन् २०३० सम्ममा मध्यम-आय राष्ट्र बन्ने लक्ष्य लिएको छ । [६]

**सरकारले एसडीजीलाई नेपाल सन्दर्भमा स्थानीयकरण गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय विकास योजनाहरूमा एकीकृत गर्ने लक्ष्य लिएको छ ।**

राष्ट्रिय दिगो विकास लक्ष्य प्रतिवेदन निर्माण गर्ने नेपाल पहिलो राष्ट्र हो [७] र यसले २०३० एजेण्डाको प्राप्तिका लागि र एसडिजीको प्राप्तिका लागि त्यसमा निहित समावेशी र बहुसरोकारवाला साझेदारी अवधारणाप्रति आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेको छ । सरकारले एसडीजीलाई नेपाल सन्दर्भमा स्थानीयकरण गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय विकास योजनाहरूमा एकीकृत गर्ने लक्ष्य लिएको छ । संविधानमार्फत अवलम्बन गरिएको सङ्घीय संरचनाले प्रादेशिक र स्थानीय सरकारहरूलाई पनि कार्यकारी तथा व्यवस्थापिकीय अधिकार प्रत्यायोजन गर्दै तीन तहको सरकार स्थापित गरेको छ, र त्यसले ने

---

[४] संविधानले नेपाली जनताको न्यायसङ्गत, समतामूलक र समृद्ध समाजको साझा आकांक्षाको प्रतिनिधित्व गर्दछ, जसले सबैको उत्थान गर्ने र कसैलाई पनि पछाडि नछाड्ने उद्देश्य लिएको ।

[५] राष्ट्रिय योजना आयोग, नेपाल र सहस्राब्दी विकास लक्ष्यहरू, अन्तिम प्रतिवेदन २०००-२००५, २०१७

[६] राष्ट्रिय योजना आयोग, चौधौं योजना, २०१७, पृष्ठ २२

[७] राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्य २०१६-२०३० राष्ट्रिय (प्रारम्भिक) प्रतिवेदन, काठमाडौं, २०१५: http://www.np.undp.org/content/dam/nepal/docs/reports/SDG%20final%20report-nepal.pdf.

पालमा एसडीजीको स्थानीयकरणलाई थप सहयोग पुर्‍याउनेछ ।

धर्म निरपेक्ष, समावेशी र सङ्घीय प्रजातान्त्रिक गणतन्त्र देशको परिकल्पना गर्ने संविधान नेपालका लागि एउटा ऐतिहासिक उपलब्धि हो । यसले नेपालको पहिलो सङ्घीय प्रजातान्त्रिक गणतन्त्रको स्थापना गर्नुका साथै सार्वजनिक प्रशासनको पुन:संरचनासहित मुख्य सामाजिक तथा राजनीतिक परिवर्तनको थालनी गरेको छ । संविधान जारी गर्ने कार्य र २०३० एजेण्डाप्रति नेपालको प्रतिबद्धताको घोषणा संगसंगै भएको छ र त्यसले देशलाई आफ्नो संवैधानिक संक्रमणलाई एसडीजीहरू साकार पार्ने आफ्ना प्रयासहरूसँग एकीकृत गर्ने अभूतपूर्व अवसर प्रदान गर्दछ ।

**धर्म निरपेक्ष, समावेशी र सङ्घीय प्रजातान्त्रिक गणतन्त्र देशको परिकल्पना गर्न संविधान नेपालका लागि एउटा ऐतिहासिक उपलब्धि हो ।**

नेपाल द्रुत गतिमा सहरीकरण भइरहेको देश हो : यसको करिब २ करोड ८४ लाख जनसङ्ख्या मध्ये करिब ४४ प्रतिशत १९ बर्ष मूनि रहेको अनुमान गरिन्छ ।[८] जनसङ्ख्याको विद्यमान प्रवृत्तिलाई दृष्टिगत गर्दा नेपालले कम्तीमा पनि सन् २०५० सम्म आफ्नो युवामा आधारित जनसाङ्ख्यिक लाभांशबाट लाभ उठाउन सक्नुपर्छ ।[९] सहरी क्षेत्रहरूलाई नवीनताको उद्भवस्थल र आर्थिक वृद्धिको साधनका रुपमा मान्यता प्रदान गरिएको हुनाले नेपालले पनि आफ्नो द्रुत गतिको सहरीकरणबाट लाभ लिनुपर्छ ।



[८] Common Country Assessment (final draft), March 2017, p. 5, quoting the 2011 census.

[९] Op.cit., ibid.

**मध्यम-आय मुलुकको हैसियतमा पुग्ने आफ्नो लक्ष्यमा आउने केही खास चुनौतीहरूलाई नेपालले समाधान गर्नुपर्नेछ ।**

तथापि, नेपालको विकास प्रतिफल भूगर्भिक र जलवायु परिवर्तनले निम्त्याउने जोखिमका कारण स्थिर रहने वा पछि फर्कने पनि हुनसक्छ । बाढी, सुक्खा, भूकम्प र पहिरोले सहरी र ग्रामीण दुवै क्षेत्रलाई प्रभावित गर्छन् । वि.सं. २०७२ को भूकम्प यो संकटको सबैभन्दा डरलाग्दो उदाहरण हो । दुई वटा भूकम्प र त्यसका शक्तिशाली परकम्पनहरूले देशका ७५ मध्ये ३१ वटा जिल्लाहरूलाई प्रभावित गर्दै ९ हजार व्यक्तिको ज्यान लिनुकासाथै २२,३०० भन्दा बढी व्यक्तिलाई घाइते बनायो । मृतकमा आधा भन्दा बढी महिला थिए ।[10] भूकम्पले पारेको विपद् प्रभाव (क्षति र नोक्सान)को कुल मुल्य रु ७०६ अर्ब अनुमान गरिएको छ, जसमध्ये रु ५१७ अर्ब (कुल प्रभावको ७६%) ध्वस्त भएको भौतिक सम्पत्तिको मुल्य रहेको छ । [11]

मध्यम-आय मुलुकको हैसियतमा पुग्ने लक्ष्यमा आउने चुनौतीहरूलाई नेपालले समाधान गर्नुपर्नेछ । सन् २०१७ सम्म नेपालको २१.६ प्रतिशत जनसङ्ख्या राष्ट्रिय गरिबी रेखामूनि रहेका थिए ।[12] यसको अर्थतन्त्र अझै पनि विविधतापूर्ण छैन । देशको अधिकांश ग्रामीण जनसङ्ख्या अझै पनि जीविकोपार्जनका लागि निर्वाहमुखी कृषिमा निर्भर छन्, र यो क्षेत्र पनि सुक्खा र अन्य जलवायु परिवर्तनसम्बन्धी घटनाहरूको जोखिममा रहने गर्छ ।[13]



---

[10] महिला र अन्य जोखिममा परेका व्यक्तिहरूको सामान्यतया यस्ता संकटहरूको व्यवस्थापन गने रणनीति राम्रोसँग विकसित नभएको हन्छ वा त्यस्तो रणनीति हुदैन : उदाहरणका लागि, विपद् पछिको आवश्यकता मुल्याङ्कन अनुसार ध्वस्त भएका घरहरूमध्ये करिव २६ प्रतिशत महिला घरमुली भएका घरपरिवारहरूको, ४१ प्रतिशत दलित र आदिवासी समुदायको र २३ प्रतिशत जेष्ठ नागरिकहरूको स्वामित्व रहेको थियो : पिडिएनए, पृष्ठ २६,६२

[11] गृह मन्त्रालय, नेपाल विपद् प्रतिवेदन २०१५, पृष्ठ १५

[12] राष्ट्रिय योजना आयोग, चौधौं योजना, पृष्ठ २२

[13] नेपाल मानव विकास प्रतिवेदन, २०१४, पृष्ठ १६ र तालिका ७

विप्रेषण (वैदेशिक विनिमयको सबैभन्दा ठूलो स्रोत)को प्रवाह नेपालमा विकास खर्चको मुख्य योगदानकर्ता हो,[१४] त्सपछि पर्यटन रहेको छ ; र यी दुवै क्षेत्र बाह्य प्रभावको जोखिममा रहने गर्छन्, जसमा श्रमिक लिने र पर्यटक पठाउने मुलुकहरूमा आर्थिक मन्दी पनि समावेश छ ।[१५] निजी क्षेत्रको विस्तार र रोजगारी सिर्जनालाई सीमित बनाउने नेपालमा विभिन्न व्यवधानहरू रहेका छन् । यसमा लगातारको राजनीतिक परिवर्तन, श्रमिक संगठन तथा कडा श्रम कानुनका साथै कमजोर भौतिक पूर्वाधार समावेश छन् । नेपालमा विशेषगरी युवा र महिलाहरूका लागि उच्च मात्रामा बेरोजगारी र अल्परोजगारी रहेको छ । युवा बेरोजगारी र अल्प-वेरोजगारी पनि युवाहरूको विशेषगरी ग्रामीणबाट सहरी क्षेत्रमा र नेपाल बाहिर आप्रवासनको एउटा कारक तत्व हो ।

नेपाल सरकारले आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विभिन्न कानुन तथा नीतिहरू जारी गरेको छ ।[१६] यद्यपि, आप्रवासनसँग सम्बन्धित चुनौतीहरू यथावत नै छन्, जसमा उच्च भर्ना शुल्क र आप्रवासन प्रक्रियाको हरेक चरणमा विभिन्न प्रकृतिका श्रम शोषण रहेका छन् ।

नेपालमा विद्यमान प्रथाजनित अभ्यासहरूले पनि विकास प्रयासहरूलाई प्रभावित गरेका छन्, जसमा विशेषगरी भेदभावसँग सम्बन्धित र महिला तथा जोखिममा परेका जनताको सामाजिक तथा आर्थिक बहिष्करण रहेको छ ।[१७] लैङ्गिकता र सामाजिक समावेशीकरण सम्बन्धी विकास कार्यक्रम र प्रतिफल देशका विभिन्न क्षेत्र र जनसमूहहरूमा समान भार र प्रभावकारिता प्राप्त छैन । उदाहरणका लागि, मध्य र सुदूरपश्चिम क्षेत्र लैङ्गिक सशक्तीकरण मापन[१८] र लैङ्किकतासम्बन्धी विकास सूचक (*जिडीआई*)[१९] दुवैमा सबैभन्दा तल रहेका छन् । संविधानमार्फत नेपाल सरकारले सीमान्तकृत समूहहरूको सामाजिक तथा आर्थिक समावेशीकरणका लागि प्रतिबद्धता अभिव्यक्त गरेको छ, तथापि यी प्रयासहरूको परिणाम देखिन केही समय लाग्न सक्नेछ ।

**नेपालमा विशेषगरी युवा र महिलाहरूका लागि उच्च मात्रामा बेरोजगारी र अल्परोजगारी रहेको छ ।**

देशको विकासमा अर्को चुनौती भनेको सरकारी राजश्व सबै अत्यावश्यक सेवाहरू प्रवाह गर्न अपर्याप्त हुनु हो । नेपालको सामाजिक विकास नीतिगत प्रयासहरूको करिव ४० प्रतिशतको खर्च विकास साझेदारले प्रदान गर्ने सहायताले पूरा हुने

---

१४ श्रम तथा रोजगार मन्त्रालय, रोजगारीका लागि श्रम आप्रवासन : नेपालका लागि अवस्था प्रतिवेदन २०१४/१५, पृष्ठ ११

१५ शिभित बक्रानिया, Urbanization and Urban Growth in Nepal, काठमाडौं, २९ अक्टोबर २०१५, पृष्ठ ११


१६ कोलोम्बो प्रक्रिया जस्तै

१७ २०१८-२०२२ मा लक्षित गरिने लाभग्राहीहरूलाई जोखिममा परेका भनी व्याख्या गरिउको, जुन २०३० एजेण्डा संरासङ्घीय प्रस्ताव ७०/१,२३को छाता शब्दावलीमा र नेपालको संविधानको सिमान्तीकृतको परिभाषामा आधारित छ । संविधानको धारा ३०६ अनुसार “सीमान्तीकृत” भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ । संविधानको अन्य स्थान सीमान्तकृतको सामाजिक रुपमा पिछडिएका उपसमूहमा ‘...महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य ...’ समावेश छन्, धारा १८(३) । राष्ट्रिय मानव विकास प्रतिवेदन, २०१४, चित्र २.६ र पृष्ठ २०

१८ राष्ट्रिय मानव विकास प्रतिवेदन, २०१४, चित्र २.५ र पृष्ठ १९

१९ राष्ट्रिय मानव विकास प्रतिवेदन, २०१४, चित्र २.५ र पृष्ठ १९

## नेपाल : आर्थिक विकास क्षेत्रमा मानव विकास सूचकाङ्क




Note: The Map shows human development index across 15 eco-development regions.
The HDI values are taken from Nepal Development Report 2014.

**द्रष्टव्य : नक्साले १५ वटा आर्थिक विकास क्षेत्रका मानव विकास सूचकाक्तलाई प्रस्तुत गर्दछ । सूचकाक्त नेपाल विकास प्रतिवेदन सन् २०१४ बाट लिइएको हो ।**

गरेको छ[२०]; र वैदेशिक विकास सहायताले समग्रमा देशको बजेटको २६ प्रतिशत अंश ओगट्ने गरेको छ ।[२१] नेपालले आफ्नो चौधौं योजना (२०७३/७४-२०७५/७६) मा ७.२ प्रतिशतको आर्थिक वृद्धि दरको लक्ष्य लिएको छ । यस योजना अनुसार देशले पाँच वटा विकास रणनीतिहरू पहिचान गरेको छ, र ती सबै खास एसडीजीसँग प्रत्यक्ष सम्बिन्धत छन् । ती रणनीति र उनीहरूसँग मेल खाने *एसडीजी* देहाय अनुसार छन् :

१. पर्यटन, साना तथा मझौलाउद्यम मार्फत बढी वृद्धि र रोजगारी दिगो विकाश लक्ष्य (*एसडीजी* ८) र कृषिको रुपान्तरण (*एसडीजी* १-२) ।

२. पूर्वाधार विकास : उर्जा (*एसडीजी* ७), सडक, हवाई यातायात र सूचना/सञ्चार, ग्रामीण-सहरी र त्रिपक्षीय सम्बन्ध-सम्पर्कहरू (एसडीजी ९) ।

३. सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार (*एसडीजी* १-६) ।

४. प्रभावकारी र जवाफदेही सार्वजनिक वित्त र स्वच्छ, पारदर्शी र जनमैत्री

---

[२०] नेपाल सरकार, अर्थमन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता महाशाखा, समन्वय विभाग, नेपालमा वैदेशिक सहायता, अप्रिल २०१३ : http://mof.gov.np/ieccdnewsbook/20130513124012.pdf

[२१] Op.cit., ibid.

सार्वजनिक सेवामार्फत असल शासन र मानवअधिकारको प्रवर्द्धन् (एसडीजी १६) ।
५. लैङ्गिक समानता (एसडीजी ५), सामाजिक समावेशीकरण (एसडीजी १-६, ७,८,९,१०, १६), वातावरणीय संरक्षण (एसडीजी ११-१५) र विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग ।[२२]

नीति तथा कार्यक्रम विकासलाई सूचित गराउन तथ्याङ्कको सामयिक संकलन र विश्लेषण पनि सरकारको प्राथमिकतामा रहेको छ ।[२३]

माथि उल्लिखित राष्ट्रिय रणनीतिहरू र त्यसका सम्बन्धित  दिगो विकाशका लक्ष्यहरूले प्रतिफल क्षेत्रको पहिचानको आधार प्रदान गरेका छन्, जसमार्फत संरासङ्घ कन्ट्री टिमले २०१८-२०२२ उन्डाफमार्फत नेपालका विकास प्राथमिकताहरूलाई सहयोग पुर्‍याउनेछ ।

## १.२ उन्डाफ निर्माणप्रक्रिया

२०१८-२०२२ उन्डाफ तर्जुमा प्रक्रियाको थालनी सेप्टेम्बर-अक्टोबर २०१६ मा साझा देशीय विश्लेषण (*कमन कन्ट्री एनलाइसिस*) र तत्कालीन उन्डाफको अन्तिम मुल्याङ्कन[२४] का साथै नोभेम्बर २०१६ मा संरासङ्घको तुलनात्मक लाभहरूको सर्वेक्षणबाट भएको थियो ।

साझा देशीय विश्लेषणको उद्देश्य संरासङ्घीय कन्ट्रीटीम केन्द्रित भई नेपालमा आफ्ना कार्यक्रमहरूलाई प्राथमिकता प्रदान गर्नसक्ने संस्थागत नीति तथा रणनीतिहरूका साथै परिस्थितिजन्य मुद्दाहरूको पहिचान गर्नु, र त्यसबाट उन्डाफ तर्जुमाका लागि सुहाउँदो वातावरण उपलब्ध गराउनु रहेको थियो । यो विश्लेषण अनुसार आफ्ना विकास लक्ष्यहरू हासिल गर्न नेपाललाई अवसरहरू उपलब्ध गराउने विभिन्न क्षेत्रहरूमा आर्थिक वृद्धि, सामाजिक विकास, समावेशीकरण र संस्थागत क्षमता तथा विधिको शासन लगायत रहेका छन् । यी अवसरहरूलाई साकार पार्ने कुरा केही खास आंकलनहरूमा आधारित छन् ; जसमा राजनीतिक स्थायित्व र प्रतिबद्धता कायम रहने; असमानता न्यूनीकरण जारी रहने र विपद् जोखिम कम गरिनेलगायत रहेका छन् । तुलनात्मक लाभ सर्वेक्षणमा अधिकांश उत्तरदाताहरूले नेपालमा संरासङ्घको सबैभन्दा महत्वपूर्ण सेवाहरूमा वकालत / पैरवी, तटस्थता, निष्पक्षता, प्राविधिक विशेषज्ञता र विविधताको सम्मान भनी पहिचान गरे । यसले के पनि पुष्टि गर्‍यो भने नेपाल सरकारलाई सेवा र सहयोग प्रदान गर्ने क्षमता संरासङ्घीय कन्ट्री टिमले राख्दछ, र त्यो खास विकास आवश्यकताहरूको सम्बोधनमा अन्तर्राष्ट्रिय मुल्यमान्यता र विश्वव्यापी रुपमा मान्यताप्राप्त मानवअधिकारको मापदण्डहरूले सुसूचित छ । उन्डाफ मार्फत संरासङ्घ आफ्ना विविध गुण/शक्तिलाई नेपालका जनताको विकासमा र दिगो विकास लक्ष्य हासिल गर्नका लागि उपयोग गर्न चाहन्छ ।

**साझा देशीय विश्लेषण अनुसार आफ्ना विकास लक्ष्यहरू हासिल गर्न नेपाललाई अवसरहरू उपलब्ध गराउने विभिन्न क्षेत्रहरूमा आर्थिक वृद्धि, सामाजिक विकास, समावेशीकरण र संस्थागत क्षमता तथा विधिको शासनलगायत रहेका छन् ।**

---

[२२] कमन कन्ट्री एनलाइसिस (सिसिए), पृष्ठ २२-२३

[२३] तथ्याङ्क र आंकडा विकास : तीनबर्षीय योजनाले तथ्याङ्क र आकंडा संकलनका लागि राष्ट्रिय रणनीति स्थापित गर्ने, केन्द्रीय तथ्याङ्क विभागलाई पुनःसंरचना गरी त्यसको क्षमतामा सुधार ल्याउने, आंकडा र तथ्याङ्क संकलनको क्षेत्रमा मानवस्रोत विकास गर्ने र तथ्याङ्क तथा आंकडालाई नीति तर्जुमाको महत्वपूर्ण पक्ष बनाउने उद्देश्य लिएको छ । सिसिए पृष्ठ ७१

[२४] http://www.un.org.np/reports/nepal-undaf-2013-2017-evaluation-summary

**उन्डाफ मार्फत संरासङ्घ आफ्ना विविध सहयोग नेपालका जनताको विकास मा र दिगो विकास लक्ष्य हासिल गर्नका लागि उपयोग गर्न चाहन्छ ।**

२०१३-२०१७ को उन्डाफ मुल्याङ्कनका गर्दा अनपेक्षित संकट, विशेषगरी ठूलो विपद्/मानवीय संकट आइपरेको अवस्थामा त्यसलाई सम्बोधन गर्न कार्यक्रमहरूलाई समायोजन गर्न यसको प्रतिफलमा आधारित ढाँचा र यसको जोखिम व्यवस्थापन रणनीति कुनै पनि पर्याप्त मात्रा लचिलो थिएनन् ।

तर २०१८-२०२२ को उन्डाफमा साझा देशीय विश्लेषण, उन्डाफ मुल्याङ्कन र तुलनात्मक लाभ सर्वेक्षणका निष्कर्ष तथा सिफारिसहरूको विचार गर्न सकिने वृहत विषयवस्तु र प्राथमिकताको क्षेत्र पहिचान गर्नका लागि तीन वटा आधार प्रदान गरेको छ । प्राथमिकताका क्षेत्रहरूलाई केन्द्रीय र क्षेत्रीय स्तर मा परामर्शहरू मार्फत थप परिष्कृत गरियो । यी सत्रहरूमा नेपालमा रहेको सबै आवासी राष्ट्रसङ्घीय निकायका साथै सरकारी साझेदार, नागरिक समाज, द्विपक्षीय दातृ निकाय र अन्य विकास साझेदारहरूको प्रतिनिधित्व रहेको थियो ।



## १.३ उन्डाफ प्राथमकिता क्षेत्रहरू

यी छलफलहरूमार्फत सहकार्यका चार प्राथमिकता क्षेत्रहरूको पहिचान गरिएको थियो :

- दिगो र समावेशी आर्थिक वृद्धि
- सामाजिक विकास
- उत्थानशिलता, विपद् जोखिम न्यूनीकरण, र जलवायु परिवर्तन अनुकूलन
- शासन व्यवस्था, विधिको शासन र मानवअधिकार

उन्डाफका लागि यी प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्ने कार्य चौधौं योजनामा उल्लेखित राष्ट्रिय विकासका प्राथमिकताहरू, संविधान, सरकारको क्षेत्रगत रणनीति, नीति र योजनाबाट सुसूचित हुनाको साथै एसडीजीको उद्देश्य र लक्ष्यहरू, संरासङ्घको समग्र मानक एजेण्डा र नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र मुल्यमान्यता बाट दिशानिर्देशित थियो। चार वटा प्रतिफल क्षेत्रहरू अन्तर सम्बन्धित रहने अपेक्षा गरिएको छ भने खास प्रतिफलहरूअन्तर्गतका प्रयासहरुले अन्य क्षेत्रका प्रयासहरूलाई सहयोग पुर्‍याउँछन्। उदाहरणका लागि, आर्थिक वृद्धिसम्बन्धी प्रतिफल अन्तर्गत विप्रेषणको विकासोन्मूख प्रयोगसँग सम्बन्धित कार्य सामाजिक विकास अन्तर्गतको आप्रवासन सम्बन्धी क्रियाकलापहरू सँग जोडिएको छ।

**चार वटा प्रतिफल क्षेत्रहरू अन्तर–सम्बन्धित रहने अपेक्षा गरिएको छ।**

चार वटा उन्डाफ प्रतिफल क्षेत्रहरूको राष्ट्रिय विकास प्राथमिकताहरूसँगको समानतालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| उन्डाफ प्रतिफल क्षेत्र | राष्ट्रिय विकास प्राथमिकता |
|---|---|
| दिगो र समावेशी आर्थिक वृद्धि | चौधौं योजना, रणनीति १ : लघु, साना तथा मझौलाउद्यम विस्तारमार्फत उत्पादनमा वृद्धि गर्ने, कृषि र पर्यटन क्षेत्रको रुपान्तरण ; रणनीति २ : उर्जा, सडक र हवाई यातायात र सञ्चार क्षेत्रमा पूर्वाधार विकास; र रणनीति ५ : लैङ्गिक समता र समावेशीकरण र सुधारिएको प्रविधिको अवलम्बन। कृषि विकास रणनीति। |
| सामाजिक विकास | चौधौं योजना, रणनीति ३ : सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार। |
| उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण, र जलवायु परिवर्तन अनुकूलन | चौधौं योजना, विपद् व्यवस्थापन, वातावरण र जलवायु परिवर्तनको अन्तर्दृष्टि, लक्ष्य र उद्देश्यहरू |
| शासन व्यवस्था, विधिको शासन र मानवअधिकार | चौधौं योजना, रणनीति ४ : प्रभावकारी र जवाफदेही सार्वजनिक वित्त र स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवामार्फत असल शासन र मानवअधिकारको प्रवर्द्धन्। |

परिशिष्ट १ मा रहेको उन्डाफ प्रतिफल तालिका *(मेट्रिक्स)*ले राष्ट्रिय प्राथमिकताहरूको प्राप्तिमा संरासङ्घीय कन्ट्री टिमको योगदान प्रस्तुत गर्दछ। तालिका र त्यसको कथनले हरेक प्रतिफल सारंशका लागि परिवर्तनको सिद्धान्तमा राष्ट्रसङ्घीय प्रणालीको योगदानको विवरण प्रस्तुत गर्छन्।

## १.४ संरासङ्घको प्रमुख कार्यक्रमागत सिद्धान्त र रणनीतिहरू

उन्डाफले अन्तर्राष्ट्रिय कार्यक्रमजन्य सिद्धान्तहरू अवलम्बन गर्दछ, जसमा कोही पनि पछि नपरुन् ; मानवअधिकार ; लैङ्गिक समानता र महिला सशक्तीकरण; दिगोपना र उत्थानशिलता; र जवाफदेहिता रहेका छन् । कोही पनि पछि नपरुन् भन्ने जवाफदेहिताको सिद्धान्त हरेक प्रतिफलमा प्रस्तुत गरिएको अधिकारबाहक र पदाधिकारीबीचको सम्बन्ध-सम्पर्कमा स्थापित छ । देशमा बहिष्करण र जोखिममा परेकाताको मूल कारणका रुपमा हेरिएको असमानता र सामाजिक तथा साँस्कृतिक भेदभावलाई सम्बोधन गर्ने एउटा सिद्धान्तका रुपमा उन्डाफले सामाजिक समावेशीकरणलाई अंगीकार गर्ने छ ।

यी कार्यक्रमजन्य सिद्धान्तहरूलाई अनुगमन तथा मुल्याङ्कनसहित कार्यक्रम ढाँचा निर्माण र व्यवस्थापनका सबै चरणहरूमा अवलम्बन गरिनेछ । तथ्याङ्क सिर्जना गर्ने कार्य र बदलिंदो परिस्थिति अनुसार समायोजन गर्दैजाने रणनीति हुनेछ । नेपालको हालको संक्रमणकाललाई ध्यानमा राख्दै संरासङ्घीय कन्ट्री टीमले उन्डाफभरी नयाँ कार्यक्रम विकासका लागि "कुनै हानि नगरौं" *(डु नो हार्म)* र परिस्थिति विश्लेषण अवधारणाहरूलाई अवलम्बन गर्नेछ । नेपालस्थित संरासङ्घले सेवा तथा कार्यक्रमहरू राष्ट्रिय तथा नीतिगत तहमा मात्र सीमित नभएको सुनिश्चित गर्न आफ्नो स्थलगत उपस्थितिलाई विस्तार गर्दै नेपालभरी कार्यरत विभिन्न संरासङ्घीय निकायहरुबाट संग्रहित अनुभव र प्रासंगिक सूचनालाई नीति तथा कार्यक्रम कार्यान्वयन दुवैस्तरलाई सूचित गराउन प्रयोग गर्नेछ ।

**देशमा बहिष्करण र जोखिममा परेकाताको मूल कारणका रुपमा हेरिएको असमानता र सामाजिक तथा साँस्कृतिक भेदभावलाई सम्बोधन गर्ने एउटा सिद्धान्तका रुपमा उन्डाफले सामाजिक समावेशीकरणलाई अंगीकार गर्ने छ ।**

एजेण्डा २०३० र राष्ट्रिय विकासका प्राथमिकताहरूलाई साकार बनाउने जिम्मेवारी नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घको मात्र होइन । सहकार्यात्मक साझेदारीमा रहेका नागरिक समाज, गैसस र अन्तर्राष्ट्रिय गैससहित सबै सरोकारवालाहरूले एजेण्डा २०३० को कार्यान्वयन गर्नुपर्छ । निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाज नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घ दुवैका लागि महत्वपूर्ण साझेदार हुन् ।



## १.५ संरासङ्घीय कन्ट्रीटिम अन्तर्दृष्टि २०३०

राष्ट्रिय विकासका प्राथमिकताहरू, २०३० एजेण्डामा प्रस्तुत दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा अभिव्यक्त प्रतिबद्धताहरूलाई पूरा गर्ने र सन् २०३० सम्ममा मध्यम-आय देश बन्ने नेपालको लक्ष्य पूरा गर्ने कार्यमा नेपाल सरकारसँग सहकार्य गर्न सन् २०१८-२०२२ उन्डाफको समयसीमा भन्दा पर नेपालमा आफ्नो भूमिकालाई परिकल्पना गर्दै संरासङ्घीय कन्ट्री टिमले आफ्ना प्रतिबद्धता निश्चित गरेको छ ।

नेपाल आफ्ना सबै जनताका लागि एउटा शान्त र मध्यमआय मुलुक बन्ने परिकल्पना संरासङ्घीय कन्ट्रीटिमले गरेको छ र सरकार तथा विकास साझेदारहरूसँगको प्रवल साझेदारी मार्फत पृथ्वीको संरक्षण गर्ने काम पनि गर्नेछ । मध्यमआय मुलुक भएको सन्दर्भमा नेपालमा संरासङ्घीय कन्ट्री टिमको काममा सरकारसँग मूल नीतिगत कार्यमा बढी जोड हुने अनुमान गरिएको छ भने कोही पनि पछि नपरेको सुनिश्चित गर्न जोखिममा परेका समुदाय निरन्तर केन्द्रविन्दुमा रहनेछ । यो नेपालमा पाँच विषयक्षेत्रहरू समृद्धि, जनता, पृथ्वी, शान्ति र साझेदारी समावेश रहेको एजेण्डा २०३० को प्राप्ति प्रति संरासङ्घको प्रतिबद्धतालाई पुष्टि गर्नु हो । लैङ्गिक समानता र सामाजिक समावेशीकरण आधारभूत मानवअधिकार मात्र नभई शान्तिपूर्ण, समृद्ध र दिगो नेपालका लागि अत्यावश्यक आधार पनि हो भन्ने कुरामा संरासङ्घीय कन्ट्री टिम दृढ विश्वास गर्दछ । महिला र सुविधाबाट बञ्चित जनताका लागि शिक्षा, स्वास्थ्य हेरचाह, सम्मानित काममा समान पहुँच र राजनीतिक तथा आर्थिक निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गर्न सबै पाँच वटै विषयक्षेत्र अन्तर्गतका क्रियाकलापहरूमा लैङ्गिक समानता र सामाजिक समावेशिकरण एउटा महत्वपूर्ण अंश हुनेछ ।

**नेपाल आफ्ना सबै जनताका लागि एउटा शान्त र मध्यमआय मुलुक बन्ने परिकल्पना संरासङ्घीय कन्ट्रीटिमले गरेको छ र सरकार तथा विकास साझेदारहरूसँगको प्रवल साझेदारी मार्फत प्रकृतिको को संरक्षण गर्ने काम पनि गर्नेछ ।**







# उन्डाफ प्रतिफलहरू



## २.१ प्राथमिकता क्षेत्र

### १ : दिगो र समावेशी आर्थिक वृद्धि

**प्रतिफल सारांशः सन् २०२२ सम्ममा आर्थिक रुपमा जोखिममा परेका, वेरोजगार र अल्पवेरोजगार व्यक्तिहरूको दिगो जीविकोपार्जन, सुरक्षित र मर्यादित रोजगार र आम्दानीका अवसरहरूमा बढ्दो पहुँच हुँनेछ ।**

**औचित्य र अपेक्षित प्रतिफल**

नेपाल सरकारले आफ्नो विद्यमान चौधौं योजना (२०७३/७४-२०७५/७६) मा ७.२ प्रतिशत बार्षिक आर्थिक वृद्धिको लक्ष्य लिएको छ ; र यो लक्ष्यका लागि पर्यटन, कृषि, साना तथा मझौलाउद्यम र उर्जालाई प्राथमिकताको क्षेत्रका रुपमा पहिचान गरेको छ ।

नेपाल सरकारको समावेशी आर्थिक वृद्धिको परिकल्पनालाई साकार बनाउन संरासङ्घले आफ्ना कार्यक्रम मार्फत संस्थागत क्षमता विकास र व्यक्तिगत तालिमसहित गरिबी उन्मूलनका लागि नेपाल सरकारलाई नीतिगत विकास र प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसका अतिरिक्त, यो प्रतिफल क्षेत्रमा योगदान पुर्‍याइरहेका दशै वटा राष्ट्रसङ्घीय निकायहरूले आर्थिक वृद्धिसँग सम्बन्धित पूर्वाधार विकास, उत्पादक सम्पत्ति सिर्जना, क्षेत्रगत विकास, श्रम आप्रवासन, वित्तीय सेवाहरू, साना तथा मझौला उद्यम विकासका साथै तिनीहरूको अन्तराष्ट्रियकरण गर्ने क्षमता राखेको छ । यसका अतिरिक्त, हरेक निकाय कुनै खास वर्गको लाभग्राहीको आवश्यकताहरूमाथि केन्द्रित छ, जस्तैः महिला, बालबालिका, सीमान्तकृत र जोखिममा परेका समूह, आप्रवासी वा युवा ।

यस प्रतिफलअन्तर्गत यूएन कन्ट्रीटिमको प्रयासले २०१३-२०१७ उन्डाफ प्रतिफल २ : जोखिममा परेका समूहहरूको आर्थिक अवसर र पर्याप्त सामाजिक सुरक्षामा सुधारिएको पहुँचले हासिल गरेको प्रगतिलाई अगाडि बढाउनेछ । चौधौं योजनाको आर्थिक वृद्धिको क्षेत्रमा प्राथमिकता प्रदान गर्ने छनौटबाट निर्देशित भई संरासङ्घका क्रियाकलापहरू कृषि, पर्यटन, र साना तथा मझौला उद्यमका साथै सम्बन्धित साना स्तरको पूर्वाधारको निर्माण वा विस्तार, सुरक्षित श्रम आप्रवासका प्रयासहरू र विप्रेषणको उत्पादक प्रयोगमाथि केन्द्रित हुनेछन् । यस प्रतिफलअन्तर्गत उल्लेख गरिएका प्रयासहरूले समावेशी आर्थिक वृद्धिमा योगदन पुर्‍याउने भए तापनि गरिबी र वेरोजगारीको मात्र कारण होइन र सामाजिक विकास तथा शासनअन्तर्गतका प्रयासहरू जस्तै स्वास्थ्य, शिक्षा, लैङ्गिक सशक्तीकरण र राजनीतिक सशक्तीकरण सबैले गरिबी र जोखिममा परेकाताको बहुआयामिक कारक तत्वहरूलाई सम्बोधन गर्न योगदान पुर्‍याउँछन् ।

**नेपाल सरकारको समावेशी आर्थिक वृद्धिको परिकल्पनालाई साकार बनाउन संरासङ्घले संस्थागत क्षमता विकास र व्यक्तिगत तालिमसहित गरिबी उन्मूलनका लागि नीतिगत विकास र प्राविधिक सहयोग आफ्ना कार्यमार्फत उपलब्ध गराउनेछ ।**

कृषिजन्य उत्पादकत्व बढाउने कार्यक्रमहरूले लैङ्गिक समानतामा केन्द्रित भएर प्रविधि, तालिम, उत्पादक पूर्वाधार र वित्तीय सेवाहरूमा सुधारिएको पहुँच, सुरक्षित मोही अधिकारका साथै साना तथा मझौलाउद्यम विकासमाथि जोड दिनेछन् । व्यापारसम्बन्धी प्राविधिक सहयोग लघु, साना तथा मझौला उद्यमहरूलाई अझ बढी प्रतिस्पर्धी बनाई व्यापार र लगानीका लागि अन्तर्राष्ट्रिय बजारमा सम्बन्ध-सम्पर्क कायम गराउनेतर्फ केन्द्रित हुनेछ । आप्रवास सम्बन्धी क्रियाकलापहरूमा आप्रवासन नीतिहरूको विकास र कार्यान्वयनमा अन्तरसरकारी संलग्नतालाई सुदृढ तुल्याउने काम समावेश हुनेछन् । अन्य सम्बन्धित प्रयासहरू समावेशी वृद्धिसम्बन्धी नीतिहरूको मसौदा, जारी र कार्यान्वयन गर्ने संस्थागत क्षमता सुदृढीकरणका लागि प्राविधिक सहयोगमाथि केन्द्रित रहनेछन् । यी क्रियाकलापहरूले निकायहरूबीच संयुक्त अवधारणाका लागि अवसरहरू प्रदान गर्नेछन्, उदाहरणका लागि आप्रवासीहरूले स्वदेशमा नै छाडेर गएका बालबालिकाहरूका लागि कार्यक्रममा क्रमशः आप्रवासन र बाल संरक्षणमाथि विज्ञता केन्द्रित रहेको आइओएम र यूनिसेफबीचको सहकार्यलाई लिन सकिन्छ ।

सन् २०१८-२०२२ उन्डाफमा समावेशी आर्थिक वृद्धि प्रतिफल क्षेत्रअन्तर्गत यूएन कन्ट्रीटिमका प्रयासहरूबाट अपेक्षित प्रतिफलमा बेरोजगार र अल्पबेरोजगार नेपालीहरू, सीमान्तकृत र जोखिममा परेका भनी वर्गीकृतसमेतको दिगो जीविकोपार्जन र मर्यादित रोजगारी र आम्दानीका अवसहरूमा बढी पहुँच हुने रहेको छ र यसले अन्ततः गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउनेछ ।



# सम्बन्धित एसडीजी, राष्ट्रिय विकास प्राथमिकताहरू र अन्तर्राष्ट्रिय मापदण्डहरू

## सम्बन्धित एसडीजी :

**एसडीजी १:** सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

**एसडीजी २:** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने

**एसडीजी ५:** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

**एसडीजी ८:** भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

**एसडीजी १०:** मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

**एसडीजी १६:** दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने,

**एसडीजी १७:** दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

**राष्ट्रिय विकास प्राथमिकताहरू**

चौधौं योजना, रणनीति ५ : लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने

- रणनीति १ : कृषि क्षेत्रको रुपान्तरण, पर्यटन, औद्योगिक एवं साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने
- रणनीति २ : उर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार, र ग्रामीण-सहरी तथा त्रिदेशीय आवद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने

**राष्ट्रिय विकास प्राथमिकताहरू**

- चौधौं विकास योजना
- राष्ट्रिय रोजगार नीति २०१४
- वैदेशिक रोजगार नीति २०१२
- राष्ट्रिय युवा नीति २०१०
- विपद्पछिको पुनर्निर्माण प्रारुप, २०१६-२०२०
- भूउपयोग नीति २०१६
- कृषि विकास रणनीति, २०१५
- शुन्य भोकमरी चुनौती, राष्ट्रिय कार्ययोजना (२०१६-२०२५)
- इस्तानबुल घोषणापत्र र कार्ययोजना-२०११ (राष्ट्रिय प्रतिबद्धता)
- व्यापार नीति २०१५, नेपाल व्यापार एकीकरण रणनीति २०१६ र राष्ट्रिय निर्यात क्षेत्र रणनीति (चिया, अलैंची, हातेकागज र कागजका उत्पादनहरू)

**नेपाल पक्षराष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धि र प्रारुपहरू**

- बाल श्रमसम्बन्धी आइएलओ महासन्धि १३८ र १८२ (अनुमोदन नगरिएको)
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

आइएलओ महासन्धि नं १२२,

- रोजगार नीति महासन्धि, १९६४ (अनुमोदन नगरिएको)
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सिडअ), १९७९, बेइजिङ्ग कार्ययोजना, १९९५
- आइएलओ निजी रोजगार संस्थाहरूसम्बन्धी महासन्धि, १९९७ (नं१८१) आप्रवासी श्रमिकहरू (परिपूरक प्रावधानहरू)सम्बन्धी महासन्धि, १९७५ (नं१४३) (अनुमोदन नगरिएको)
- रोजगारीका लागि आप्रवासनसम्बन्धी महासन्धि (संशोधित) (नं९७) (अनुमोदन नगरिएको)



## दिगो र समावेशी आर्थिक वृद्धि प्रतिफल क्षेत्रमा संरासङ्घको सहयोग र योगदान देहाय क्षेत्रहरूमा रहनेछन् :

- दिगो जीविकोपार्जनमा योगदान दिने श्रम केन्द्रित पूर्वाधार परियोजनाहरूको कार्यान्वयनका लागि प्राविधिक सहयोग
- सुधारिएको प्रविधि र क्षमता अभिवृद्धिमार्फत बजार सूचनामा पहुँच बढाउन प्राविधिक सहायता
- भूमिहीनका लागि भूमिमा पहुँच, भूस्वामित्व सुरक्षा र दिगो भूमि व्यवस्थापनको प्रवर्द्धन् र प्राविधिक सहयोग
- समावेशी वृद्धिसम्बन्धी नीतिहरूको मसौदा, जारी र कार्यान्वयनका लागि संस्थागत क्षमता अभिवृद्धि
- घरेलु काम, निर्माण, घरमा आधारित श्रमिक र साना तथा मझौला उद्यमसहित अनौपचारिक क्षेत्रलाई औपचारिकता प्रदान गर्ने कार्यका लागि प्राविधिक सहयोग
- अवैतनिक हेरचाह तथा घरेलु कामको मान्यता र सम्मानका लागि सहयोग
- युवा, महिला र अन्य जोखिममा परेका व्यक्तिहरूको आर्थिक सशक्तीकरणका लागि प्राविधिक सहयोग, जसमा रोजगारी, मर्यादित काम र उद्यमशिलताका लागि प्राविधिक गैरपरम्परागत तथा व्यावसायिक सीपसहित सुहाउँदो सीप भएका व्यक्तिहरूको



संख्यामा वृद्धि पनि समावेश हुनेछ ।

- समान कामका लागि समान ज्यालाको पैरवी
- नैतिक भर्ना अभ्यासको अवलम्बन र सुरक्षित आप्रवासनको प्रर्वद्धन् र त्यसका लागि प्राविधिक सहयोग
- भूकम्पप्रभावित क्षेत्रहरूमा जीविकोपार्जनको पुनर्निर्माणका लागि प्राविधिक सहयोग
- उद्यमशिलता र लघु, साना, मझौला उद्यमहरूको विकास र प्रर्वद्धनका लागि क्षमता अभिवृद्धि र तालिम, वित्तीय सेवाहरूमा पहुँच समेत
- बाली, पशुपालन, माछापालन र वनसहितका कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि र आय आर्जनका लागि नीतिगत र प्रविधिजन्य सहयोग
- कृषि तथा पर्यटन क्षेत्रहरूमा उत्पादकत्वमा सुधार ल्याउन संस्थागत क्षमता विकास र व्यक्तिगत तालिमहरू
- समावेशी आर्थिक वृद्धिका लागि सुधारिएको बृहत-नीतिगत वातावरणको विकासका लागि प्राविधिक तथा कानुनी सहायता
- सामाजिक संरक्षणका कार्यक्रमहरूको प्रवर्द्धन् र सहयोग, जसले बरोजगार, अल्प-बेरोजगार र अन्य आर्थिक रुपमा जोखिममा परेका व्यक्तिहरूलाई व्यावसायिक तालिमहरूमा सहभागी हुन सक्षम बनाउँछ ।

**सामाजिक क्षेत्रमा नेपालको उल्लेखनीय प्रगति देशको मानव सम्पत्ति सूचक दरमा पनि प्रतिबिम्वित छ, जुन अल्पविकसित राष्ट्रको हैसियतबाट माथिल्लो स्तरमा चढ्न आवश्यक स्तर भन्दा माथि छ ।**

## २.२ : सामाजिक विकास

**प्रतिफल सारांश : सन् २०२२ सम्ममा सबैका लागि, विशेषगरी जोखिममा परेका व्यक्तिहरूका लागि गणस्तरीय आधारभूत सामाजिक सेवाहरूमा सुधार, समतामूलक पहुँच, उपलब्धता र उपयोग हुनेछ ।**

### औचित्व र अपेक्षित प्रतिफल

विभिन्न अन्तर्राष्ट्रिय सूचकहरूका अनुसार नेपालीहरूको समग्र जीवनको गुणस्तरमा विगतको पचास बर्षमा उल्लेखनीय सुधार आएको छ । देशको मानव विकास सूचकाङ्क दर सन् १९७० मा ०.२१० बाट बढेर सन् २०१६ मा ०.५५८ पुगेको छ र विकासका प्रतिफलहरू, विशेषगरी स्वास्थ्य र शिक्षाको क्षेत्रमा उल्लेखनीय रहेका छन् । उदाहरणका लागि विगतको ५० बर्षमा जन्ममा सरदर आयु ३० बर्ष भन्दा कम रहेकोमा दोब्बर बढेर ७० बर्ष पुगेको छ । नेपालले सहस्राब्दी विकास लक्ष्यहरू (एमडीजी)को (एमडीजी ४, बाल मृत्युदर घटाउने) एउटा लक्ष्य पनि पूरा गरेको छ भने अन्य पूरा गर्नेतर्फ पनि उल्लेखनीय प्रगति हासिल गरेको छ, जसमा प्राथमिक विद्यालय भर्नादरमा लैङ्गिक समानता हासिल गर्नेसमेत रहेको छ ।[२५]

सामाजिक क्षेत्रमा नेपालको उल्लेखनीय प्रगति देशको मानव सम्पत्ति सूचक दरमा पनि प्रतिबिम्बित छ, जुन अल्पविकसित राष्ट्रको हैसियतबाट माथिल्लो स्तरमा चढ्न आवश्यक स्तर भन्दा माथि छ ।[२६] तथापि, सामाजिक विकासका चुनौती र असमानताहरू विद्यमान नै छन्, जसमा बाल विवाह[२७], मातृमृत्युदर र लैङ्गिग हिंसालगायत रहेका छन् । सिडअ कमिटीले[२८] नेपाली समाजका संस्था र संरचनाहरूमा पितृसत्तात्मक सोच र रुढीवादहरू व्याप्त रहेको उल्लेख गरेको छ । बाल विवाह, दाइजो प्रथा, छोरामाथि प्राथमिकता, बहुविवाह, विधवालाई बोक्सीको आरोप, छाउपडी, झुमा, देउकी आदि जस्ता चलनहरू दिगो सामाजिक विकासमा प्रमुख तथा उल्लेखनीय व्यवधानहरू हुन् ।

नयाँ संविधानले सामाजिक सुरक्षालाई नेपाली नागरिकहरूको आधारभूत अधिकारका रुपमा स्थापित गर्दै सामाजिक सुरक्षा प्रणालीका लागि एउटा बृहत प्रारुप (आधार) प्रदान गर्दछ । यद्यपि, सामाजिक सुरक्षा प्रणालीले समेटेको क्षेत्र सीमित छ । यी सवालहरूलाई सम्बोधन गर्ने कार्यमा नेपाल सरकारलाई नीतिगत परामर्शको प्रावधान र आधारभूत सामाजिक सेवाहरूका लागि प्राविधिक सहयोग गर्ने विशेषज्ञता समावेश छ । यो सन्दर्भमा, सामाजिक सेवा भन्नाले स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ र स्वच्छता, र सामाजिक सुरक्षा बुझाउँछ । साथै, यो प्रतिफलमा सहभागी हुने १३ वटा राष्ट्रसङ्घीय निकायहरूले विशेष्यग्यता हासिल गरेको प्रावधानसम्बन्धमा

---

[२५] राष्ट्रिय योजना आयोग, नेपाल र सहस्राब्दी विकास लक्ष्यहरू : अन्तिम अवस्था प्रतिवेदन २०००-२००५ ।

[२७] एलडीसी ह्याण्बुक, पृष्ठ ७० ;सूचकहरूको परिभाषाका लागि सूचकका साथै नेपालका लागि निश्चित सूचकहरू, र अन्य विवरण कमिटी फर डेभलप्मेन्ट पोलिसी र राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागको, Handbook on the Least Developed Country Category: Inclusion, Graduation and Special Support Measures (दोस्रो प्रकाशन)मा उल्लेख गरिएको छ, न्यूयोर्क, अक्टोबर २०१५ पृष्ठ ५१-५२ र पृष्ठ ५६ : https://www.un.org/development/desa/dpad/least-developed-country-category/ldc-criteria.html

[२७] नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण, २०१४

[२८] महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिडअ) समिति (२०११), महिला विरुद्ध भेदभाव उन्मूलनसम्बन्धी समितिको समापन भनाइहरू, अनुच्छेद १७, पृष्ठ ४

खास गुण/सबल पक्ष र/वा यो उन्डाफअन्तर्गत जोखिममा परेकाको पनि पहिचान सहित काम गर्ने कार्यादेश प्राप्त छ। उदाहरणका लागि, यूनिसेफसँग खानेपानी, सरसफाइ र स्वच्छता (वास)को स्थापित विशेषज्ञता छ र यसलाई बालबालिकासँग काम गर्न कार्यादेश प्राप्त छ। यूएनएफपीए र यूएन वुमनसँग लैङ्गिक हिंसा निवारण र प्रतिकार्यसम्बन्धी विशेषज्ञता छ। सामाजिक सुरक्षा आइएलओको कार्यादेशको मुख्य पक्ष रहँदै आएको छ र त्यसकारण सो क्षेत्र आइएलओका लागि मापदण्ड स्थापित गराउने एउटा प्रमुख क्षेत्र हो। आइएलओ महासन्धि र सिफारिसहरू आइएलओले संरक्षणको खाँचो रहेका सबैलाई सामाजिक सुरक्षाभित्र समेट्नसक्ने मुख्य माध्यम/साधन हो। एफएओ र डब्लुएफपीले खाद्य असुरक्षालाई सम्बोधन गर्न अत्यावश्यक सहयोग उपलब्ध गराउँछन्।

यो प्रतिफल क्षेत्रअन्तर्गत संरासङ्घका त्रियाकलापहरू बाल्यकाल विकास र बाल सहभागिता[२९], आधारभूत शिक्षा,[३०] स्वच्छ खानेपानी र सरसफाइ,[३१] स्वास्थ्य हेरचाह[३२] को अधिकारका साथै प्रजनन् स्वास्थ्यको अधिकार[३३] र महिला, बालबालिका र अन्य जाखिममा परेका व्यक्तिहरू[३४] कालागि सामाजिक सुरक्षाले सुसूचित छन् र ती नेपालको संविधानका साथै नेपाल सरकारको चौधौं योजनाका प्राथमिकता र रणनीतिहरू, र आधारभूत सामाजिक सेवाको योजना र व्यवस्थाका लागि जिम्मेवार मन्त्रालयहरूको क्षेत्रगत योजना र रणनीतिहरूमा पनि स्थापित छन्। यो विषयक्षेत्रमा यूएन कन्ट्रीटीमका प्रयासहरू २०१३-२०१७ उन्डाफ प्रतिफल १ : जोखिममा परेका र सुविधाबाट बञ्चित समूहले आधारभूत अत्यावश्यक सामाजिक सेवा र कार्यक्रमहरूमा समतामूलक तरिकाले सुधारिएको पहुँच प्राप्त गर्नेछन् अन्तर्गत सञ्चालित क्रियाकलापहरूमा आधारित हुँदै स्वास्थ्य, शिक्षा, पोषण र वासमा सेवा आपूर्तिका लागि खण्डवृत्त अवधारणा (सेक्टरवाइड एप्रोच, स्वाप)लाई उपलब्ध गराइँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ। यो खण्डवृत्त अवधारणामा राष्ट्रसङ्घीय निकायहरूको सहभागिता उनीहरूको आ-आफ्नो कार्यादेश र विशेषज्ञताको क्षेत्रमा आधारित छ र त्यसले एउटा संयुक्त कार्यक्रमको प्रशासनिक सीमितता विना सहकार्यात्मक अवधारणाहरूलाई स्थान दिन्छ। यस्तो अवधारणाले राष्ट्रसङ्घीय निकायहरू भन्दा बाहिर पनि साझेदाहरूबीच अझ राम्रो प्रभाव, सामन्जस्यता र साझेदारी सम्भव बनाउँछ।

**नेपाल स्वास्थ्य क्षेत्र रणनीतिले स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्यलाई हासिल गर्ने कार्यमा योगदान पुर्‍याउँछ।**

यो प्रतिफल अन्तर्गत सबैभन्दा ठूलो र परिपक्व अवधारणा भनेको नेपाल स्वास्थ्य क्षेत्र रणनीति (एनएचएसएस २०१६-२०२१) हो, जसको संयोजना स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत भइरहेको छ। नेपाल स्वास्थ्य क्षेत्र रणनीतिलाई विकास साझेदार समूहहरूको सञ्जालले सहयोग गरिरहेको छ, जसमा विश्व बैंक, डिएफआइडी, यूएसएआइडी, केएफडब्लु, गाभी, जीआइजेड, जाइका, कोरियाली सरकार, आइएइए, यूनिसेफ, यूएनएफपीए, डब्लुएफपी

[२९] नेपालको संविधान, २०७२, धारा ३९ (३)

[३०] नेपालको संविधान, २०७२, धारा ३१ (१)

[३१] नेपालको संविधानले नागरिकको स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकका साथै सुरक्षित पानी र सरसफाईमा अधिकार स्थापित गरेको छ। खानेपानी तथा सरसफाइ मन्त्रालय, क्षेत्र कुशलता सुधार इकाइ (एसइआइयू), नेपाल खानेपानी आपूर्ति, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना २०१६-२०३०, काठमाडौं, २०७२, पृष्ठ २

[३२] नेपालको संविधान, २०७२, धारा ३५

[३३] नेपालको संविधान, २०७२, धारा ३८(२) : "...हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ।

[३४] नेपालको संविधान, २०७२, धारा ४३ : "...सामाजिक सुरक्षाको हक : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।"

र डब्लुएचओ रहेका छन् । यो खण्डवृत्त अवधारणा क्षयरोग, एचआईभी, औलो र पुड्कोपनासहितका विद्यमान स्वास्थ्य चुनौतीहरूमाथि केन्द्रत छ र संविधानमा स्थापित भए अनुसार सबै नेपाली जनतालाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रणलाई साकार तुल्याउने मार्गचित्र प्रस्तुत गर्दछ । नेपाल स्वास्थ्य क्षेत्र रणनीतिले देशको स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्य, विशेषगरी एसडीजी २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने, र दिगो कृषिको प्रवर्द्धन गर्ने, र एसडीजी ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रंवर्द्धन् गर्ने लाई हासिल गर्ने कार्यमा योगदान पुर्‍याउँछ ।

यूनिसेफ, युनेस्को, यूएनएफपीए र डब्लुएफपीले सहयोग गर्दै आएको स्वास्थ्य मन्त्रालयको विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२३) शिक्षा क्षेत्रमा लैङ्गिकता, समता, निरन्तरता र क्षमता विकासका मुद्दाहरूमाथि केन्द्रित छ र त्यसले मूलतः एसडीजी ४ :सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन् गर्नेको प्राप्तीमा योगदान पुर्‍याउनुका साथै एसडीजी १: गरिबीको अन्त्य गर्ने, एसडीजी ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने र एसडीजी १० : असमानता न्यून गर्ने तर्फको प्रगतिलाई पनि सहयोग पुर्‍याउँछ । यो अभिभावक, शिक्षक र विद्यार्थीहरूबीच पूर्वतयारी र विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना सुनिश्चित गर्ने उद्देश्य बोकेको प्रतिफल ३ अन्तर्गतका क्रियाकलापहरूसँग पनि जोडिएको छ ।

यो प्रतिफल क्षेत्रअन्तर्गत रहेको अन्य खण्डवृत्त अवधारणाहरूमा यूनिसेफ, डब्लुएफपी, डब्लुएचओ र अन्य विकास साझेदार समूहहरू सहभागी रहेको बहुक्षेत्रगत पोषण योजना दोस्रो (सन् २०१८-२०२२) रहेको छ, र त्यसले एसडीजी २ : भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने, र दिगो कृषिको प्रवर्द्धन गर्ने को प्राप्तिमा योगदान पुर्‍याउँछ ।

यसका अतिरिक्त, खानेपानी तथा सरसफाइ मन्त्रालयले नेतृत्व गरेको र यूनिसेफ, यून-ह्याबिट्याट र डब्लुएचओ सहभागी भएको राष्ट्रिय वास कार्यक्रमले पनि सुरक्षित रुपमा व्यवस्थापन गरिएको पानी र सरसफाइ सेवाहरूका लागि एसडीजी ६ को प्राप्तिमा र सरकार तथा विकास साझेदार समूहहरूको सहकार्यमा वास सेक्टर विकास योजना योगदान पुर्‍याउँछ ।

यो प्रतिफल क्षेत्रमा राष्ट्रङसङ्घीय निकायहरूले अगाडि बढाएका अन्य प्रकारका संयुक्त अवधारणामा बालबिवाह अन्त्य गर्ने यूनिसेफ-यूएनएफपीएको कार्यक्रम रहेको छ र यो नेपालसहित विभिन्न देशहरूमा कार्यान्वयन गरिएको विश्वव्यापी र बहुसरोकारवाला कार्यक्रम हो । महिला/बालिकाहरू विरुद्ध हिंसासम्बन्धी नेपालको कानुनी संरचनाको सुदृढीकरणले प्राथमिकता प्राप्त गरिरहेको छ र त्यसमा लैङ्गिक तथ्याङ्क, अत्यावश्यक सेवा र सामाजिक मुल्यमान्यतामा परिवर्तनलाई ध्यान दिइएको छ ।

सरकारसँगको नजिकको सहकार्यमा यूएन वुमन, यूएनएफपीए, डब्लुएचओ, यूएनडीपी र यूएओडिसीले पनि हिंसाबाट प्रभावित महिला र केटीहरूका लागि अत्यावश्यक सेवा प्याकेजको थालनी गरिरहेका छन् । जनसाङ्ख्यिक लाभको आधारमा संयुक्त राष्ट्रसङ्घले जनसङ्ख्याको समष्टि-प्रवृत्ति विश्लेषणमार्फत थप योगदान पुर्‍याउने र सरकारलाई नेपालका मानवस्रोतमा द्रुत लगानी सम्भव बनाउन सहयोग गर्नसक्छ । २०१८-२०२२ उन्डाफको सामाजिक विकास प्रतिफल क्षेत्र अन्तर्गत यूएन कन्ट्रीटिमको प्रयासहरूबाट अपेक्षा गरिएको प्रतिफलहरूमा सबै नेपाली, बिशेषगरी त्यसमा जोखिममा परेका भनी पहिचान गरि एकाहरूको गुणस्तरीय सामाजिक सेवामा उल्लेखनीय मात्रामा बढी पहुँच र प्रयोग हुने र समाजमा अन्ततः उनीहरूले अझ बढी समतामूलक हैसियत प्राप्त गर्ने रहेको छ ।

# मुख्य एसडीजी, राष्ट्रिय विकास प्राथमिकताहरू र अन्तर्राष्ट्रिय प्रारुप सम्पर्क–सम्बन्धहरू

**एसडीजी सम्पर्क-सम्बन्धहरू:**

**एसडीजी १:** सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

**एसडीजी २:** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने

**एसडीजी ३:** सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

**एसडीजी ४:** सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने

**एसडीजी ५:** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

**एसडीजी ६:** सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

**एसडीजी १०:** मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

**एसडीजी ११:** शहर तथा मानव बसो बासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

**एसडीजी १६:** दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

**एसडीजी १७:** दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

**राष्ट्रिय विकास प्राथमिकताहरू :**

- चौधौं योजना, रणनीति ३ : सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार
- चौधौं योजना, रणनीति ४ : प्रभावकारी र जवाफदेही सार्वजनिक वित्त र स्वच्छ, पारदर्शी र जनमैत्री
- सार्वजनिक सेवामार्फमा असल शासन र मानवअधिकारको प्रवर्द्धन्
- चौधौं योजना, रणनीति ५ : लैङ्गिक समानता, समावेशिता, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको
- अधिकतम उपयोग र संस्थागत क्षमता वृद्धि

**राष्ट्रिय रणनीतिक दस्तावेजहरू:**

- चौधौं योजना
- कृषि विकास मन्त्रालय, कृषि विकास रणनीति, सन् २०१५-२०३५
- कृषि विकास मन्त्रालय, शुन्य भोकमरी चुनौती, राष्ट्रिय कार्ययोजना (सन् २०१६-२०२५)
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति सन् २०१६-२०२१
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य नीति, २०१४
स्वास्थ्य मन्त्रालय, नवजात शिशु स्वास्थ्य रणनीति, २००६
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय वयश्क स्वास्थ्य तथा विकास रणनीति २०००
- स्वास्थ्य मन्त्रालय, नेपालको हरेक नवजात कार्ययोजना, २०१६
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एचआइभी तथा एड्स रणनीतिक योजना (२०१६-२०२७)
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय विद्युतीय स्वास्थ्य रणनीति, २०१७
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एचआइभी रणनीतिक योजना (२०१६-२०२१) : “नेपाल एचआइभी भिजन २०२०”
- स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एचआइभी परीक्षण र उपचार निर्देशिका, २०१७
- शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र विकास योजना २०१६-२०२३
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय जनसङ्ख्या नीति, २०१५
- राष्ट्रिय योजना आयोग, बहुक्षेत्रगत पोषण योजना, २०१३-२०१७
- राष्ट्रिय योजना आयोग, राष्ट्रिय बहुक्षेत्र पोषण र खाद्य सुरक्षा सञ्चार र पैरवी रणनीति २०१४
- मानव बेचबिखन, विशेषगरी महिला र बालबालिकाको बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०१२
- लैङ्गिकतामा आधारित हिंसा अन्त्य गर्ने र लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति २०१३-२०१७
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बाल विवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०७२
- राष्ट्रिय योजना आयोग, किशोरकिशोरीहरूको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना (२०७०/७१-२०७४/०७५)
- खानेपानी तथा सरसफाइ मन्त्रालय : खानेपानी, सरसफाइ र स्वच्छता विकास योजना २०१६-२०३० (मसौदा)
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २००९
- अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा योजना, २००६
- स्वास्थ्य मन्त्रालय, नसर्ने रोगहरूको निवारण र नियन्त्रणसम्बन्धी बहुक्षेत्रगत कार्ययोजना (२०१४-२०२०)

**नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धि र प्रारुपहरू :**

- लैङ्गिकतामा आधारित हिंसा, विधिको शासन र शासन व्यवस्थालगायत अन्य विषयहरूमा विश्वव्यापी
- आवधिक समीक्षा (यूपीआर)का सिफारिसहरू
- मानव अधिकार समितिका सिफारिसहरू
- बालअधिकार महासन्धि
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि (सीडअ), १९७९
- बेइजिङ् कार्ययोजना, १९९५
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (२००६) र त्यसको एच्छिक आलेख ।
- विश्व स्वास्थ्य सङ्गठनको विधान
- अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (२००५)
- पारोसम्बन्धी मिनामाटा महासन्धि
- खैनी नियन्त्रणसम्बन्धी डब्लुएचओ प्रारुप महासन्धि
- अन्तर्राष्ट्रिय खोप केन्द्रको स्थापनासम्बन्धी सम्झौता

## सामाजिक विकास प्रतिफल क्षेत्रमा संरासङ्घको सहयोग तथा योगदानका केन्द्रित क्षेत्रहरू

- स्वास्थ्य क्षेत्रगत अवधारणमा सहयोगको निरन्तरता
- विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२)मा सहयोगको निरन्तरता
- सुधारिएको वयश्क र युवा नेतृत्व र सहभागिताको विकासका लागि पैरवी र प्राविधिक सहयोग
- लैङ्गिकतामा आधारित हिंसाको निवारण र प्रतिकार्यका लागि पैरवी र संस्थागत क्षमता अभिवृद्धि
- सही, सामयिक र क्षेत्रगत जनसंख्या तथ्याङ्क सिर्जना गर्न राष्ट्रिय तथ्याङ्कीय प्रणालीको क्षमता सुदृढीकरण
- महिला र किशोरकिशोरीहरूका लागि एकीकृत यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपलब्धता वृद्धि गर्न प्राविधिक सहयोग र पैरवी
- लैङ्गिकतामा आधारित हिंसाका पीडित तथा प्रभावितहरूका लागि गुणस्तरीय हेरचाह र प्रतिकार्य उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकहरूमा विस्तृत ज्ञान रहेको सुनिश्चित गर्ने
- राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमअनुरुप लैङ्गिकतामा आधारित हिंसाप्रतिको बहुक्षेत्रगत प्रतिकार्यलाई सुदृढ र विस्तार गर्ने
- सामाजिक विकास कार्यक्रमहरूमा यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरू एकीकृत गर्ने
- शिक्षा र स्वास्थ्य सेवाहरूमा छुटजस्ता आधारभूत सामाजिक सेवाहरूमा पहुँच प्राप्त गर्न जन्म दर्तासहित कानुनी पहिचान सुनिश्चित गर्न (एसडीजी १६.९) प्राविधिक सहयोग
- बहुक्षेत्र पोषण योजना दोस्रो (२०१८-२०२२)लाई सहयोग
- बाल विवाहको उन्मूलनका लागि संस्थागत क्षमता विकासहित पैरवी, नीतिगत र प्राविधिक सहयोग
- खानेपानी, सर्सफाई र स्वच्छता क्षेत्र विकास योजना २०१६-२०३० (मसौदा)लाई सहयोग

**विपद् र जलवायु परिवर्तनप्रति देशको अन्तर्निहित संकटापन्नता र वातावरणको निरन्तर विनाशले निकै महेनत गरेर हासिल गरिएको आर्थिक प्रगति र भावि सम्भावनालाई जोखिममा पार्दछ।**



## २.३ : उत्थानशिलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन

**प्रतिफल सारंश : सन् २०२२ सम्ममा वातावरणीय व्यवस्थापन, दिगो पुनर्लाभ र पुनर्निर्माण र जलवायु परिवर्तन र विपद्प्रतिको उत्थानशिलता सबै तहमा सुदृढ भएको हुनेछ ।**

**औचित्व र अपेक्षित प्रतिफल**

नेपालको लक्ष्य सन् २०३० सम्ममा अल्पविकसित राष्ट्रबाट मध्यम-आय राष्ट्र बन्नु र ७.२ प्रतिशितको आर्थिक वृद्धि दर हासिल गर्नु रहेको छ र त्यसका लागि विपद् र जलवायु परिवर्तनबाट हुने क्षतिलाई न्यूनीकरण गर्न र आर्थिक वृद्धिको आफ्नो सम्भावनालाई साकार बनाउन सबैभन्दा बढी प्राथमिकताका रुपमा दिगो उत्थानशिलता निर्माण गर्ने प्रयासहरूको आवश्यकता पर्दछ । यद्यपि, विपद् र जलवायु परिवर्तनप्रति देशको अन्तर्निहित संकटापन्नता र वातावरणको निरन्तर विनाशले निकै महेनत गरेर हासिल गरिएको आर्थिक प्रगति र भावि सम्भावनालाई जोखिममा पार्दछ । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका लागि समावेशी र प्रभावकारी रणनीतिको अभावमा नेपालमा विपद् र जलवायु परिवर्तनले विविध क्षेत्र तथा सेवाहरूमा नकारात्मक प्रभाव पार्नसक्छ, जसमा कृषि र खाद्य सुरक्षा, वन र जैविक विविधता, जलस्रोत र उर्जा, सार्वजनिक स्वास्थ्य, मानव बस्ती र पूर्वाधारका साथै पर्यटन र प्राकृतिक तथा साँस्कृतिक सम्पदालगायत रहेका छन् ।[३५]

प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको प्रभावबाट सम्पूर्ण जनसङ्ख्या जोखिममा रहेका भए तापनि महिला र जोखिममा परेका व्यक्तिहरू जीवन र जिविका गुमाउन सक्ने बढी जोखिममा हुनेगर्छन् । निरन्तरको जोखिमले उनीहरूलाई थप सीमान्तकृत तुल्याउने र विस्थापन तथा आप्रवासनको संघारमा पुर्‍याउने काम गर्छ, जसले गर्दा अर्थतन्त्रका साथै स्थानान्तरण र पुनर्वासको वातावरणका लागि ठूलो मुल्य चुकाउनुपर्ने हुन्छ । त्यसैकारण जोखिम न्यूनीकरण योजनाको सबै तहमा महिला र जोखिममा परेका समूहहरूलाई समावेश गरिनुपर्छ र पुनर्लाभका प्रयासहरूमा उनीहरूको क्षमता र योगदानहरूलाई मान्यता प्रदान गरिनुपर्छ ।

**जोखिम न्यूनीकरण योजनाको सबै तहमा महिला र जोखिममा परेका समूहहरूलाई समावेश गरिनुपर्छ र पुनर्लाभका प्रयासहरूमा उनीहरूको क्षमता र योगदानहरूलाई मान्यता प्रदान गरिनुपर्छ ।**

जलवायु र विपद् जोखिम न्यूनीकरण, प्रभावकारी आपतकालीन प्रतिकार्य, असल वातावरणीय व्यवस्थापन र दिगो पुनर्लाभको क्षेत्रमा नीति निर्माण र क्षमता । अभिवृद्धिमा संरासङ्घको विश्वव्यापी रुपमा नियामक भूमिका र विशेषज्ञता रहेको छ । पुनर्लाभ भनेको विपद्प्रभावित समुदाय वा समाजको जीविका, खाद्य सुरक्षा, पोषण, स्वास्थ्यका साथै आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक र वातावरणीय पूँजी, प्रणाली र क्रियाकलापहरूको पुनस्थापन वा सुधार हो, र यो भावि विपद् जोखिम निवारण वा न्यून गर्न दिगो विकास र अझ राम्रो तथा बलियो पुनर्निर्माणको सिद्धान्त अनुरुप हुनुपर्छ ।[३६]

---

[३५] यस सम्बन्धमा थप विवरण २०१६ कमन कन्ट्री एनलाइसिस, पृष्ठ ६६-६७ मा दिइएको छ ।

[३६] संयुक्त राष्ट्रसंघ, महासभा, A/71/644,Open-ended intergovernmental expert working group on indicators and terminology relating to disaster risk reduction (draft), डिसेम्बर २०१६, पृष्ठ २०

यसको दरिलो मानवीय प्रतिकार्य कार्यादेश र आपतकालीन पूर्वतयारीमा सक्रिय संलग्नताका कारण, नेपालको राष्ट्रिय विपद् प्रतिकार्य प्रारुपले संरासङ्घलाई अन्य सरकारी निकायहरूको साथमा देशको पूर्वतयारी र विपद्को समयमा मानवीय कार्यसमूहको संयुक्त नेतृत्व गर्ने जिम्मेवारी दिएको छ । यसका अतिरिक्त, संरासङ्घको मूल मुल्यमान्यता भनेको प्रतिफलहरूको व्यवस्थापनका लागि बलियो, पारदर्शी र जवाफदेही बहुसरोकारवाला संयन्त्रमार्फत साझेदारीहरूको निर्माण हो । यसबाट संरासङ्घ नेपाल सरकारलाई देशको उत्थानशिलता बढाउन आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने राम्रो स्थानमा रहेको छ । उत्थानशिलता प्रोकपहरूको सामना गर्ने प्रणाली, समुदाय वा समाजको त्यस प्रकोपको प्रभावलाई सामयिक र कुशल तरिकाले प्रतिरोध, आत्मसात, समायोजन, अनुकूलन, रुपान्तरण गरी पुनर्लाभ हुने क्षमता हो । र त्यो जोखिम व्यवस्थापनमार्फत आफ्नो अत्यावश्यक आधारभूत संरचना र कार्यसञ्चालनको संरक्षण र पुनर्स्थापनलगायत मार्फत गर्नुपर्छ ।[३७]

**उत्थानशिलता प्रतिफल क्षेत्रअन्तर्गत नेपालमा संरासङ्घको योगदान विपद् र जलवायु परिवर्तनको प्रभावको जोखिम कम गर्ने, त्यसका लागि पूर्वतयारी गर्न, प्रतिकार्य र पुनर्लाभ तथा पुनर्निर्माण गर्न राष्ट्रिय तथा प्रादेशिक तहहरूका साथै स्थानीय समुदायहरको क्षमता सुदृढीकरणमा केन्द्रित रहेका छन् ।**

उत्थानशिलता प्रतिफल क्षेत्रअन्तर्गत नेपालमा संरासङ्घको योगदान विपद् र जलवायु परिवर्तनको प्रभावको जोखिम कम गर्ने, त्यसका लागि पूर्वतयारी गर्न, प्रतिकार्य र पुनर्लाभ तथा पुनर्निर्माण गर्न राष्ट्रिय तथा प्रादेशिक तहहरूका साथै स्थानीय समुदायहरुको क्षमता सुदृढीकरणमा केन्द्रित रहेका छन् । यो कार्य नेपाल सरकारको विपद्पछिको पुनर्लाभ प्रारुप (पिडिआरएफ)मा उल्लेख भएको पाँच रणनीतिक उद्देश्यहरू अनुरुप रहेको र अझ राम्रो र बलियो पुनर्निर्माणको सिद्धान्त र जोखिममा परेका समुहहरूको खास आवश्यकताहरूलाई विकास योजनामा एकीकृत गर्ने कुरालाई जोड दिने २०७२ को भूकम्पको सिकाईबाट निर्देशित छ ।[३८] साथै, उन्डाफअन्तर्गत समाविष्ट सहयोगको प्याकेजले विपद् वा जलवायुसिर्जित संकटकालको अवस्थामा त्यसै अनुरुप अनुकूलन गर्न बढी कार्यक्रमागत लचकता प्रदान गर्छ ।[३९]

यस प्रतिफल क्षेत्रअन्तर्गतका संरासङ्घका कार्यक्रमहरू २०१३-२०१७ उन्डाफ प्रतिफल ७: जलवायु परिवर्तन र विपद्को जोखिम क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू सुधारिएको जोखिम व्यवस्थापनबाट लाभान्वित हुन्छन् र प्रकोपसिर्जित संकटप्रति उनीहरू बढी उत्थानशिल छन् र यसबाट हासिल गरिएको प्रतिफलहरूमा आधारित छ । र यो विशेषगरी विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र वातावरणीय व्यवस्थापन सम्बन्धी जोखिम-सूचित नीति तथा योजनाको तर्जुमाका साथै राष्ट्रिय तथा प्रादेशिक सरकार र स्थानीय समुदायहरूलाई सबै क्षेत्रमा पैरवी, क्षमता अभिवृद्धि र जनचेतना अभिवृद्धिका लागि संस्थागत र व्यवस्थापिकीय सहयोगको निरन्तरतामा लागु हुनेछ ।

---

[३७] Ibid., p 21.

[३८] अध्ययनले के दखाउँछ भने विपद्को अवस्थामा समाजका सबैभन्दा जोखिममा परेका वर्गले सबैभन्दा बढी पिडाको सामना गर्छ, र सामाजिक रुपमा सुविधाबाट बञ्चित समूह र अपाङ्गता भएका व्यक्तिहरूमाथिको प्रभाव असमान हुन्छ ।

[३९] "...२०१३-२०१७ उन्डाफमा अपर्याप्त लचकता र जोखिम व्यवस्थापनका कारण २०७२ भूकम्पपछि यूएनसीटीबाट उपयुक्त कार्यक्रमागत प्रतिकार्य सम्भव भएन । लचकताको अभावको कारण उनडाफको आउटपुटको भाषा ज्यादै प्रतिबधात्मक हुनुथियो । फलस्वरुप यूएसीटीले उन्डाफका साथै भूकम्प पीडितहरू दुवैको आवश्यकताहरूलाई सम्बोधन गर्न सकेन । त्यसको सट्टा (उन्डाफको कार्यान्वयन भन्दा पनि) यूएनसीटी भूकम्पबाट प्रभावितहरूको तत्काल मानवीय र प्रारम्भिक पुनर्लाभका आवश्यकताहरूमाथि केन्द्रित भयो ।" नेपाल उन्डाफ २०१३-२०१७ मुल्याङ्कन सार, पृष्ठ ५।

जोखिमसूचित योजनाका लागि विपद् र जलवायुसम्बन्धी नीतिगत, संस्थागत र व्यवस्थापिकीय सहयोग र क्षमता अभिवृद्धि नेपालको नयाँ संविधानको भावना अनुसार केन्द्र देखि स्थानीय स्तरसम्म निरन्तर चल्नेछ । संविधानले विपद् जोखिम व्यवस्थापनमा सरकारका सबै तीन वटै तह, संघीय, प्रादेशिक र स्थानीय तहलाई निश्चित कार्यादेश प्रदान गरेको छ । नीतिगत पैरवीका लागि सहयोग जोखिमहरूको बुझाई र विकास योजनाहरूमा जोखिम जवाफदेही अवधारणाहरूको अझ राम्रो एकीकरणका लागि प्रमाण तयार गर्नेमा र निजी क्षेत्रबाट समेतबाट उत्थानशिलता विकासका लागि लगानी वृद्धिमा आधारित हुनेछन् ।

यस प्रतिफलअन्तर्गतका कार्यक्रमहरू बाह्य संकटप्रति महिला, किशोरी र जोखिममा परेका व्यक्तिहरूको उत्थानशिलता वृद्धि गर्नमा केन्द्रित हुनेछन्, उदाहरणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणमा प्राविधिक सहयोग र गृह मन्त्रालयका लागि लैङ्गिक रुपमा जवाफदेही विपद् जोखिम व्यवस्थापन । प्रादेशिकस्तरमा गरिने कार्यक्रमहरूमा पूर्वतयारीमा योगदान पुर्‍याउने कार्यलाई निरन्तरता दिने हुनेछ, उदाहरणका लागि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, समन्वय संयन्त्रको सुदृढीकरण र आपतकालीन सामग्रीहरूलाई पूर्वतयारी अवस्थामा राख्ने कार्यमार्फत संकटकालमा प्रजनन् स्वास्थ्य र लैङ्गिकतामा आधारित हिंसाका लागि न्यूनतम प्रारम्भिक सेवा प्याकेज; आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको सञ्जाल सुदृढीकरण ; उच्च जोखिम क्षेत्रमा पूर्वचेतावनी प्रणालीको स्थापना ; विपद्को समयमा प्रयोग गरिने खुला स्थानको प्रवर्द्धन् गर्नेलगायत रहेका छन् । विपद्पछि पहिलो प्रतिक्रिया जनाउनेमा स्थानीय स्वयंसेवीहरू हुने तथ्यलाई दृष्टिगत गर्दै संरासङ्घले विपद् व्यवस्थापनका लागि स्थानीयस्तरको क्षमता विकास गर्न संगठित स्वयंसेवी परिचालनलाई सहयोग पुर्‍याउनेछ जसमा स्थानीयस्तरका आपतकालीन कार्यविधि र



आकस्मिक योजनाहरूमा युवाहरूको नियुक्ति पनि समावेश हुनेछ । राष्ट्रिय सुरक्षा फौजको खोज तथा उद्दार कार्यका साथै स्थानीय संस्थाहरूको क्षमता पनि बढाउँदै नेपाल सरकारको विद्यमान संरासंघीय मानवीय संरचना अनुरुपको विपद् पूर्वतयारी र प्रतिकार्यमा योगदान पुर्‍याइनेछ ।

यस प्रतिफल अन्तर्गत संरासङ्घको उत्थानशिलता निर्माण कार्यक्रमहरूमा बृहतस्तरको पूर्वतयारी, जोखिम न्यूनीकरण, पुनर्लाभ र विकास क्रियाकलापहरू समावेश हुने भएकाले पूर्वतयारी र प्रतिकार्यका साथै पुनर्लाभ, जोखिम न्यूनीकरण र विकास कार्यहरूको मापन गर्ने सूचकहरू यस प्रतिफल क्षेत्रको परिणाम र परिणती दुवै स्तरमा समावेश गरिएका छन् । विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य उद्देश्यहरूलाई उन्डाफमा समावेश गर्नाले अन्तरक्षेत्रगत अवधारणाहरूका लागि थप अवसरहरू प्रदान गर्नेछ, जसले राष्ट्रिय विकास प्राथमिकताहरू अनुरुपको खाद्य सुरक्षा र जीविकासम्बन्धी रणनीतिहरूमा उत्थानशिलतालाई एकीकृत गर्ने काम गर्दछ । साथै, उत्थानशिलता प्रतिफलअन्तर्गत सञ्चालन हुने कार्यक्रमहरूको बहुबिषयगत प्रकृतिले निकायहरूबीच सहकार्य र सहकार्यात्मक अवधारणाको अवलम्बनलाई पनि प्रोत्साहित गर्नेछ । यूएनडीपी, यूएनएफपी, यूएन वुमन, एफएओ, यूनिसेफ, डब्लुएफपी, यूएन इन्भाइरोनमेन्ट प्रोग्राम, आइओएम,युनेस्को, आइएइए र यूएन ह्याबिट्याटले संयुक्त रुपमा विपद् र जलवायु जोखिम व्यवस्थापनका साथै विकास योजनालाई मार्गनिर्देशत गर्न सूचनाको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्‍याउन विपद्/जलवायु जोखिम/जोखिममा परेकाता मुल्याङ्कन र सूचना प्रणालीको सुधारमा मद्दत गर्नेछन् । राष्ट्रसंघीय निकायहरू (यूनिसेफ, एफएओ, यूएन वुमन, यूएनडीपी, डब्लुएफपी, आइटिसी र आइओएम)बीच सहकार्यका अन्य क्षेत्रहरूमा खाद्य सुरक्षा र पोषण र आर्थिक सशक्तीकरणमार्फत महिलाहरूको उत्थानशिलता वृद्धि
गर्ने रहेको छ ।

यस प्रतिफल अन्तगर्तका कार्यक्रमहरू स्थानीयकरण भइसकेको वा हुने क्रममा रहेको विश्वव्यापी रुपमा सहमत सूचकहरूले सूचित हुनेछन् जस्तै : विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ फ्रेमर्वकमा; विपद् जोखिम न्यूनीकरणसम्बन्धी एसिया मन्त्रीस्तरीय सम्मेलनमा; नेपालको प्रस्तावित यूएनएफसीसीसीमा प्रस्तुत गरिएको राष्ट्रिय रुपमा निर्धारित योगदानहरूमा रहेका र उत्थानशिलतामा आएको परिवर्तन मापन गर्ने नेपालको एसडीजी सूचकहरू ।

यस प्रतिफल अन्तर्गतको मुख्य बहुसरोकारवाला साझेदारी, विशेषगरी निजी क्षेत्रसँगको जस्तै विपद्का लागि तयार रहन विमानस्थलहरूको द्रुत बहन क्षमता निर्माण गर्न डिएचएल र सरकारसँग यूएनडीपीको साझेदारीले सन् २०१८-२०२२ उन्डाफमा निरन्तरता पाउनेछ । कार्यक्रमका अन्य क्षेत्रहरूमा जोखिम हस्तान्तरणसहित विपद् र जलवायु जोखिम व्यवस्थापनका लागि निजी-सार्वजनिक साझेदारीका लागि सुहाउँदो वातावरण सिर्जना गर्ने रहेका छन् । निजी क्षेत्रसँगको सहकार्यभन्दा बाहिर राष्ट्रसङ्घीय निकायहरू र सरकारी साझेदारहरूबीच संयुक्त रुपमा स्रोत परिचालनका लागि जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय आर्थिक स्रोतहरू संकलन गरिनेछ । सरकारसँगको साझेदारीमा अनुकूलन क्षमता र पूर्वचेतावनी प्रणालीलाई सुदृढ गर्न डब्लुएफपीले ७३ लाख अमेरिकी डलरबराबरको आर्थिक स्रोत सुरक्षित गरिसकेको छ ।

उत्थानशिलता प्रतिफल क्षेत्रअन्तर्गत यूएन कन्ट्रीटीमका प्रयासहरूबाट उन्डाफ २०१८-२०२२ मा अपेक्षा गरिएको मुख्य प्रतिफल भनेको सरकार र समाजका सबै तहमा उत्थानशिलता निर्माण गरी वातावरणीय जोखिम, जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट हुने मानवीय र आर्थिक क्षतिमा उल्लेखनीय न्यूनीकरण हो ।

# सम्बन्धित मुख्य एसडीजी, राष्ट्रिय विकास प्राथमिकताहरू र अन्तर्राष्ट्रिय प्रारुप/मापदण्ड

**सम्बन्धित एसडीजीहरू :**

**एसडीजी ५**: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

**एसडीजी १०**: मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउन

**एसडीजी ११**: शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउन

**एसडीजी १३**: जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्न

**एसडीजी १६**: दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने

**एसडीजी १७**: दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

**राष्ट्रिय विकास प्राथमिकताहरू :**

- चौधौं योजना, विपद् व्यवस्थापन र वातावरण तथा जलवायु परिवर्तनका लागि दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू
- चौधौं योजना, रणनीति ५ : लैङ्गिक समानता, समावेशिता, वातावरणीय संरक्षण, विज्ञान र प्रविधिको अधिकतम प्रयोग र संस्थागत क्षमताको विकास

**राष्ट्रिय रणनीतिक दस्तावेजहरू :**

- चौधौं योजना
- राष्ट्रिय योजना आयोग, विपद् पछिको आवश्यकता मुल्याङ्कन, २०१५
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, विपद्पछिको पुनर्लाभ प्रारुप, २०१६-२०२०
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
- राष्ट्रिय पुनर्निर्माण र पुनर्स्थापना नीति, २०१५
- जनसङ्ख्या तथा वातावरण मन्त्रालय, जलवायु उत्थानशिलताका लागि रणनीतिक कार्यक्रम, २०१५
- नेपाल जलवायु परिवर्तन नीति, २०११
- राष्ट्रिय अनुकूलन कार्ययोजना २०१०
- राष्ट्रिय विपद् प्रतिकार्य प्रारुप २०१३
  वन क्षेत्र नीति २०१५
- राष्ट्रिय सहरी विकास रणनीति २०१७
- स्वास्थ्य मन्त्रालय क्षेत्र रणनीति २०१६-२०२१
- राष्ट्रिय संरक्षण कार्यसमूह रणनीति २०१६
- कृषि नीति २००४
- कृषि विकास रणनीति २०१५-२०३५
- वास क्षेत्र विपद् जोखिम व्यवस्थापन
- सहरी विकास मन्त्रालय, लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यसञ्चान निर्देशिका, २०१३
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जेसी नीति

**नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय प्रारुप/मापदण्ड र महासन्धिहरू :**

- विपद् जोखिम न्यूनीकरणसम्बन्धी एसियाली मन्त्रिस्तरीय सम्मेला (एएमसीडीआरआर २०)
- नयाँ सहरी एजेण्डा २०१६
- विपद् व्यवस्थापनसम्बन्धी सार्क विस्तृत प्रारुप
- विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क २०१५-२०३०
- जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय प्रारुप महासन्धिमा पक्षराष्ट्रहरूको २१औं सम्मेलन (यूएनएफसीसी, २०१५)

# उत्थानशिलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन प्रतिफल क्षेत्रमा राष्ट्रसङ्घको सहयोग र योगदानका केन्द्रित क्षेत्रहरू

**जोखिमहरूको बुझाई र ज्ञान वृद्धि**

- केन्द्रीय र प्रादेशिक स्तरमा एकीकृत जलवायु परिवर्तन अनुकूलन, वातावरणीय व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्न नीति र संस्थागत संयन्त्रहरूको सुदृढीकरण
- नयाँ विपद् जोखिम न्यूनीकरण र कार्ययोजना, नयाँ विपद् जोखिम कानुन र जलवायु परिवर्तन नीतिका लागि पैरवी र प्राविधिक परामर्शको व्यवस्था
- वपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन अनुकूलन र वातावरणीय व्यवस्थापनसम्बन्धी र ाष्ट्रिय तथा क्षेत्रगत नीति, रणनीति, योजना र कार्यक्रमहरूमा सीमान्तकृत र जोखिममा परेका समूहहरूको विशेष आवश्यकताहरूको सम्बोधन गर्न संस्थागत र व्यक्तिगत क्षमता विकास
- आपतकालिन अवस्थामा हुने लैङ्गिकतामा आधारित हिंसाको निवारण र प्रतिकार्यमा समुदायहरू, विशेषगरी महिला र किशोरीहरूको सहभागिता
- विपद् जोखिम न्यूनीकरण, साझा देशिय विश्लेषण र वातावरण व्यवस्थापनमा बढ्दो लगानी
- निजी-सार्वजनिक साझेदारीका लागि सुहाउँदो वातावरणको सिर्जना
- क्षेत्रगत बजेट बिनियोजनमार्फत विपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण

**प्रभावकारी विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ**

- समावेशी विपद् पूर्वतयारी, प्रतिकार्य र उत्थानशिल पुनर्लाभको सुदृढीकरण
- बृहत विपद् पूर्वतयारी, र नेपाल सरकारको राष्ट्रिय, स्थानीय र सामुदायिक स्तरमा खोज तथा उद्दार क्षमताको सुदृढीकरणका लागि सहयोग
- स्थानीयस्तरको विपद् पूर्वतयारी योजना र क्षमता विकासका साथै महिला तथा जोखिममा परेका समूहहरूको सहभागिता, जनचेतनामा अभिवृद्धि र स्वयंसेवी संलग्नता र राहत सामग्रीहरूको सही स्थानमा भण्डारणका लागि सहयोग
- जीविकोपार्जनको विविधिकरण र जलवायु-जोखिममा परेका गरिब घरपरिवारहरूका लागि खाद्य सुरक्षाको सुदृढीकरणका लागि सहयोग
- राष्ट्रियस्तरको बहुप्रकोप पुनर्लाभ संयन्त्रको स्थापनातर्फ संस्थागत सहयोग र व्यवस्थापिकीय परामर्शको व्यवस्था

**२०७२ भूकम्पबाट उत्थानशील पुनर्लाभ र पुनर्निर्माण**

- विपद्-उत्थानशील आवास, सरकारी भवनका साथै विद्यालय र स्वास्थ्य चौकी, साँस्कृतिक सम्पदा र जीविकोपार्जनको पुनर्स्थापना र सुधार
- विद्यमान, पहुँचयोग्य विपद् पूर्वतयारी/न्यूनीकरण पूर्वाधारको निर्माण वा पुनस्थापना/पुनर्निर्माणका लागि सहयोग

## २.४ : शासन व्यवस्था, विधिको शासन र मानवअधिकार

**प्रतिफल सारंश : सन् २०२२ सम्म सबै, र विशेषगरी जोखिममा परेका व्यक्तिहरूका लागि विधिको शासन, सामाजिक न्याय र मानवअधिकार सुनिश्चित गर्नेतर्फ समावेशी, प्रजातान्त्रिक, जवाफदेही र पारदर्शी संस्थाहरू थप सुदृढ भएको हुनेछन् ।**

**औचित्व र अपेक्षित प्रतिफल**

संविधानमार्फत नेपालले समावेशीरण र सहभागिताको सिद्धान्तमा आधारित समतामूलक समाज बन्ने आफ्नो आकांक्षा अभिव्यक्त गरेको छ । यसलाई साकार तुल्याउन नेपाल सरकारको चौधौं राष्ट्रिय विकास योजनाले सामाजिक न्यायमा आधारित कल्याणकारी राज्यको स्थापनाको परिकल्पना गरेको छ । त्यो लक्ष्य हासिल गर्न यसले सहभागितामूलक, समावेशी, समतामूलक, जवाफदेही शासन व्यवस्थासहित सङ्घीय संरचना अनुरुप रहेको समावेशी स्थानीय शासनका साथै स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्रणालीमार्फत सबैका लागि न्याय हासिल गर्ने उद्देश्य बोकेको छ । अझ ठोसरुपमा राष्ट्रिय योजना न्यायिक सुधार, निष्ठा, कानुनी सुधार र स्थानीय कानुनी सशक्तीकरणमार्फत जोखिममा परेका व्यक्तिहरूको न्यायमा पहुँच अझ राम्रोसँग बढाउन लक्षित छ । यी लक्ष्य र उद्देश्यहरू एसडीजीको कोही पनि पछाडि नपरुन भन्ने प्रमुख सिद्धान्त अन्तर्गत नै रहेका छन् ।

यो प्रतिफलअन्तर्गतको कार्यक्रम तर्जुमा २०१३ उन्डाफको खण्ड १ : समतामार्फत समानताको विस्तार र खण्ड २: विकासका लाभहरूको सुरक्षा[४०], अन्तर्गत हासिल गरिएका प्रतिफलहरूका साथै मानवअधिकारको प्रवर्द्धन र संरक्षणका लागि कानुनी तथा संस्थागत आधारहरूको सुदृढीकरण ; नेपालको सबै जनसङ्ख्या, विशेषगरी यसका सबैभन्दा जोखिममा परेका जनताका लागि सामाजिक न्यायमा पहुँच बढाउँने ; र विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) र अन्य सन्धि निकायका सिफारिसहरूको कार्यान्वयनमा नेपाल सरकारलाई उपलब्ध सहयोगको आधारमा गरिएको छ । सन् २०१५ मा यूपीआरले १४१ वटा सिफारिसहरू गरेको थियो, जसलाई नेपाल सरकारले कार्यान्वयन गर्न पूर्ण रुपमा स्वीकार गरेको अवस्था छ । नेपाल सरकारको आग्रहको आधार मा ती प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न आवश्यक सहयोग उपलब्ध गराउन यूएन कन्ट्री टिम तत्पर अवस्थामा छ ।

**चौधौं योजनाले न्यायिक सुधार, निष्ठा, कानुनी सुधार र स्थानीय कानुनी सशक्तीकरणमार्फत जोखिममा परेका व्यक्तिहरूको न्यायमा पहुँच अझ राम्रोसँग बढाउन लक्षित छ ।**

---

[४०] खासगरी परिणाम ४ : जोखिममा परेका समूहहरू सुदृढ कानुनी तथा नीतिगत प्रारुपबाट लाभान्वित भई सुरक्षा र विधिको शासन निकायहरूमा सुधारिएको पहुँच भएको ; परिणाम ५: प्रजातान्त्रिक शासनका संस्था, प्रणाली र प्रक्रियाहरू बढी जवाफदेही, प्रभावकारी र समावेशी भएका छन् ; परिणाम ६ : नयाँ सङ्घीय संविधानका व्यवस्थाहरूलाई पूरा गर्न तहगत सरकारहरूको स्थापना र कार्यसञ्चालन भएको छ; र परिणाम ८ ; द्वन्द्वसँग सम्बन्धित मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनहरू र पीडितहरूको द्वन्द्वपछिका आवश्यकताहरूलाई राष्ट्रिय निकायहरूले सम्बोधन गरेका छन् ।

२०१८-२०२२ उन्डाफमा यस प्रतिफलअन्तर्गत योजना गरिएका कार्यक्रमहरू नयाँ संविधानमा समावेश गरिएको विधि र वाचाहरूले सुसूचित छन् । यसका सार्वजनिक संस्थानहरूको पुनः संरचना र महिला र परम्परागत रुपमा सीमान्तकृत तथा अन्य जनताको सुरक्षा र सशक्तीकरण गर्ने नयाँ कानुनहरूको व्यवस्था समावेश छन् ।[४१] साथै, संविधानमा स्थापित सङ्घीय संरचना अवलम्बन गर्नेक्रममा नेपाल सरकारको एउटा मुख्य उद्देश्य सामाजिक समावेशीकरणलाई बढावा दिनु रहेको छ; र यसले सार्वजनिक संस्थानहरूमा समावेशीकरण र सामाजिक न्याय, मानवअधिकार र विधिको शासनमा समावेशी, समतामूलक पहुँच सुनिश्चित गर्नेतर्फ योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । यी लक्ष्यहरू हासिल गर्न संविधान अनुरुप करिव १३८ वटा नयाँ कानुनको निर्माण र थप ३१५ वटा विद्यमान कानुनहरूको संशोधन गर्न आवश्यक छ ।[४२] त्यसैकारण, कानुनी सुधारको सुदृढीकरण संविधानको कार्यान्वयनका लागि एउटा महत्वपूर्ण पूर्वसर्त हो ।



[४१] संविधानमा सीमान्तीकृत समूहलाई “राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ” भनी परिभाषित गरिएको छ । नेपालको संविधान धारा ३०६ (ड)

[४२] कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रेस विज्ञप्ति, काठमाडौं, अक्टोबर १९, २०१५ https://thehimalayantimes.com/kathmandu/preparations-on-to-draft-138-new-laws/. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, संविधानको कार्यान्वयनका लागि आवश्यक कानुनहरूको पहिचान र प्राथमिकीकरण र कानुन निर्माणको वर्तमान अवस्थासम्बन्धी प्रतिवेदन, पृष्ठ ११ पनि हेर्नुहोस् ।

शासन व्यवस्था, विधिको शासन र मानवअधिकार प्रतिफल क्षेत्रमा यूएन कन्ट्रीटीमको सहयोगले नेपालको समतामूलक विकासमा र अझ बढी समावेशी आर्थिक वृद्धिमा योगदान पुर्‍याउनेछ। यस प्रतिफल अन्तर्गतका क्रियाकलापहरू दिगो तथा समावेशी आर्थिक वृद्धि प्रतिफल क्षेत्रसँग सम्बन्धित छन् र त्यसलाई बल पुर्‍याउने काम गर्छन्। केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा न्याय प्रणालीसहित बलियो, पारदर्शी र जवाफदेही संस्थाहरूले पनि विवाद समाधन, द्वन्द्व निवारण र सामाजिक सदभावमा योगदान पुर्‍याउँछन्।

यी क्षेत्रहरूमा नेपाल सरकारलाई प्राविधिक सहयोग उपलब्ध गराउन संरासङ्घ तयार अवस्थामा छ र त्यसमा संविधानमा सीमान्तकृत भनी पहिचान गरिएका विशेष वर्गका व्यक्तिहरू जस्तैः महिला, बालबालिका, युवा र अन्यसँग काम गर्ने राष्ट्रसङ्घीय निकायका विशेषज्ञता पनि समावेश छ। यसका अतिरिक्त, यसको संयोजन क्षमता र सरोकारवालाहरूसँगको समन्वयमार्फत संरासङ्घ मानवअधिकार को प्रवर्द्धन र परिपूर्तिलाई सहयोग गर्न र निर्देशनात्मक एजेण्डाको पैरवी गर्न सक्षम छ। यसरी यो प्रतिफलमा यूएन कन्ट्रीटिमको योगदान अधिकारबाहक, नागरिक समाजलाई सूचित, समर्थन र सशक्त र स्वतन्त्र सञ्चारमाध्यमलाई बलियो बनाउने कार्यका साथै प्रमाणमा आधारित निर्णय प्रक्रिया र संस्थागत क्षमता विकासका लागि प्रमाणमा आधारित पैरवी, प्राविधिक सल्लाह र राष्ट्रिय तथ्याङ्क प्रणालीको सुदृढीकरण समावेश छ।

पछिल्लो प्रक्रियाका लागि संरासङ्घको सहयोग सुरु भइसकेको छ। उदाहरणका लागि यूएनएफपीएले प्रजनन् स्वास्थ्य अधिकारसमबन्धी कानुनमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सहयोग गरिरहेको छ ; यूएनडीपीले व्यवस्थापिका-संसद्, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई संविधान अनुरुप कानुन र नीतिहरूको मसौदा र समीक्षा गर्ने कार्यमा प्राविधिक परामर्श र सहयोग उपलब्ध गराइरहेको छ। यूएनडीपीले सर्वोच्च अदालत, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगलगायतका निकायहरूलाई न्याय (संक्रमकालीन न्यायसहित) मा पहुँच र विधिको शासन सुदृढीकरण गर्न सहयोग उपलब्ध गराइरहेको छ। यूएन वुमनले महिला, बालबालिका र सामाजिक कल्याण मन्त्रालयलाई महिला विरुद्ध हिंसा अन्त्य गर्ने सम्बन्धी र विशेष अवसरसम्बन्धी दुई वटा लैङ्गिक रुपमा जवाफदेही विधेयकहरूको प्रारम्भिक प्रारुपको मसौदा कार्यलाई सहयोग गरिरहेको छ। युनेस्कोको सहयोगमा राष्ट्रिय आमसञ्चार नीति सन् २०१६ मा जारी भयो र यसको उद्देश्य सबैका लागि, विशेषगरी सीमान्तकृतहरूका लागि सूचनामा पहुँच बढाउनु रहेको छ। युनेस्कोले पत्रकारहरूको सुरक्षाका लागि पनि काम गरिरहेको छ। महिला, बालबालिका र सामाजिक कल्याण मन्त्रालयसँग नयाँ बालबालिका ऐनको मसौदामा यूनिसेफले काम गरिरहेको छ। संरासङ्घले राष्ट्रिय मानवअधिकार आयोग र अन्य मानवअधिकार संघसंस्थाहरूलाई पनि सहयोग गर्दछ। स्थानीय निर्वाचनले ३५ हजार नवनिर्वाचित जनप्रतिनिधिहरू, र बिशेषगरी दलित र महिला जनप्रतिनिधिहरूको सशक्तीकरण र क्षमता विकासका लागि अवसर प्रदान गरेको छ। अन्ततः अर्थपूर्ण नागरिक संलग्नतालाई बढावा दिने उन्डाफको प्रतिबद्धता स्थानीयस्तरमा विकास प्रयोजनका लागि स्वयंसेवी सञ्जालहरूको सहजीकरणमा निर्भर हुन्छ। यूएन कन्ट्रीटिमका प्रयासहरूबाट शासन व्यवस्था, विधिको शासन र मानवअधिकार प्रतिफल क्षेत्रमा अपेक्षा गरिएको प्रतिफलले सबै अधिकारबाहक, सबैभन्दा जोखिममा परेका व्यक्तिसमेत आफ्नो अधिकार दावी गर्न बढी सशक्त भएको र समावेशी संस्था र कानुनी प्रारुपमार्फत शासन व्यवस्था, विधिको शासन र सामाजिक न्यायका लागि सबैतहमा पदाधिकारीहरू जवाफदेही रहेको सुनिश्चत गर्ने नेपाल सरकार विगत र वर्तमानका प्रयासहरूलाई बल पुर्‍याउने काम गर्नुपर्छ।

# सम्बन्धित मुख्य एसडीजी, राष्ट्रिय विकास प्राथमिकता र अन्तर्राष्ट्रिय मापदण्ड

**सम्बन्धित एसडीजीहरू :**

**एसडीजी ५:** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

**एसडीजी १०:** मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

**एसडीजी १६:** दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

**एसडीजी १७:** दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

**राष्ट्रिय विकास प्राथमिकताहरू :**

- चौधौं योजना, रणनीति ३ : सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार
- चौधौं योजना, रणनीति ४ : प्रभावकारी र जवाफदेही सार्वजनिक वित्त र स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवामार्फमा असल शासन र मानवअधिकारको प्रवर्द्धन्
- चौधौं योजना, रणनीति ५ : लैङ्गिक समानता, समावेशिता, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको अधिकतम उपयोग र संस्थागत क्षमता वृद्धि

**राष्ट्रिय रणनीतिक दस्तावेजहरू :**

- चौधौं योजना
- राष्ट्रिय मानवअधिकार आयोग, रणनीतिक योजना २०१५-२०२०
- प्रादेशिकशासन कार्यक्रमसम्बन्धी अवधारणागत टिप्पणी
- निर्वाचन आयोगको रणनीतिक यो जना, २०१५-१९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीतिक योजना २०१४-१९
- राष्ट्रिय मानवअधिकार कार्ययोजना २०१४-२०१७
- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, रणनीतिक योजना २०१३-२०१७
- महान्याधिवक्ताको कार्यालय, दोस्रो पाँच बर्षीय रणनीतिक योजना २०१६/१७-२०२१/२२
- न्यायपालिकाको तेस्रो पञ्चबर्षीय यो जना २०१४/१५-२०१८/१९
- स्थानीय तह निर्वाचन ऐन आयोग, लैङ्गिक तथा सामाजिक समावेशीकरण ऐन २०१७
- राष्ट्रिय कार्ययोजना (२०१५-२०१८) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति
- निर्वाचन आयोग रणनीतिक योजना (२०१५-२०१९) र कार्ययोजना (२०१५-२०१६)
- शान्ति तथा पुनर्निर्माण मन्त्रालय, संरासङ्घ प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजना (दोस्रो)

**नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धि र मापदण्डहरू :**

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र,
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक तथा साँस्कृतिक
- अधिकारसम्बन्धी अनुबन्ध
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,
- भ्रष्टाचार विरुद्ध राष्ट्रसङ्घीय महासन्धि
- सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि
- बालअधिकार महासन्धि
- अपाङ्गता भएको व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ र त्यसको ऐच्छिक उपलेख
- आदिवासीको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय घोषणापत्र, २००७
- बेइजिङ्ग कार्ययोजना, १९९५
- सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्र, २००५
- कमविकसित राष्ट्रहरूका लागि इस्तानबुल कार्ययोजना, २०११
- आइएलओ महासन्धि १६९, २००७

# शासन व्यवस्था, विधिको शासन, मानवअधिकार प्रतिफल क्षेत्रमा संरासङ्घको सहयोग र योगदानको केन्द्रित क्षेत्रमा देहाय समावेश हनेछन् :

- सबै सम्बन्धित सरोकारवालाहरूलाई संलग्न गराउने अवधारणामार्फत मानवअधिकार प्रवद्र्धन्का लागि सहयोग,
- आवश्यकता र अनुरोधमा आधारित सङ्घीय तह र प्रादेशिकतहमा सार्वजनिक प्रशासनको व्यवासायिक क्षमता अभिवृद्धिका लागि सहयोग
- सहभागितामूलक प्रक्रियामहरूमा र निजामति सेवामा महिला र न्यूनप्रतिनिधित्व भएका समूहहरूको जारी सशक्तीकरण र समावेशीकरणका लागि सहयोग
- एसडीजीहरूको स्थानीयकरण र अनुगमनका लागि संस्थागत क्षमतालाई बढावा
- आवश्यकता र आग्रहको आधारमा निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगको संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा सहयोग
- राष्ट्रसङ्घीय मानवअधिकार संयन्त्रहरूको कार्यान्वयनका लागि सहयोग, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको एच्छिक उपलेखसहित
- विधिको शासन र कानुनी सहायताको सुदृढीकरणमा सहयोग
- जनताको सूचनाको अधिकार, अभिव्यक्तिको अधिकार, प्रेस स्वतन्त्रता र पत्रकारहरूको सुरक्षाको अभिवृद्धिमा सहयोग
- विकास प्रयोजनका लागि युवाहरूमा स्वयंसेवी भावनाको प्रवर्द्धन्
- कुसंस्कारको निवारणका लागि समुदायहरूलाई संलग्न गराउने

## २.५. जोखिम र अनुमानहरू

उन्डाफको विकासको क्रममा कार्यक्रम निर्माणको विश्लेषण र प्राथमिकीकरणमा यूएन कन्ट्रीटिमले जोखिम सूचित कार्यक्रमागत अवधारणा अवलम्बन गरेको छ । यूएन कन्ट्रीटिमले आफ्नो काममा डु *नो हार्म* र द्वन्द्व संवेदनशिलता सिद्धान्तहरू अवलम्बन गर्नेछ । यो उन्डाफका लागि मात्र नभई संरासङ्घले गर्ने सबै कार्यक्रमहरूका लागि हो ।

विपद् जोखिम र जलवायु परिवर्तनको व्यवस्थापनमा यूएन कन्ट्रीटिमले बहुआयामिक अवधारणा अवलम्बन गर्ने प्रयास गर्नेछ, जसमा बिशेष जोड सामुदायिक स्तरदेखि सरकारी प्रणालीसम्म उत्थानशिलताको विकास गर्नेमा रहेको छ । २०७२ को भूकम्पमा सामना गरेको गतिरोधका बावजुद विगतको दशकमा नेपालले हासिल गरेको विकासका प्रतिफलहरूलाई उन्डाफले संरक्षण गर्ने सोचाइ राखेको छ ।

यो उन्डाफ कार्यान्वयन अवधिमा नेपाल विभिन्न महत्वपूर्ण संक्रमणहरूको संघारमा उभिएको छ, जसले देशलाई २०७२ संविधानमा उल्लेख गरिएको दूरदृष्टिहरूलाई साकार बनाउन मद्दत गर्नेछ । यी संक्रमणहरूका साथै केही हदसम्म अनिश्चितताको अवस्था पनि रहेको छ किनभने कानुनहरू संशोधन हुन बाँकी छ, भूमिकाहरू परिभाषित गर्न आवश्यक छ र विधि तथा निर्देशिकाहरू निर्माण गनिुपर्नेछ । यसैले गर्दा कार्यान्वयन चुनौतीहरूलाई दिशानिर्देशित गर्न यूएन कन्ट्रीटिमका तर्फबाट लचकताको आवश्यकता छ भने त्यसबाट नेपालले उपयोग गर्न सक्ने नीतिगत परामर्श र अन्तर्राष्ट्रिय असल अभ्यासहरू बाँड्ने अवसरहरू पनि उपलब्ध भएको छ । यद्यपि, कार्यक्रमको कार्यान्वयनमा एकरुपता कायम रहेको सुनिश्चित गर्न राजनीतिक स्थिरता र निरन्तरता महत्वपूर्ण हुनेछ । नेपालको सामाजिक तथा राजनीतिक परिप्रेक्ष र बहुप्रकोप जोखिमतालाई ध्यानमा राखेर उन्डाफको तर्जुमा मानवीय संकट वा राजनीतिक परिवर्तनको अवस्थामा कार्यक्रमागत लचकतालाई बढी स्थान दिने गरी गरिएको छ ।





# व्यवस्थापन र समन्वय व्यवस्था



उन्डाफका लागि राष्ट्रिय योजना आयोगले प्राथमिक सरकारी साझेदारका रुपमा निरन्तरता दिनेछ । बहृतस्तरमा उन्डाफ प्रक्रियाहरूको नेतृत्व संरासङ्घीय आवासीय संयोजक र राष्ट्रिय योजना आयोगले गर्छन् र उन्डाफ प्रतिफलहरूको रणनीतिक निगरानीका लागि उनीहरू संयुक्त रुपमा जिम्मेवार छन् । २०१८-२०२२ का लागि दुई तहको समन्वय र कार्यान्वयन संरचनाको परिकल्पना गरिएको छ :

- संयुक्त उन्डाफ सञ्चालक समिति : संयुक्त उन्डाफ सञ्चालक समिति उन्डाफको रणनीतिक निर्देशन, प्रतिफल र समग्र समन्वयका लागि जिम्मेवार हुनेछन्, जसमा नेपाल सरकार साझेदार निकाय र संरासङ्घ प्रणालीबीचको अन्तर्क्रिया र सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्र र राष्ट्रिय स्वामित्व र नेतृत्वको सिद्धान्तसम्बन्धी इस्तानबुल कार्ययोजनाको परिपालना रहेको छ । यसको सहअध्यक्षता राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र आवासीय संयोजकले गर्दछन् ।

| उन्डाफ प्रतिफल क्षेत्र | नेपाल सरकारबाट अध्यक्ष | संरासङ्घ अध्यक्ष |
|---|---|---|
| दिगो तथा समावेशी आर्थिक वृद्धि | सहसचिव, राष्ट्रिय योजना आयोग | देशीय प्रतिनिधि, आइएलो |
| सामाजिक विकास | सहसचिव, शिक्षा मन्त्रालय | देशीय निर्देशक, युएनएफपीए |
| उत्थानशिलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन | सहसचिव, गृह मन्त्रालय | देशीय निर्देशक, युएनडीपी |
| शासन व्यवस्था, विधिको शासन र मानवअधिकार | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | देशीय निर्देशक, युएनडीपी |

- प्रतिफल कार्यसमूहहरू : उन्डाफ प्रारुप र सम्बन्धि कार्यक्रम क्षेत्रको परिभाषा गर्न चार उन्डाफ प्रतिफल क्षेत्रको हरेक क्षेत्रका लागि एउटा प्रतिफल कार्यसमूह गठन गरिएको छ ।

उन्डाफको कार्यसञ्चालन प्रतिफल कार्यसमूहहरूमार्फत हुनेछ, जसमा अध्यक्ष र सहअध्यक्षहरू व्यवस्थापन प्रावधानका सहमत अंग हुन् । प्रतिफल कार्यसमूहहरूको संयोजन नेपाल सरकार र संरासङ्घका मुख्य जिम्मेवार व्यक्तिहरू (फोकल पयन्ट)बाट हुनेछ । यसका अतिरिक्त, उनीहरूले राष्ट्रिय योजना आयोग र राष्ट्रसङ्घीय आवासीय संयोजकको कार्यालयबाट समन्वय सहयोग प्राप्त गर्नेछन् ।

**संयुक्त राष्ट्रसङ्घ कन्ट्रीटीम नेपालस्थित संयुक्त राष्ट्रसङ्घको सबैभन्दा उच्च अन्तर निकाय समन्वय तथा निर्णय गर्ने निकाय हो ।**

- संयुक्त राष्ट्रसङ्घ कन्ट्रीटीम नेपालस्थित संयुक्त राष्ट्रसङ्घको सबैभन्दा उच्च अन्तरनिकाय समन्वय तथा निर्णय गर्ने निकाय हो । नेपाल सरकारको र उन्डाफका विकास प्राथमिकताहरूको समर्थन्मा ठोस प्रतिफलहरूको प्रवाह भएको सुनिश्चित गर्नु यसको जिम्मेवारी हो । यूएनकन्ट्रीटीमको अध्यक्षता आवासीय संयोजकले गर्छन् र यसका सदस्यहरूमा नेपालमा मान्यताप्राप्त राष्ट्रसङ्घीय निकाय, कोष र कार्यक्रमहरूका प्रमुखहरू र नेपाल हेर्ने गैरआवासीय निकायका क्षेत्रीय प्रतिनिधिहरू रहेका छन् । कार्यसञ्चालन व्यवस्थापन टोली, अनुगमन तथा मुल्याङ्कन समूह र यूएन सञ्चार समूह सबैले सोझै यूएनकन्ट्रीटीमलाई रिपोर्ट गर्छन् ।

- यूएन सञ्चार समूह (यूएनसीजी) नेपालमा एउटा कार्यदलका रुपमा सञ्चार गर्नका लागि यूएन कन्ट्रीटीमका लागि प्रमुख समूह हो । यसले नेपालस्थित यूएन प्रणालीका लागि ज्ञान व्यवस्थापन, जनचेतना र स्रोत व्यवस्थापनमा सहयोग गर्दछ । यूएन सञ्चार समूहले उन्डाफ र यसका प्राथमिकताका क्षेत्रहरूको प्रवर्द्धनका लागि



एउटा साझा सञ्चार रणनीतिको तर्जुमा र कार्यान्वयन गर्नेछ र त्यससम्बन्धमा भएको प्रगतिबारे यूएनकन्ट्रीटीमलाई नियमित रिपोर्ट गर्नेछ। सञ्चार रणनीतिले एसडीजीका साथै २०१८-२०२२ उन्डाफका प्राथमिकताप्राप्त विषयगत क्षेत्रहरू र यसको राष्ट्रिय स्वामित्वलाई व्यापक आन्तरिक तथा बाह्य स्रोतहरूमा प्रवर्द्धन् गर्ने उद्देश्य लिनेछ। सञ्चारका अन्य माध्यमका अतिरिक्त यूएन नेपालको बेवसाइट यूएन प्रणालीको दृष्टिकोण, नीति, राष्ट्रिय साझेदारी, कार्यक्रम र प्रतिफलहरूलाई एकरुप तरिकाले जानकारी गराउने मुख्य स्रोतका रुपमा काम गर्दछ।

- अनुगमन तथा मुल्याङ्कन समूहको समग्र जिम्मेवारी संयुक्त सञ्चालक समिति र प्रतिफल कार्यसमूहहरूलाई उन्डाफको अनुगमन तथा रिपोर्टिङ्ग सम्बन्धमा गुणस्तरको आश्वासन र प्राविधिक मार्गनिर्देशन उपलब्ध गराउनु हो, जसमा उन्डाफ प्रतिफल मेट्रिक्स (तालिका)को ढाँचाका साथै प्रतिफल र परिणतिबीच एकरुपता सुनिश्चित गर्नु पनि समावेश छ। यसका सदस्यहरूमा राष्ट्रसङ्घीय निकायहरूका अनुगमन तथा मुल्याङ्कन विज्ञहरूका साथै अनुगमन तथा मुल्याङ्कन विशेषज्ञता नभएका निकायहरूका लागि तोकिएका फोकल पयन्टहरू रहेका छन्।

- कार्यसञ्चालन व्यवस्थापन टोलीले यूएनकन्ट्रीटीमलाई कार्यसञ्चालन र व्यवस्थापन विषयमा परामर्श दिने काम गर्दै उन्डाफको कार्यान्वयनसम्बन्धी कार्यकुशलता बढाउने र कारोबार खर्च घटाउने लक्ष्य लिएको छ। यसका सदस्यहरूमा सबै राष्ट्रसङ्घीय निकायहरूका अपरेसन म्यानेजरहरू र/वा निकायका प्रमुखहरूले तोकेका वैकल्पिक प्रतिनिधिहरू रहेका छन्।

- नगद हस्तान्तरणमा एकरुपी अवधारणा समिति (एचएसीटी) : यो समितिले नगद हस्तान्तरण प्रक्रियामा सामञ्जस्यता ल्याउने कार्यको नेतृत्व गर्दछ, जसको प्रयोजन राष्ट्रिय साझेदारहरूको क्षमता अभिवृद्धि हो। नेपालमा यूएनडीपी, यूनिसेफ र यूएनएफपीले एचएसीटीको अवलम्बन गरेका छन्।

- यूएन लैङ्गिक विषयगत समूह : लैङ्गिक विषयगत समूह नेपालमा कार्यरत १७ वटा आवासीय राष्ट्रसङ्घीय निकायहरूका जेन्डर फोकल पयन्ट (लैङ्गिक मामिलाका लागि जिम्मेवारी व्यक्ति)हरू समावेश रहेको प्राविधिक, परामर्श र पैरवी समूह हो। यसको मुख्य उद्देश्य साझेदारहरूको संयोजन, प्रमाणमा आधारित नीतिगपैरवी, सन्देश प्रवाह, संयुक्त कार्यक्रम र कार्यक्रम निर्माण, यूएनकन्ट्रीटीम लैङ्गिक स्कोरकार्ड सिफारिसहरू[४३] र लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रसङ्घका अन्य साझा कार्यक्रमहरूमार्फत उन्डाफको लैङ्गिक रुपमा संवेदनशील कार्यान्वयन र अनुगमनलाई अघि बढाउन समन्वयात्मक र सामूहिक यूएनकन्ट्रीटीम कार्यवाहीको प्रवर्द्धन् र सर्मथन गर्नु रहेको छ। यूएनकन्ट्रीटीम लेङ्गिक विषयगत समूहले यूएनकन्ट्रीटीम भित्र समन्वय, एकरुपता, जवाफदेहिता र क्षमताहरूलाई सुदृढ तुल्याउने उद्देश्य लिएको छ। सरकार, नागरिक समाज र विकास साझेदारहरूसँगको साझेदारी र संवादपनि सुदृढ गरिनेछ। लैङ्गिक विषयगत समूहले देहायका चार वटा रणनीतिक अवधारणहरूको पालनालाई प्रथामिकता प्रदान गर्दछ : १. समन्वय, २. क्षमता विकास, ३. ज्ञान व्यवस्थापन र सूचनाको आदानप्रदान, र ४. प्राविधिक सल्लाह र नीतिगत पैरवी।

- यूएनकन्ट्रीटीमले खास र नयाँ आवश्यकताहरूको आधारमा अन्य समूहहरूको गठन गर्नसक्नेछ।

[४३] https://undg.org/wp-content/uploads/2015/09/





# अनुगमन तथा मुल्याङ्कन



## ४.१ अनुगमन तथा मुल्याङ्कन

अनुगमन तथा मुल्याङ्कनले उन्डाफमा अपेक्षाकृत प्रतिफलहरूतर्फको प्रगतिका लागि र कार्यक्रमागत सिद्धान्त र अवधारणाहरूमा यूएन नेपालको जवाफदेहितालाई सुनिश्चित गर्ने काम गर्दछ। यसले उन्डाफले २०३० एजेण्डा, एसडीजीहरू र राष्ट्रसङ्घीय संयन्त्रहरूका सिफारिसहरूको कार्यान्व्यनमा कसरी योगदान पुर्‍याउँछ ; कार्यक्रमहरू सबैभन्दा पछाडि छाडिएकासम्म पहिला पुगेको र असमानता तथा भेदभावको न्यूनीकरणमा योगदान पुर्‍याएको, समावेशी, सहभागितामूलक र पारदर्शी रहेको देखाउनुका साथै त्यसले सरोकारवालाहरूलाई यूएन प्रणालीलाई प्रतिफलका लागि जवाफदेही ठहर्‍याउन सक्षम बनाउनुपर्छ। यसले जोखिम र उत्थानशिलतालाई सम्बोधन गर्नुपर्छ, पदाधिकारीको क्षमता विकासमा र अधिकारबाहकलाई आफ्ना अधिकार दावी गर्नमा योगदान पुर्‍याउनुपर्छ, विकास, मानवीयता, मानवअधिकार, शान्ति र सुरक्षाका साथै वातावरणीय एजेण्डाबीच सामान्जस्यता बढाउनुपर्छ, राष्ट्रिय सरोकारवाला र अन्तर्राष्ट्रिय कर्ताहरूबीच नयाँ र प्रभावकारी साझेदारीको विकासमा योगदान दिनुपर्छ , साझेदारहरूलाई एकीकृत र एकरुप नीतिगत सहयोगको प्रवर्द्धन् र नीति निर्माण र रिपोर्टिङ्गका लागि तथ्याङ्क संकलन र विश्लेषण गर्ने राष्ट्रिय क्षमताको सुदृढीकरणमा योगदान पुर्‍याउनुपर्छ।

अनुगमन तथा मुल्याङ्कन नेपाल सरकार र यूएनकन्ट्रीटिमको साझा जिम्मेवारी हुनेछ, जसलाई संयुक्त उन्डाफ सञ्चालक समिति र प्रतिफल कार्यसमूहहरू दुवैमार्फत सम्पन्न गरिनेछ। अनुगमन तथा मुल्याङ्कन समूह उन्डाफको प्रतिफल मेट्रिक्सका लागि, र अनुगमन तथा मुल्याङ्कन योजनाको निर्माण र त्यसको कार्यान्वयनको निगरानीका लागि जिम्मेवार छ। यो समूहले उन्डाफसम्बन्धी अनुगमन तथा मुल्याङ्कन क्रियाकलापहरूका लागि गुणस्तरको आश्वासन र प्राविधिक मार्गदर्शन पनि प्रदान गर्छ।

उन्डाफ प्रतिफल सूचकहरू सम्भव भएसम्म राष्ट्रिय रणनीति र योजनाहरूको अनुगमन र मुल्याङ्कन गर्न प्रयोग गरिने नेपाल सरकारका सूचक, बेसलाईन, लक्ष्य र तथ्याङ्क स्रोतहरूमा आधारित छन्। त्यस्तो एउटा स्रोत राष्ट्रिय योजना आयोगको एसडीजी प्रतिवेदन (२०१६) हो। उन्डाफको प्रगति नियमित रुपमा अनुगमन गरिनेछ र नेपाल सरकारकोसँगको सहकार्यमा यसको अन्तिम बर्षमा उन्डाफको स्वतन्त्र मुल्याङ्कन गरिनेछ। योजना गरिएको विकास प्रतिफलहरूमा संरासङ्घले कुन हदसम्म योगदान पुर्‍याएको छ भन्ने कुराको अतिरिक्त मुल्याङ्कनले संरासङ्घले चार मुख्य कार्यक्रमागत सिद्धान्तहरूलाई कुनस्तरसम्म मूलप्रवाहीकरण गरेको छ भन्ने कुराको पनि समीक्षा गर्नेछ। यो मुल्याङ्कन यूएन मुल्याङ्कन समूहको मान्यता र मापदण्डबाट निर्देशित हुनेछ।

नगद हस्तान्तरणको समर्थन प्राप्त सबै क्रियाकलायहरूको अनुगमनका लागि संरासङ्घीय प्रणालीका निकायहरूसँग सहकार्य गर्न कार्यान्वयन साझेदारहरू सहमत छन् र संरासङ्घीय प्रणालीका निकायहरूले उपलब्ध गराएका नगदको प्रशासनका लागि जिम्मेवार व्यक्ति र सम्बन्धित वित्तीय अभिलेखहरूमा पहुँचको सहजीकरण गर्नेछन्। यससम्बन्धमा कार्यान्वयन साझेदारहरू देहाय विषयमा सहमत छन् :

**उन्डाफ प्रतिफल सूचकहरू सम्भव भएसम्म राष्ट्रिय रणनीति र योजनाहरूको अनुगमन र मुल्याङ्कन गर्न प्रयोग गरिने नेपाल सरकारका सुचक, बेसलाईन, लक्ष्य र तथ्याक्त स्रोतहरूमा आधारित छन्।**

१. संरासङ्घीय प्रणालीका निकायहरू वा उनीहरूका प्रतिनिधिहरूबाट उपयुक्त भए अनुसार र संरासङ्घीय प्रणालीका निकायहरूसँगको उनीहरूको संलग्नता दस्तावेज/सम्झौताहरूका खास दफामा व्याख्या गरिएअनुसार उनीहरूका वित्ती अभिलेखहरूको आवधिक स्थलगत समीक्षा र तत्काल जाँच (स्पट चेक)।

२. परियोजना र स्थलगत भ्रमणका लागि संरासङ्घीय प्रणालीका निकायहरूका मापदण्ड र निर्देशिका अनुसार क्रियाकलापहरूको कार्यक्रमागत अनुगमन।

३. विशेष वा नियमित लेखापरीक्षण। अन्य संरासङ्घीय प्रणालीका निकायहरूसँगको सहकार्यमा (आवश्यक भएको अवस्थामा सम्बन्धित समन्वय मन्त्रालयको परामर्शमा) हरेक संरासङ्घीय संस्थाले एउटा बार्षिक लेखापरीक्षण योजना तर्जुमा गर्नेछ, जसमा संरासङ्घीय प्रणालीका निकायहरूले उपलब्ध गराएको ठूलो मात्राको नगद सहयोग प्राप्त गरेको कार्यान्वयन साझेदारहरूको र वित्तीय व्यवस्थापन क्षमता सुदृढ गरिनु आवश्यक संस्थाहरूको लेखापरीक्षणलाई प्राथमिकता दिइनेछ।

सर्वोच्च लेखापरीक्षण निकायले सरकारी कार्यान्वयन साझेदाहरूको लेखापरीक्षण गर्नसक्ने छ। सर्वोच्च लेखापरीक्षण निकायले संरासङ्घीय प्रणालीका निकायहरूको आवश्यकता अनुसारको मात्रा र क्षेत्रमा खास कार्यान्वयन साझेदारको लेखापरीक्षण नगर्ने निर्णय लिएमा संरासङ्घीय प्रणालीले निजी लेखापरीक्षण सेवाबाट लेखापरीक्षण गराउनेछ।[४४]



[४४] दक्षिण-दक्षिण दृष्टिकोणबाट हेर्दा, क्षमता मुल्याङ्कन प्रक्रियाले अन्य विकासोन्मुख देशहरूलाई कुनै खास देशले प्रदान गर्न सक्ने क्षमता गुण र अन्य विकासोन्मूख देहरूले पूरा गर्नसक्ने क्षमताको अभावलाई पहिचान गर्ने अवसर प्रस्तुत गर्दछ। यूएनडीपीका लागि, गैसस वा राष्ट्रिय रुपमा कार्यान्वयन भएका परियोजनाहरूको लेखापरीक्षण राष्ट्रिय सर्वोच्च लेखापरीक्षण निकायलाई केवल एउटा सर्तमा दिनसक्छ, जसअनुसार सो संस्थाको स्वतन्त्र रुपमा लेखापरीक्षण गर्ने क्षमता प्रमाणित भइसकेको छ। यस सम्बन्धमा अफिस अफ अडिट एण्ड इन्भेस्टिगेसनले आफ्नो इन्ट्रानेट साइटमा सर्वोच्च लेखापरीक्षण निकायहरूको समीक्षाको मार्गनिर्देशन उपलब्ध गराएको छ, जसमा राष्ट्रिय सर्वोच्च लेखापरीक्षण निकायहरूले गरेको त्यस्तो लेखापरीक्षणको विकल्प लिनु अघि अत्यावश्यक मापदण्ड पूरा गरिएको जानकारी गराउन त्यहाँ रहेको एउटा प्रश्नावली पूरा गरी हस्ताक्षरका साथ अफिस अफ अडिट एण्ड इन्भेस्टिगेसनललाई पठाउनुपर्ने हुन्छ। थप जानकारीका लागि अफिस अफ अडिट एण्ड इन्भेस्टिगेसनलको इन्ट्रानेट साइट हेर्नुहोस्।

## ४.२ सञ्चार

यूएनकन्ट्रीटिम नेपालमा मानवअधिकार र विकासलाई प्रभावित गर्ने मुद्दाहरूको प्रमाणमा आधारित सञ्चार र नीतिगत पैरवी सुनिश्चित गर्न प्रतिबद्ध छ । नेपाल औपचारिक रुपमा *डेलिभरिङ्ग एज वान* राष्ट्र नभए तापनि साझा नियमित र एकरुप सन्देश प्रवाह गर्ने र संयुक्त सञ्चारको प्रतिफलहरूमा सुधार ल्याउन राष्ट्रसङ्घीय सञ्चार समूह *(यूएनसीजी)* ले संयुक्त सञ्चार रणनीतिको विकास गरेको छ । यूएनसीजीमा राष्ट्रसङ्घीय निकायहरूका सञ्चार सम्पर्क व्यक्तिहरू समावेश छन् र तुलनात्मक लाभको आधारमा राष्ट्रसङ्घीय निकायहरूका विशेषज्ञता र स्रोत एकीकृत गरेर सामूहिक रुपमा कार्य गर्दछ ।

उन्डाफ अनुसार आन्तरिक र बाह्य सञ्चार वृद्धि गर्न संरासङ्घले बार्षिक कार्ययोजना (बर्षका लागि मुख्य अवसरहरूसहितको संयुक्त सञ्चार योजना) को तर्जुमा गर्छ । एसडीजीहरूको स्थानीयकरणको सफलताको सिकाईका आधारमा यूएनसिजीले उन्डाफ प्रतिफल र विश्वव्यापी विकास लक्ष्यहरूसम्बन्धी एसडीजीहरूको संयुक्त पैरवी र प्रवर्द्धन्को आफ्नो अवधारणालाई थप सुदृढ बनाउने छ । यस रणनीतिले नेपालमा विकासका मुख्य मुद्दाहरू र विकास लक्ष्यहरूलाई अगाडी बढाउन संरासङ्घले उपलब्ध गराउने सहायताबारे जनचेतना जगाउने संयुक्त राष्ट्रङसङ्घीय सञ्चार प्रयासहरूलाई निर्देशित गर्नेछ ।

उन्डाफ अवधिभर यूएन सञ्चार समूह सक्रिय रहनेछ र कार्यक्रमागत प्रतिफलहरूको प्रवर्द्धन् गर्न प्रतिफल कार्यसमूह र अन्य विषयगत समूहहरूसँग प्रत्यक्ष रुपमा संलग्न हुनेछ । समूहले यूएन कन्ट्रीटिम, विकास साझेदार र यूएन कर्मचारीहरूलाई प्रमाणमा आधारित र सुसूचित सञ्चार सहायता पनि उपलब्ध गराउने छ । साझा पैरवी सन्देशहरूलाई विभिन्न माध्यमबाट प्रवाह गर्न यूएनकन्ट्रीटिमलाई यसले सहयोग गर्नेछ । मुख्य सन्देश र उत्पादनहरूको प्रसार गर्न र जनता तथा नीतिगत स्रोतहरूसँगको संलग्नतामा सामाजिक सञ्चारमाध्यमसहित विविध सञ्चारका माध्यमहरूको प्रयोग प्रभावकारी हुने छ । नेपाली र अन्य भाषाहरूसहितको बहुभाषिक सन्देश बृहत जनतासम्म पुग्न महत्वपूर्ण हुनेछ र सम्भव भएसम्म त्यसको प्रयोग गरिने छ ।



# स्रोत प्रारूप र स्रोत परिचालन



## ५. स्रोत प्रारुप र स्रोत परिचालन

राष्ट्रसङ्घीय निकायहरूले उन्डाफ अन्तर्गतका क्रियाकलापहरूको विकास र कार्यान्वयनलाई सहयोग उपलब्ध गराउनेछन् । जसमा प्राविधिक सहयोग, आर्थिक सहयोग, आपूर्ति सामग्री, मालसामान र उपकरण, खरीद सेवा, यातायात, पैरवी, अनुसन्धान र अध्ययन, परामर्श, कार्यक्रम विकास, अनुगमन तथा मुल्याङ्कन, तालिम र कर्मचारी सहयोगका लागि आर्थिक सहयोग समावेश हुनसक्छन् । व्यक्तिगत कार्ययोजना र परियोजना दस्तावेजहरूको आधारमा सहमति भए अनुसार राष्ट्रसङ्घीय निकायहरूको सहयोगको अंश गैरसरकारी र नागरिक समाजका संस्थाहरूलाई पनि उपलब्ध गराउन सकिन्छ ।

थप सहयोगमा राष्ट्रसङ्घीय संस्थाले व्यवस्थापन गरेको विश्वव्यापी सूचना प्रणाली, राष्ट्रसङ्घीय निकायहरूका देशिय कार्यालयहरू र विशेषकृत सूचना प्रणालीमा पहुँचका साथै परामर्शदाता र विकास सेवा प्रदायकहरूको सूची र राष्ट्रसङ्घीय बिशेषकृत निकाय, कोष र कार्यक्रमहरूले उपलब्ध गराउने सहयोगमा पहुँच हुनसक्छ ।कार्यक्रम विकास, कार्यक्रम सहयोग, प्राविधिक सहायताका साथै अनुगमन तथा मुल्याङ्कन क्रियाकलापहरूका लागि राष्ट्रसङ्घीय निकायहरूले कर्मचारी र परामर्शदाताहरूको नियुक्त गर्नेछन् ।

कार्यक्रमको कार्यान्वयनको बार्षिक समीक्षा र प्रगतिको आधारमा राष्ट्रसङ्घीय निकायहरूको रकम पञ्चाङ्ग बर्षको आधारमा र उन्डाफ अनुसार वितरण गरिन्छ । यी बजेटहरूको कार्ययोजना र परियोजना दस्तावेजहरूमा समीक्षा गरी थप विस्तृतीकरण गरिनेछ । सरकार र राष्ट्रसङ्घीय निकायहरूबीच आपसी सहमतिमा खास क्रियाकलापहरूका लागि राष्ट्रसङ्घीय निकायहरूका लागि बिनियोजन नगरिएको रकम अन्य कार्यक्रमागत रुपमा लाभप्रद क्रियाकलापहरूका लागि पुनबिनियोजन गर्न सकिनेछ ।

प्रत्यक्ष नगद हस्तान्तरण वा भुक्तानीको हकमा[४५] राष्ट्रसङ्घीय प्रणाली निकायहरूले राष्ट्रसङ्घीय निकायहरूले कार्यान्वयन साझेदारका लागि अनुमोदन गरेको रकमका बारेमा जानकारी गराउनेछन् र सो रकम कार्यान्वयन साझेदारलाई दश दिन भित्र भुक्तानी गर्नेछ । कार्यान्वयन साझेदारको तोकिएको अधिकारीले हस्ताक्षर गरेको आग्रहको आधारमा कार्यान्वयन साझेदारहरूले बहन गरेको दायित्वका लागि विक्रेतालाई सोझै वा कार्यान्वयन साझेदारहरूसँग सहमत क्रियाकलापहरूको सहयोगमा राष्ट्रसङ्घीय निकायहरूले बहन गरेको दायित्वका लागि विक्रेता वा तेस्रो पक्षलाई भुक्तानी गर्नुपरेको अवस्थामा राष्ट्रसङ्घीय प्रणाली निकायहरूले दश दिन भित्र भुक्तानी अगाडी बढाउनेछ ।

**राष्ट्रसङ्घीय निकायहरूले उन्डाफ अन्तर्गतका क्रियाकलापहरूको विकास र कार्यान्वयनलाई सहयोग उपलब्ध गराउनेछन् ।**

[४५] नेपाल सरकारसँगको सहमतिमा एचएसीटी पद्धतिको अवलम्बन गर्ने राष्ट्रसङ्घीय निकायहरूमा यूएनडीपी, यूएनएफपी र युनिसेफ हुन् ।

कार्यान्वयन साझेदार र तेस्रो पक्ष विक्रेताबीच भएको सम्झौता अन्तर्गतको राष्ट्रसङ्घीय प्रणाली निकायहरूको कुनै प्रत्यक्ष दायित्व हुने छैन । राष्ट्रसङ्घीय प्रणाली निकायहरू र अन्य राष्ट्रसङ्घीय प्रणाली निकायले एउटै कार्यान्वयन साझेदारलाई नगद उपलब्ध गराएको अवस्थामा कार्यक्रमको अनुगमन, वित्तीय अनुगमन र लेखापरीक्षण ती राष्ट्रसङ्घीय प्रणाली निकायहरूसँग संयुक्त रुपमा वा उनीहरूसँगको संयोजनमा गरिनेछ ।

उन्डाफ तर्जुमाको समयमा उन्डाफ २०१८-२०२२ का लागि आवश्यक कुल परिचायक स्रोत प्रतिफल मेट्रिक्समा प्रस्तुत गरिए अनुसार ६२९,७००,३०८ अमेरिकी डलर अनुमान गरिएको थियो, जसमा करिव २० प्रतिशत अर्थात १२,५९४,००६ अमेरिकी डलर राष्ट्रसङ्घीय निकायहरूबाट मुख्य आर्थिक सहायता रहेको थियो । प्रतिफल समूहहरूको बार्षिक समीक्षासँगै बजेटको पनि बार्षिक रुपमा समीक्षा हुनेछ र उन्डाफ कार्यान्वयन अवधिमा आवश्यकता अनुसार समायोजन गरिनेछ ।

उन्डाफमा रहेको आर्थिक स्रोतको अभावलाई सम्बोधन गर्न स्रोत परिचालनको जिम्मेवारी व्यक्तिगत राष्ट्रसङ्घीय निकाय र आवासीय संयोजकअन्तर्गतको यूएनकन्ट्रीटिम दुवैको हुनेछ । आर्थिक सहायता परामपरागत द्विपक्षीय दाताहरूबाट मात्र नभई जलवायु परिवर्तन आर्थिक सहायता संयन्त्रजस्ता नवीन संयन्त्रहरूबाट पनि प्राप्त हुने अपेक्षा गरिएको छ ।



## परिचायक बजेट २०१८- २०२२ (अमेरिकी डलर)

| निकाय | समावेशी आर्थिक वृद्धि | सामाजिक विकास | उत्थानशिलता, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण | शासन व्यवस्था, विधिको शासन र मानवअधिकार | कुल |
|---|---|---|---|---|---|
| एफएओ | ६,000,000 | 0 | ७,६00,000 | 0 | १३,६00,000 |
| आइएइए | १,0७0,६४९ | २७0,५0१ | 0 | १,0६७,६४७ | २,४0८,७९७ |
| आइएलओ | १९,९00,४१0 | ४,000,000 | 0 | 0 | २३,९00,४१0 |
| आइटिसी | ५,६00,000 | | ४00,000 | | ६,000,000 |
| आइओएम | ७५0,000 | ४,000,000 | २,५00,000 | २,000,000 | ९,२५0,000 |
| यूएन ह्याबिट्याट | १,000,000 | ५,000,000 | ५,000,000 | ५00,000 | ११,५00,000 |
| यूएन वुमन | ५,३५३,१६0 | ३३४,५७२ | ६९७,0२६ | १,११५,२४२ | ७,५00,000 |
| यूएन एआइडिएस | 0 | ३00,000 | 0 | 0 | ३00,000 |
| यूएनसिडीएफ | ४,000,000 | 0 | ५00,000 | ५00,000 | ५,000,000 |
| यूएनसिटिएडी | ७५0,000 | 0 | 0 | 0 | ७५0,000 |
| यूएनडिपी | ४३,२८५,000 | 0 | १0३,३८२,४१३ | ५९,११९,000 | २0५,७८६,४१३ |
| यूएनइपी | 0 | 0 | १,२५0,000 | 0 | १,२५0,000 |
| यूनेस्को | 0 | ४,000,000 | १,५00,000 | 0 | ५,५00,000 |
| यूएनएफपीए | 0 | २४,२00,000 | १,000,000 | ५,६२0,000 | ३0,८२0,000 |
| यूनिसेफ | 0 | ११७,५५४,३२८ | १३,0५६,८७२ | २,२८३,८00 | १३२,८९५,000 |
| यूएनओडीसी | ४१६,६६७ | ४१६,६६७ | 0 | ४१६,६६७ | १,२५0,00१ |
| यूएनओपीएस | १२,२१0,000 | १,५३८,000 | १२,६२८,000 | १५,६00,000 | ४१,९७६,000 |
| यूएनभी | २५0,000 | 0 | 0 | ७५0,000 | १,000,000 |
| डब्लुएफपी | ३२,९३९,७५0 | ४४,८0३,000 | ३३,३४५,000 | २३0,000 | १११,३१७,७५0 |
| डब्लुएचओ | 0 | २५,३१४,३६५ | ५,९९0,३७0 | 0 | ३१,३0४,७३५ |
| कुल | १३३,५२५,६३६ | २३१,७३१,४३३ | १८८,८४९,६८१ | ८९,२0२,३५६ | ६४३,३0९,१0६ |

# अनुसूची





## प्रतिफल क्षेत्र १ : दिगो र समावेशी आर्थिक वृद्धि

**प्रतिफल सारंश : सन् २०२२ सम्ममा आर्थिक रुपमा जोखिममा परेका, वेरोजगार र अल्पवेरोजगार व्यक्तिहरूको दिगो जीविकोपार्जन, सुरक्षित र मर्यादित रोजगार र आम्दानीका अवसरहरूमा बढ्दो पहुँच हुँनेछ ।**

**प्रतिफल परिवर्तनको सिद्धान्तः**
यदि देशले उत्पादक रोजगारी, असमानता न्यूनीकरण ; आधारभूत सामाजिक तथा आर्थिक पूर्वाधार ; उन्नत कृषि उत्पादन र साना तथा मझौला उद्यमसहित व्यवसायका लागि सुहाउँदो वातावरण र घरेलु तथा आप्रवासी श्रम र मानव पूँजी विकाससहित समावेशी वृद्धिका मुख्य प्रेरकहरुलाई सम्बोधन गर्ने कार्यक्रम तथा नीतिहरुको कार्यान्वयन गरिरहेको छ भने सबै जोखिममा परेका व्यक्तिहरुसहित सबैको मर्यादित रोजगारी र आम्दानीका अवसरहरुमा बढ्दो पहुँच भई अन्ततः गरीबी न्यूनीकरणमा योगदान पुग्न जानेछ ।

**सम्बन्धित एसडीजी** : १, २, ५, ८, ९

**नेपाल सरकार तीन बर्षीय योजना सम्बन्धः** उत्पादक रोजगारी र समावेशी उच्च आर्थिक वृद्धिमार्फत गरिबी न्यूनीकरण

**संरासंघ निकायहरुः** एफएओ, आइएईए, आईएलओ, आइटिसी, आईओएम, यून-ह्याबिट्याट, यून वुमन, यूएनसिडिएफ, यूएनसीटीएडी, यूएनडीपी, यूएनओडिसी, यूएनओपिएस, यूएनभी, डब्लुएफपी

**साझेदारहरुः** राष्ट्रिय योजना आयोग, श्रम तथा रोजगार मन्त्रालय, कृषि मन्त्रालय, वाणिज्य मन्त्रालय

**सांकेतिक बजेटः**
**१३३,५२५,६३६ अमेरिकी डलर**

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| राष्ट्रिय गरिबीको रेखामुनी रहेका जनसङ्ख्याको अनुपात | आधाररेखा : २१.६% (२०१७)<br>लक्ष्य : १३.८ % | बार्षिक घरपरिवार सर्वेक्षण<br>नेपाल जीवनस्तर सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| कुल रोजगारीमा दिनको १.२५ डलरभन्दा कममा जीवन निर्वाह गरिरहेका रोजगारीमा संलग्न व्यक्तिहरु | आधाररेखा : २२ %<br>लक्ष्य : १२.२ % | श्रम शक्ति सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| महिलाहरुको घरेलु श्रममा बिताउने औसत घण्टा | आधाररेखा : प्रति दिन १४ घण्टा<br>लक्ष्य : प्रति दिन १०.२७ घण्टा | श्रम शक्ति सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| कुल आयमा तल्लो ४०% प्रतिशतको अंश | आधाररेखा : ११.९०%<br>लक्ष्य : १५ % | बार्षिक घरपरिवार सर्वेक्षण,<br>नेपाल जीवनस्तर सर्वेक्षण |
| अपर्याप्त खाद्यान्न उपभोग गर्ने घरपरिवारहरु | आधाररेखा : १५.५०%<br>लक्ष्य : १०.५० % | बार्षिक घरपरिवार सर्वेक्षण,<br>नेपाल जीवनस्तर सर्वेक्षण |
| अल्पपोषणको उपस्थिति | आधाररेखा : ३६.१%<br>लक्ष्य : २०.६ % | एसडीजी अनुगमन प्रतिवेदन |
| न्यूनतम स्तरको आहारजन्य उर्जा उपभोग भन्दा मूनि रहेको जनसङ्ख्या | आधाररेखा : २२.८%<br>लक्ष्य : १४.३ % | एसडीजी अनुगमन प्रतिवेदन |
| सीपयुक्त रोजगारीमा संलग्न आप्रवासी श्रमिकहरुको प्रतिशत | आधाररेखा : ३० %<br>लक्ष्य : ४० % | बार्षिक आप्रवासन प्रतिवेदन,<br>श्रम तथा रोजगार मन्त्रालय,<br>वैदेशिक रोजगार विभाग अभिलेख |

**जोखिमहरुः**
राजनीतिक अस्थिरता
सङ्घीयताको समाधान नभएको अवस्थाको निरन्तरता
श्रमिक लिने मुख्य देशहरुमा आर्थिक संकटले बेरोजगारी र नेपाली आप्रवासी श्रमिकहरुको फिर्ती
ठूला प्राकृतिक विपद्का घटना
लक्षित समूहहरुलाई आर्थिक अवसरहरुमा सहभागी गराउन सामाजिक सुरक्षाका संयन्त्रहरु पर्याप्त छैनन् ।
वेरोजगारीको दरमा वृद्धि

**अनुमानहरु :**
समावेशी आर्थिक वृद्धि र कृषि विकास यो त्रिबर्षीय योजना पछि पनि नेपाल सरकारको प्रथामिकतामा रहने छ ।
आर्थिक वृद्धिको नीतिमा सुधार गर्ने राजनीतिक इच्छा छ ।
समावेशी आर्थिक वृद्धिमा योगदान दिन दाताहरु इच्छुक छन् ।
नेपाली श्रमिकहरुको आप्रवासनको प्रवृत्ति समान रहन्छ ।
रोजगारीका अवसरहरुबाट लाभ लिन लक्षित जोखिममा परेका व्यक्तिहरुको आधारभूत सामाजिक संरक्षणमा पहुँच हुनेछ ।

## प्रतिफल क्षेत्र २ : सामाजिक विकास

**प्रतिफल सारांश : सन् २०२२ सम्ममा सबैका लागि, बिशेषगरी जोखिममा परेका व्यक्तिहरुका लागि सुधारिएको, समतामूलक पहुँच भएको गुणस्तरीय आधारभूत सेवाहरुको उपलब्धता र उपयोगिता हुनेछ ।**

**प्रतिफल परिवर्तनको सिद्धान्त :**
यदि समुदाय र जोखिममा परेका समूहहरूको बढ्दो ज्ञान र हानीकारक सामाजिक प्रचलनहरूको अभ्यासमा कमीका कारण बढेको माग सन्तुलनका लागि (सामाजिक संरक्षण, लैङ्गिकतामा आधारित हिंसा आदीका लागि) देशमा गुणस्तरिय सामाजिक सेवा (शिक्षा, स्वास्थ्य, पानी तथा सरसफाई, पोषण, खाद्य सुरक्षा)को प्रभावकारी प्रवाह/कार्यान्वयनका लागि सक्षमता सहितको एकिकृत राष्ट्रिय प्रारुप, नीति र कानूनका साथै सशक्त अनुगमन संयन्त्र उपलब्ध छन् भने, त्यसले सर्वसाधारण साथै विशेषतः सीमान्तकृत समूहहरूद्वरा गुणस्तरिय आधारभूत सामाजिक सेवाहरूमा पहुँच एवं उपभोगमा सुधार ल्याउनेछ, जसले अन्ततः उनीहरूको सामाजिक प्रतिष्ठामा सुधार ल्याउन योगदान गर्नेछ ।

**संरासंघ निकायहरुः** आइएईए, आईएलओ, आईओएम, यून-ह्याबिट्याट, यून वुमन, यूएन एड्स, यूएनएफपीए, यूनिसेफ, यूएनओडिसी, यूएनओपिएस, डब्लुएचओ

**साझेदारहरुः** शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, अन्य

**सम्बन्धित एसडीजी :** १, २, ३, ५, ६, ११, १६, १७

**नेपाल सरकार तीन बर्षीय योजना सम्बन्धः** रणनीति ३, सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार

**सांकेतिक बजेटः**
**२३१,७३१,४३३ अमेरिकी डलर**

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| सीपयुक्त स्वास्थ्यकर्मीद्वारा गराइएका जन्महरू | आधाररेखा : ५८%<br>लक्ष्य : ७५% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>बहु सूचक क्लस्टर सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| दादुराको खोप दिइएको | आधाररेखा : ८७.७%<br>लक्ष्य : >९०% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>बहु सूचक क्लस्टर सर्वेक्षण |
| पाँच वर्ष मुनिका बालबालिकामा निमोनियाको दर (प्रति १,०००मा) | आधाररेखा : १२%<br>लक्ष्यः १३८ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखालाजन्य रोगहरूको उपस्थिति (%मा) | आधाररेखा : १२%<br>लक्ष्य : ६% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>बहु सूचक क्लस्टर सर्वेक्षण |
| १५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | आधाररेखा : ६३.७% (पुरुष ७६.२ %, महिला : ५३.३ %)<br>लक्ष्य : ७५% | बार्षिक घरपरिवार सर्वेक्षण<br>केन्द्रीय तथ्याङ्क विभाग |
| कक्षा ८मा विद्यार्थीहरूको सिकाईको उपलब्धी | आधाररेखा : गणित ३५%, नेपाली ४८%, विज्ञान ४१%<br>लक्ष्य : गणित ५५%, नेपाली ५७%, विज्ञान ५५% | विद्यार्थीहरूको उपलब्धीको राष्ट्रिय लेखाजोखा |

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| कक्षा ८ सम्म रहने दर | आधाररेखा : ७६.६%<br>लक्ष्य : ९७% | वार्षिक फ्ल्यास प्रतिवेदन, शिक्षा विभाग |
| पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपना | आधाररेखा : ३६%<br>लक्ष्य : २८% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| पाँच वर्ष मुनिका बालबालिकामा कमजोरीपना | आधाररेखा : १०%<br>लक्ष्य : ७% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| परिवार नियोजनका आधुनिक तरिकाहरूबाट सन्तुष्ट भएर मागको अनुपात | आधाररेखा : ५६%<br>लक्ष्य : ७४% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| किशोरावस्थामा प्रजनन दर (१५देखि १९ उमेर समूहका प्रति १००० महिलामा) | आधाररेखा : ७१%<br>लक्ष्य : ५१% | बहु सूचक क्लस्टर सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन<br>नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| १८ वर्ष भन्दा पहिले विवाह भएका वा सम्बन्धमा भएका २० देखि २४ वर्ष उमेरका महिलाहरूको अनुपात | आधाररेखा : ४०.७%,<br>लक्ष्य : २०% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>एसडीजी अनुगमन प्रतिवेदन |
| शारीरिक वा यौन हिंसा अनुभव गरेका र कुनै न कुनै समयमा सहयोग वा सेवा मागेका १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | आधाररेखा : २२.८%<br>लक्ष्य : ४०% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| समुदायस्तरमा सुरक्षित तरिकाले व्यवस्थापन गरिएको पिउने पानी सेवा प्रयोग गरिरहेका जनसंख्याको अनुपात | आधाररेखा : ८३.६%<br>लक्ष्य : ९८% | खानेपानी तथा सरसफाई मन्त्रालय |
| सुधारिएको शौचालय भएका जनसंख्याको अनुपात | आधाररेखा : ६२%<br>लक्ष्य : ८२% | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>खानेपानी तथा सरसफाई मन्त्रालय |

**जोखिमहरु :**

सरकारी निकाय/सम्बन्धित मन्त्रालयहरूमा आर्थिक सिमितता
भूमिकामा स्पष्टताको अभाव र स्थानीय स्तरमा सिमित क्षमता
विपत्/आकस्मिक अवस्थाहरू (आइपर्नु)
संस्थागत स्मरणको कमी
सरकारी कर्मचारीहरूको छिटोछिटो फेरबदल भइरहनु
हानीकारक प्रचलन तथा प्रतिबन्धहरू (छाउपडी, धामीझाँक्रि, बालविवाह)
केहि सामाजिक समूह/नेताहरूबाट विरोध
पितृसत्तात्मक सोच

**अनुमानहरु :**

विभिन्न सामाजिक क्षेत्रसंग सान्दर्भिक नीति तथा रणनीतिहरूको अनुमोदन एवं कार्यान्वयनका लागि राजनीतिक इच्छाशक्ति
आर्थिक तथा मानवीय स्रोतको पर्याप्त उपलब्धता
राजनीतिक स्थायीत्व र संघीय सरकारको सहयोगी भूमिका

## प्रतिफल क्षेत्र ३ : पुनर्उत्थानशीलता, विपत जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन

**प्रतिफल सारंश : सन् २०२२ सम्ममा, वातावरणीय व्यवस्थापन, दिगो पुनर्लाभ तथा पुनर्निर्माण एवं विपत र जलवायु परिवर्तनप्रतिको पुनर्उत्थानशीलता सबै तहमा सुदृढ भएको हुनेछ ।**

**प्रतिफल परिवर्तनको सिद्धान्त:**
यदि सरकारले विपत जोखिम न्यूनीकरण एवं जलवायु परिवर्तन अनुकूलन (र वातावरण व्यवस्थापन)मा ज्ञान बृद्धिलाई प्राथमिकीकरण गरेमा, प्रणाली, विधि, निर्देशिका, जोखिम/जोखिममा परेकाताको मूल्याङ्कनसम्बन्धी तथ्याङ्क, विश्लेषणका प्रणाली बनेका हुन्छन्, जसले गर्दा प्रमाण जुटाउने, उपलब्ध गराउने र प्रसारित गर्ने गरिएको हुन्छ

**सम्बन्धित एसडीजी:** ११, १३

**नेपाल सरकार तीन बर्षीय योजना सम्बन्ध:** रणनीति ५, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, वातावरणीय संरक्षण र विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग

**संरासंघ निकायहरु:** एफएओ, आइएईए, आइटिसी, आईओएम, यून-ह्याबिट्याट, यून वुमन, यूएन सीडीएफ, युएनडीपी, युनेस्को, यूएनएफपीए, यूनिसेफ, यूएनभी, यूएनओपिएस, डब्लुएफपी, डब्लुएचओ

**साझेदारहरु:** गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, उर्जा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि मन्त्रालय, वातावरण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालय

**सांकेतिक बजेट:**
**१८८,८४९,६८१ अमेरिकी डलर**

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| सन् २००५ र २०१५ बिचमा भएको औसत वार्षिक मानव जीवन क्षतिका तुलनामा मानव जीवनको वार्षिक क्षतिमा कमी | आधाररेखा : २.६६ व्यक्ति/१००,००० (७४५)<br>ठूला विपतमा ५.८५/१००,००० (१,६३८ व्यक्ति)<br>लक्ष्य : २.१६ व्यक्ति/१००,००० (६४८८)<br>ठूला विपतमा ५.३५/१००,००० (१,६०० व्यक्ति८)<br>८ सन् २०२२ सम्ममा जनसंख्यामा २० लाखले बृद्धि हुनेछ भन्ने आधारमा | गृह मन्त्रालय ( विपत जोखिम न्यूनीकरण पोर्टल)<br>विपत प्रतिवेदन (अर्धवार्षिक) |
| विपतका कारण भएका क्षति एवं नोक्सानको सही तथा विश्वसनीय सूचना उपलब्ध गराउनका लागि राष्ट्रिय विपतव्यवस्थापन सूचना प्रणालीको स्थापना | आधाररेखा : ०<br>लक्ष्य : १ राष्ट्रिय स्तर, २ प्रदेश स्तर | सम्बन्धित मन्त्रालयहरू |
| गाउँपालिका तथा नगरपालिकाहरूका लागि विपतमा सहयोग र पुनर्प्राप्तीका लागि नयाँ नीति तथा कानूनद्वारा निर्देशित संस्थागत संयन्त्र र कार्ययोजनाहरू | आधाररेखा : ०<br><br>लक्ष्य : ३५% | राष्ट्रिय विपत जोखिम न्यूनीकरण नीति तथा रणनैतिक कार्ययोजना<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रतिवेदन |

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| नयाँ नगरपालिका तथा गाउँपालिकाले अवलम्बन गरेका स्थानीय जलवायु अनुकूलन योजना र स्थानीय विपत जलवायु जोखिम व्यवस्थापन योजना (एलडीसीआरएमपी) संख्या | आधाररेखा : ० <br> लक्ष्य : <br> स्थानीय जलवायु अनुकूलन योजना : ५२ <br> एलडीसीआरएमपी : ६०% | एसडीजी अनुगमन प्रतिवेदन <br> जनसंख्या तथा वातावरण मन्त्रालय <br> संघीय मामिला तथा स्थानीय विकास का मन्त्रालय |

**जोखिमहरु:**
आर्थिक तथा मानवीय स्रोतको अपर्याप्तता
अनपेक्षित आकस्मिक र संकटकालीन अवस्था

**अनुमानहरु:**
सेन्डाइ विपत जोखिम न्यूनीकरणका प्राथमिकताहरू र पुनर्उत्थानशीलताका लागि एसडीजी लक्ष्यहरू (११ र १३) कार्यान्वयन प्रति सरकारको प्रतिबद्धतामा निरन्तरता

## प्रतिफल क्षेत्र ४ : शासनप्रणाली, विधिको शासन तथा मानव अधिकार

**प्रतिफल सारंश : सन् २०२२ सम्ममा, सबैका लागि र विशेषगरि जोखिममा परेका मानिसहरूका लागि विधिको शासन, सामाजिक न्याय र मानव अधिकार सुनिश्चितता तर्फ समावेशी, प्रजातान्त्रिक, जवाफदेही र पारदर्शी संस्थाहरू थप सुदृढ भएका हुन्छन् ।**

**प्रतिफल परिवर्तनको सिद्धान्तः**
यदि (१) समावेशी संघीय संरचनाहरू बनेका छन् भने, जिम्मेवारीका पद सम्हालेकाहरू समावेशी सेवाका लागि जवाफदेही हुन्छन्, द्वन्द्वपीडित संवेदनशील संक्रमणकालीन न्यायका संयन्त्रहरू पूर्ण रुपमा काम गरिरहेका हुन्छन्, निर्णायक तहमा महिला र सीमान्तकृत समूहको सहभागिता बढेको हुन्छ, सबैभन्दा जोखिममा परेका र सुविधाबाट बञ्चित समूहको न्यायमा पहुँचमा सुधार भएको हुन्छ; त्यसपछि (२) सबैभन्दा जोखिममा परेका र सीमान्तकृत अधिकारका हकदारहरूले मानव अधिकार र न्यायको अनुभूति गर्छन्, किनभने (३) आफ्नो अधिकारमा दाबी गर्नका लागि (सबैभन्दा) जोखिममा परेका र सीमान्तकृत समूहहरू सशक्त भएका हुन्छन् र समावेशी संस्था, कानूनी ढाँचा र स्रोतहरू सहित जिम्मेवारीका पद सम्हालेका व्यक्तिहरू सुशासनप्रति जवाफदेही हुन्छन

**सम्बन्धित एसडीजीः** ५, १०, १६, १७

**नेपाल सरकार तीन बर्षीय योजना सम्बन्धः** रणनीति ३, सामाजिक विकास र सामाजिक सुरक्षा/संरक्षणमार्फत मानव विकासमा दिगो सुधार र रणनीति ४, प्रभावकारी तथा जवाफदेही सार्वजनिक वित्त एवं स्वच्छ, पारदर्शी र सर्वसाधारण-मैत्री सार्वजनिक सेवा मार्फत सुशासन र मानव अधिकारको प्रवर्धन

**संरासंघ निकायहरुः** आईओएम, यून-ह्याबिट्याट, यून वुमन, यूएन सीडीएफ, युएनडीपी, युनेस्को, यूएनएफपीए, यूनिसेफ, युएनओडीसी, युएनआरसीपीडी, यूएनभी, यूएनओपिएस, डब्लुएफपी

**साझेदारहरुः** कानून मन्त्रालय, न्याय मन्त्रालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय एवं मन्त्री परिषद्, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, संवैधानिक एवं अन्य आयोगहरू, व्यवस्थापकीय संसद, सर्वोच्च अदालत

**सांकेतिक बजेटः**
**८९,२०२,३५६ अमेरिकी डलर**

| सूचकहरु | आधाररेखा (बेसलाइन)/लक्ष्यहरु | प्रमाणीकरणको माध्यम |
|---|---|---|
| सार्वजनिक संस्थामा महिलाहरूले निर्णयक तहमा ओगटेको पदको अनुपात | आधाररेखा : ०.१५%<br>लक्ष्य : ०.२४३% | एसडीजी अनुगमन प्रतिवेदन |
| विगत १२ महिनामा घुस/उपहार दिनुपरेको कम्तीमा एक घटना भोगेका व्यक्तिहरूको प्रतिशत (भ्रष्टाचारबारे मानिसहरूको धारणा) | आधाररेखा : २९%<br>लक्ष्य : १५% | एसडीजी अनुगमन प्रतिवेदन |
| नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षाका कार्यान्वयन गरेको सुझावहरूको प्रतिशत | आधाररेखा : ७.५%<br>लक्ष्य : ४०% | यूपीआर वार्षिक प्रतिवेदन |
| विधिको शासन सूचकाङ्क | आधाररेखा : स्थान २७ (०.६५)<br>लक्ष्य : सन् २०१९मा स्थान २६ (०.७) | विधिको शासन सूचकाङ्क |
| सार्वजनिक प्रशासनको गुणस्तर (६ पूर्णाङ्कमा) | आधाररेखा : ३.१०<br>लक्ष्य : ४.१० | एसडीजी अनुगमन प्रतिवेदन |

**जोखिमहरु :**
संघीयता सम्बन्धि स्थानीय/क्षेत्रीय तनाव
अप्रत्यासित नीतिगत वातावरण
दण्डहीनताको निरन्तरता

**अनुमानहरु :**
संविधानका प्रमुख मुद्दाहरूमा राजनीतिक सहमति भएको हुनेछ
सर्वोच्च अदालतले सन् २०१५ मा गरेको फैसला अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन लगायत, आवश्यक कानूनहरूको तयारी एवं अनुमोदन
संघीय, प्रादेशिक र स्थानीय सरकारहरूको समयमै निर्वाचन
संक्रमणकालीन न्याय आयोगको कार्यावधि थप गरिएको हुनेछ
स्थानीय तथा प्रदेश तहमा पर्याप्त स्रोतहरू उपलब्ध हुनेछन् निगरानीका संयन्त्र एवं संस्थाहरू स्थापित र सुव्यवस्थित भएका हुनेछन्

# अनुगमन तथा मूल्याक्तन तालिका

| क्रियाकलाप | | २०१८ (वर्ष १) | २०१९ (वर्ष २) | २०२० (वर्ष ३) | २०२१ (वर्ष ४) | २०२२ (वर्ष ५) |
|---|---|---|---|---|---|---|
| सर्वेक्षण/अध्ययन | बार्षिक घरपरिवार सर्वेक्षण | | | | | |
| | नेपाल जीवनस्तर सर्वेक्षण | | | | | |
| | श्रम शक्ति सर्वेक्षण | | | | | |
| | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण | | | | | |
| | एमआइसीएस | | | | | |
| आइसीएस | मध्यावधि मूल्याङ्कन | | | | | |
| | अन्तिम अन्तिम मूल्याङ्कन | | | | | |
| समीक्षाहरू | उन्डाफ वार्षिक समीक्षा | | | | | |
| | एसडीजी राष्ट्रिय अवस्था समीक्षा | | | | | |
| | विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) | | | | | |
| | उन्डाफ नतिजा र/वा यूएनसीटी | | | | | |
| | वार्षिक समीक्षा | | | | | |
| | सीपी वार्षिक समीक्षा | | | | | |
| प्रतिवेदन/तथ्याङ्क रेकर्ड | यूएनडीपी मानव विकास प्रतिवेदन | | | | | |
| | वार्षिक आप्रवासन प्रतिवेदन | | | | | |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागका रेकर्डहरू | | | | | |
| | विद्यार्थीहरूको उपलब्धिको राष्ट्रिय लेखाजोखा | | | | | |
| | वार्षिक फ्ल्यास प्रतिवेदन, शिक्षा विभाग | | | | | |
| | एनआरए प्रगति प्रतिवेदन | | | | | |
| | गृह मन्त्रालयको डिआरआर पोर्टल तथ्याङ्क | | | | | |
| | अर्धवार्षिक विपद् प्रतिवेदन | | | | | |
| | विधिको शासन सूचकाङ्क | | | | | |
| | भ्रष्टाचार दृष्टिकोण सूचकाङ्क | | | | | |
| | उन्डाफ वार्षिक प्रतिवेदन | | | | | |
| अनुगमन प्रणाली/विधि/अनुगमन तथा मूल्याङ्कन क्षमता विकास | स्थलगत भ्रमण | | | | | |
| | आन्तरिक प्रशिक्षण (यूएन कर्मचारी) | | | | | |
| | सरकारी साझेदारहरूलाई प्रशिक्षण | | | | | |
| | विकास साझेदारहरूलाई प्रशिक्षण | | | | | |

# नेपाल उन्डाफ २०१८-२०२२का लागि कानूनी आधार

**नेपाल सरकार (यसपछि "सरकार" भनि सम्बोधन गरिएको)ले निम्नलिखितमा सहमत भएकोले :**

क) सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यसपछि यूएनडीपी भनि सम्बोधन गरिएको)ले देशका लागि यूएनडीपीको सहयोग सञ्चालनका लागि आधारभूत सहमति (स्ट्याण्र्डड आधारभूत प्रारुप सहमति) गरेका छन्, जसमा दुवै पक्षले २३ फेब्रुवरी १९८४मा हस्ताक्षर गरे । स्ट्याण्र्डड आधारभूत प्रारुप सहमतिको धारा १ को अनुच्छेद २ अनुसार यूएनडीपीका दक्ष अंगहरूको सान्दर्भिक एवं उचित प्रस्ताव एवं निर्णय अनुसार आवश्यक कोष यूएनडीपीमा उपलब्ध भएको अवस्थामा, यूएनडीपीले सरकारलाई प्रदान गर्ने सहयोग सरकारलाई उपलब्ध गराउनेछ । विशेषगरि २८ जनवरी २००५मा यूएनडीपीको कार्यकारी बोर्डले गरेको निर्णय २००५/१मा नयाँ वित्तिय नियमहरू पारित गरेको छ र तीसंगै "कार्यसम्पादन (भहभअगतष्यल)" र "कार्यान्वयन (ष्उभिभलतबतष्यल)" का नयाँ परिभाषाले यूएनडीपीलाई यूएनडीजीको सरलीकरण र सामाञ्जस्यीकरण पछिको नयाँ साझा देशीय कार्यक्रमका कार्य-प्रकृयाहरू कार्यान्वयन गर्नसक्ने बनाएको छ । यस निर्णयका आधारमा एक कार्ययोजना (जुन उन्डाफको एक अंश बन्नेछ, र यसमा सन्दर्भका रुपमा संलग्न गरिएको छ) सहितको यो उन्डाफ मिलेर एक परियोजना दस्तावेज बनेको छ, जसलाई एसबीएफए भनिएको छ ।

ख) डिसेम्बर १९६० मा संयुक्त राष्टसंघीय बालकोष (यूनिसेफ) र सरकार बिच एक आधारभूत सहकार्य सहमति भएको र २१ फेब्रुवरीमा संशोधित गरिएको छ ।

ग) विश्व खाद्य कार्यक्रमको सहयोग सम्बन्धी एक आधारभूत सहमति भएको छ, जुन सहमतिमा ३० अगस्त १९६७ मा सरकार र विश्व खाद्य कार्यक्रमले हस्ताक्षर गरेको थियो ।

घ) २३ फेब्रुवरी १९८४मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र नेपाल सरकार बिच भएको एक आधारभूत सहमतिमा ("आधारभूत सहमति"मा) यथोचित परिवर्तन सहित यूएनएफपीएका क्रियाकलाप र कर्मचारीमा लागू हुन्छ र २६ फेब्रुवरी १९९६मा यूएनएफपीएका कार्यकारी निर्देशकले गृह मन्त्रालयलाई पठाएको पत्र र सरकारले ३ अक्टोबर १९९६मा सहमति नै यूएनएफपीए र नेपाल सरकार बिचको सम्बन्धको कानूनी आधार हो । यस उन्डाफ र यसको अंश बन्नेगरि यससंग संलग्न कुनैपनि कार्ययोजना सहितले "आधारभूत सहमतिमा उल्लेखित परियोजना दस्तावेज भन्ने जनाउँछ ।

ङ) संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफएओ)संग २४ फेब्रुवरी १९७७ मा नेपालमा एफएओको प्रतिनिधित्व शुरु गर्ने सहमति भएको छ ।

च) अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)संग ३ सेप्टेम्बर २००७ मा नेपाल सरकार र आइओएम बिच एक सहकार्य सहमतिमा हस्ताक्षर गरिएको छ ।

छ) यूएन-ह्याबिटाटसंग ३० अक्टोबर २०१४ मा नेपाल सरकार र यूएन ह्याविटाट बिच सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

ज) संयुक्त राष्ट्रसंघीय वातावरणीय सभा (यूएनइए) मार्फत् संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम र यूएनइएको स्वीकृतिमा यूएनइपीको मध्यकालिन रणनीति २०१४-२०१७, २०१८-२०२१ र सम्बन्धित कार्यक्रम

झ) लैङ्गिक समानता एवं महिला सशक्तिकरणका लागि संयुक्त राष्ट्रसंघीय संस्था (यूएन वुमन)संग २३ फेब्रुवरी १९८४मा नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) बिच सामान्य आधारभूत सहयोग सहमति (एसबीएए) भएको छ र त्यसमा यथोचित परिवर्तन सहित ९ डिसेम्बर २०१४मा यूएन वुमन र नेपाल सरकार बिचको पत्र आदानप्रदान अनुसार नेपाल अवस्थित यूएन वुमन, त्यसका कार्यालयस्थल, भवन, सम्पत्ति साथै कर्मचारीमा पनि लागू हुनेगरि विस्तार गरिएको छ ।

ञ) यूएनओपीएसले नेपालमा देशीय कार्यालय दर्ता गर्ने प्रयास गरिरहेको छ ।

ट) अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को नेपालस्थित कार्यालयसंग, संयुक्त राष्टसंघका विशिष्ट निकायहरूमध्ये एकका रुपमा (उपदफा ९), नेपाल सरकार र यूएनडीपी बिच २३ फेब्रुवरी १९८४ मा एक सहमति भएको छ ।

ठ) सबै निकायका लागि : डब्लूएचओ, यूनेस्को, यूएन एड्स, यूएनएचसीआर, यूएनओडीसी, आइएइए, आइएफएडी, आइटीसी, यूएनआइडीओ, यूएनसीटीएडी, यूएनसीआइटीआरएएल, यूएनआरसीपीडी सम्बन्धित संयुक्त राष्टसंघका सञ्चालक संरचनाहरूका सान्दर्भिक एवं उचित प्रस्ताव एवं निर्णय अनुसार आवश्यक कोष उपलब्ध भएको अवस्थामा सरकारलाई प्रदान गर्ने सहयोग सरकारलाई उपलब्ध गराउनेछ ।

# अन्तर्राष्ट्रिय सम्झौता, सन्धि, अभिसन्धि र नेपालले हस्ताक्षर, अनुमोदन र लागू गरेको अवस्थाको सूची

| सम्झौता/सन्धि | हस्ताक्षरको मिति | अनुमोदन गरेको मिति | लागू भएको मिति | सर्त/रोक |
|---|---|---|---|---|
| **क. सामान्य** | | | | |
| नागरिक उड्डयन सुरक्षा विरुद्धका गैरकानूनी क्रियाकलाप रोकथामसम्बन्धी सन्धि (मन्ट्रियल सन्धि) १९७१ | २३ सेप्टेम्बर ७१ | ११ जनवरी ७९ | १० फेब्रुवरी ७९ | |
| जैविक विविधतासम्बन्धी सन्धि, १९९२ | | २३ नोभेम्बर ९३ | २२ फेब्रुवरी ९३ | |
| लोपोन्मुख प्रजातिका वनस्पति र वन्यजन्तुको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी सन्धि, १९७३ | | १८ जुन ७५ | १७ सेप्टेम्बर ७५ | |
| अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्र संरक्षणसम्बन्धी सन्धि, १९७१ | | १७ डिसेम्बर ८७ | | |
| जेनेभा सन्धि, १९५८ | | २८ डिसेम्बर ६२ | २७ जनवरी | |
| बन्धक बनाउने विरुद्धको अन्तर्राष्ट्रिय सन्धि, १९७९ | | ९ मार्च ९० | ८ अप्रिल ९० | |
| **ख. हतियार तथा सुरक्षा** | | | | |
| समुद्रमा हतियार नियन्त्रण सम्झौता | ११ फेब्रुवरी ७१ | ६ जुलाई ७१ | १८ मे ७२ | |
| जैविक हतियारसम्बन्धी सन्धि | १० अप्रिल ७२ | ११ नोभेम्बर १६ | २६ मार्च ७५ | |
| बेलायत-भारत-नेपाल त्रिपक्षीय सम्झौता | १ डिसेम्बर ४७ | १० डिसेम्बर ४७ | १२ डिसेम्बर ४७ | |
| रसायनिक हतियार सन्धि | १९ जनवरी ९३ | १८ नोभेम्बर ९७ | १८ डिसेम्बर ९७ | |
| ब्याक्टेरियाजन्य (जैविक) एवं जैविक विष हतियार विकास, उत्पादन र भण्डारणमा रोक तथा तिनलाई नष्ट गर्ने सन्धि | १० अप्रिल ७२ | ४ नोभेम्बर १६ | २६ मार्च ७५ | |
| आणविक परीक्षण प्रतिबन्धसम्बन्धी बृहत सम्झौता | ८ अक्टोबर ९६ | नेपालले हालसम्म अनुमोदन नगरेको | हालसम्म लाग नभएका | |
| रसायनिक हतियार विकास, उत्पादन, भण्डारण र प्रयोगमा रोक तथा तिनलाई नष्ट गर्ने सन्धि | १९ जवनरी ९३ | १८ नोभेम्बर ९७ | २९ अप्रिल ९७ | |
| स्वासप्रश्वासमा अवरोध गराउने, विषाक्त वा अन्य ग्यास र ब्याक्टेरियाजन्य विधिको युद्धमा प्रयोगमा प्रतिबन्धका लागि अभिसन्धि (१९२५को जेनेभा सन्धि भनि चिनिने) | नेपालले हस्ताक्षर नगरेको | ९ मे ६९ | | |
| आणविक हतियार प्रसारविरुद्धको सन्धि | १ जुलाई ६८ | ५ जवनरी ७० | ५ मार्च ७० | |
| वायुमण्डल, बाहिरी अन्तरिक्ष र पानीमुनि आणविक हतियार परीक्षणमा प्रतिबन्धको सन्धि | २६ अगस्त ६३ | ७ अक्टोबर ६४ | १० अक्टोबर ६३ | |
| आणविक हतियार र नरसंहारका हतियारलाई समुद्रपिँध र सागर तल र भूमितलमा अभिस्थापनमा प्रतिबन्धको सम्झौता | ११ फेब्रुवरी ७१ | ६ जुलाई ७१ | १८ मे ७२ | |
| चन्द्रमा र अन्य खगोलिय वस्तुहरू लगायत, बाहिरी अन्तरिक्षको खोज र प्रयोगमा राज्यहरूका क्रियाकलापलाई नियमन गर्ने सिद्धान्तको सम्झौता | ३ फेब्रुवरी ६७ | १० अक्टोबर ६७ | १० अक्टोबर ६७ | |

*Continued: Annex 4*

*Continued: Annex 4*

| सम्झौता/सन्धि | हस्ताक्षरको मिति | अन'मोदन गरेको मिति | लागू भएको मिति | सर्त/ रोक |
|---|---|---|---|---|
| **ग. जलवायु परिवर्तन** | | | | |
| संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन प्रारुप सन्धि | १२ जुन ९२ | २ मे ९४ | ३१ जुलाई ९४ | |
| क्योटो सन्धि | | १६ सेप्टेम्बर ०५ | १५ डिसेम्बर ०५ | |
| पेरिस सम्झौता | २२ अप्रिल १६ | ५ अक्टोबर १६ | ४ नोभेम्बर १६ | |
| **घ. मानव अधिकार तथा मानवीय कानून** | | | | |
| यातना र अन्य अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको सन्धि | | १४ मे ९१ | १३ जुन ९१ | |
| नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | १४ मे ९१ | १४ अगस्त ९१ | |
| नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक उपलेख १ | | १४ मे ९१ | १४ अगस्त ९१ | |
| नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको मृत्युदण्ड उन्मूलन लक्षित ऐच्छिक उपलेख २ | ४ मार्च ९८ | ४ जुन ९८ | | |
| महिला विरुद्धका सबै प्रकारका विभेद अन्त्यका लागि महासन्धि | ५ फेब्रुवरी ९१ | २२ अप्रिल ९१ | २२ मे ९१ | |
| महिला विरुद्धका सबै प्रकारका विभेद अन्त्यका लागि महासन्धिको ऐच्छिक उपलेख | १८ डिसेम्बर ०१ | १५ जुन ०७ | | |
| सबै प्रकारका नश्लवादी विभेद अन्त्यका लागि अन्तर्राष्ट्रिय महासन्धि | | ३० जनवरी ७१ | १ मार्च ७१ | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | १४ मे ९१ | १४ अगस्त ९१ | |
| बालअधिकार सम्बन्धी महासन्धि | २६ जनवरी ९० | १४ सेप्टेम्बर ९० | १४ अक्टोबर ९० | |
| बालअधिकार सम्बन्धी महासन्धिमा सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी ऐच्छिक उपलेख | ८ सेप्टेम्बर ०० | ३ जनवरी ०७ | ३ फेब्रुवरी ०७ | |
| बालअधिकार सम्बन्धी महासन्धिमा बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र बाल अश्लील सामग्रीसम्बन्धी ऐच्छिक उपलेख | ८ सेप्टेम्बर ०० | २० जनवरी ०६ | २० फेब्रुवरी ०६ | |
| अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि | ३ जनवरी ०८ | ७ मे १० | ७ जुन १० | |
| अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक उपलेख | | ७ मे १० | ७ जुन १० | धारा ६ र ७ |
| सबै आप्रवासी श्रमिक र तीनका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | | | | |
| युद्वस्थलमा सशस्त्रबलका घाइते र विरामीहरूको अवस्थाबारे संशोधनका लागि महासन्धि (१) जेनेभा, १२ अगस्ट १९४९ समुद्रमा सशस्त्रबलका घाइते, विरामी र नौसनिकयान नष्ट | | ७ फेब्रुवरी ६४ | ६ अगस्त ६४ | |
| भएका सदस्यहरूको अवस्थाबारे संशोधनका लागि महासन्धि (२) जेनेभा, १२ अगस्ट १९४९ | ७ फेब्रुवरी ६४ | ६ अगस्त ६४ | | |

*Continued: Annex 4*

*Continued: Annex 4*

| सम्झौता/सन्धि | हस्ताक्षरको मिति | अनुमोदन गरेको मिति | लागू भएको मिति | सर्त/रोक |
|---|---|---|---|---|
| युद्धबन्दिहरूप्रतिको व्यवहारसम्बन्धी महासन्धि (३) जेनेभा, १२ अगस्ट १९४९ | | ७ फेब्रुवरी ६४ | ६ अगस्त ६४ | |
| युद्धका समयमा नागरिकहरूको संरक्षणसम्बन्धी महासन्धि (४) जेनेभा, १२ अगस्ट १९४९ | | ७ फेब्रुवरी ६४ | ६ अगस्त ६४ | |
| मानव बेचविखन र अरुलाई वेश्यावृत्तिमा शोषणमा प्रतिबन्धका लागि महासन्धि, १९४९ | | २७ डिसेम्बर ९५ | २६ मार्च ९५ | |
| आदिवासी तथा जनजाती महासन्धिको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ | | १४ सेप्टेम्र ०७ | | |
| नरसंहारको अपराध रोकथाम तथा सजायसम्बन्धी महासन्धि, १९४८ | | १७ जनवरी ६९ | १६ अप्रिल ६९ | |
| **ङ. रोजगार तथा जबरजस्ती श्रम** | | | | |
| विभेद (रोजगार तथा पेशा) महासन्धि, १९५८ (नं १११) | | २५ जुन ५८ | १५ जुन ६० | |
| महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्यका लागि महासन्धि, १९७९ | | २२ अप्रिल ९१ | NA | |
| वेश्यावृत्तिका लागि महिला तथा बालबालिका बेचविखन विरुद्ध लड्न र रोकथाम गर्नका लागि सार्क महासन्धि, २००२ | | | ३१ अक्टोबर ०५ | हस्ताक्षर मिति |
| साप्ताहिक आराम (उद्योग) महासन्धि, १९२१ (नं १४) | | १० डिसेम्बर ८६ | १० डिसेम्बर ८६ | |
| जबरजस्ती श्रमसम्बन्धी महासन्धि, १९३० (नं २९) | | ३ जनवरी ०२ | ३ जनवरी ०२ | |
| संगठित हुने र सामूहिक सौदावाजी गर्ने अधिकार, १९४९ (नं ९८) | | ११ नोबेम्भर ९६ | ११ नोबेम्भर ९६ | |
| समान ज्यालासम्बन्धी महासन्धि, १९५१ (नं १००) | | १० जुन ७६ | १० जुन ७६ | |
| जबरजस्ती श्रम उन्मूलन महासन्धि, १९५७ (नं १०५) | | ३० अगस्त ०७ | ३० अगस्त ०७ | |
| न्यूनतम ज्याला तय सम्बन्धी महासन्धि, १९७० (नं १३१) | | १९ सेप्टेम्बर ७४ | १९ सेप्टेम्बर ७४ | |
| न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं १३८) | | ३० मे ९७ | ३० मे ९७ | |
| त्रिपक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रम मापदण्ड) महासन्धि, १९७६ (नं १४४) | | २१ मार्च ९५ | २१ मार्च ९५ | |
| आदिवासी तथा जनजाती सम्बन्धी महासन्धि, १९८९ (नं १६९) | | १४ सेप्टेम्बर ०७ | १४ सेप्टेम्बर ०७ | |
| निकृष्ट प्रकारका बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं १८२) | | ३ जनवरी ०२ | ३ जनवरी ०२ | |
| **च.स्वास्थ्य** | | | | |
| विश्व स्वास्थ्य संगठनको विधान | २ सेप्टेम्बर ५३ | | | |
| अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (२००५) | १५ जुन ०७ | | १५ जुन ०७ | |

*Continued: Annex 4*

*Continued: Annex 4*

| सम्झौता/सन्धि | हस्ताक्षरको मिति | अनुमोदन गरेको मिति | लागू भएको मिति | सर्त/रोक |
|---|---|---|---|---|
| पारो सम्बन्धी मिनामाटा सन्धि | १० अक्टोबर १३ | | | |
| सूर्ती नियन्त्रणका लागि डब्लूएचओ प्रारुप सन्धि | ३ डिसेम्बर ०३ | ७ नोबेम्भर ०६ | | |
| अन्तर्राष्ट्रिय खोप संस्था स्थापनाका लागि सहमति | ३० मे ९७ | | | |
| **छ.कृषि तथा वन** | | | | |
| खाद्य तथा कृषिका लागि वनस्पतीय अनुवांशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि | २ जनवरी ०७ | १९ अक्टोबर ०९ | १७ जनवरी १० | |
| अन्तर्राष्ट्रिय वनस्पति संरक्षण सन्धि | | | ८मे २००६ | |
| विश्व व्यापार संगठन- कृषि सम्बन्धी सहमति र स्वास्थ्यरक्षा एवं वनस्पतीय स्वास्थ्यरक्षा सम्बन्धी सहमति | | २४ मार्च ०४ | २३ अप्रिल ०४ | |
| कोडेक्स् एलिमेन्टारियस आयोग | | | १९७४ | |
| ओआइई (पशु स्वास्थ्यका लागि विश्व संगठन) | | | १९९८ | |
| जैविक विविधता सम्बन्धी महासन्धि | १२ जुन १९९२ | २३ नोबेम्भर १९९३ | २१ फेब्रुवरी ९४ | |
| लोपोन्मुख प्रजातिका वनस्पति तथा वन्यजन्तुको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी सन्धि (साइटिस्) | | १८ जुन ७५ | १६ सेप्टेम्बर ७५ | |
| युद्ध मरुभूमीकरण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि | १२ अक्टोबर ९५ | अक्टोबर ९६ | १३ जनवरी ९७ | |
| रामसार सन्धि | | १७ डिसेम्बर ८७ | १७ अप्रिल ८८ | |
| अन्तर्राष्ट्रिय काठ उष्णदेशीय सहमति | | | १ जनवरी ८७ | |
| **ज.सांस्कृतिक तथा प्राकृतिक सम्पदा** | | | | |
| सांस्कृतिक सम्पत्तिको अवैधानिक आयात, निर्यात एवं स्वामित्व हस्तान्तरण प्रतिबन्ध तथा रोकथाम सम्बन्धी महासन्धि। पेरिस, १४ नोभेम्बर १९७० | | २३ जुन ७६ | २४ अप्रिल ७२ | |
| विश्वका सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि। पेरिस, १६ नोभेम्बर १९७२ | | २० जुन ७८ | १७ डिसेम्बर ७५ | |
| अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्र सम्बन्धी महासन्धि, रामसार, २ फेब्रुवरी १९७१ | | १७ डिसेम्बर ८७ | २१ डिसेम्बर ७५ | |
| अमूर्त सांस्कृतिक सम्पदा सुरक्षित राख्नका लागि महासन्धि, पेरिस, १७ अक्टोबर २००३ | | १५ जुन १० | २० अप्रिल ०६ | |
| **झ.शिक्षा** | | | | |
| एसिया एवं प्रशान्तमा उच्चशिक्षाका अध्ययन, प्रमाणपत्र, शैक्षिक उपाधिको मान्यता सम्बन्धी क्षेत्रीय सन्धि, १९८३ | १६ डिसेम्बर ८३ | | २३ अक्टोबर ८५ | |

*Continued: Annex 4*

*Continued: Annex 4*

| सम्झौता/सन्धि | हस्ताक्षरको मिति | अनुमोदन गरेको मिति | लागू भएको मिति | सर्त/रोक |
|---|---|---|---|---|
| **ज.फेब्रुवरी ०७** | | | | |
| खेलकूदमा डोपिङ्ग विरुद्ध अन्तर्राष्ट्रिय सन्धि, पेरिस, १९ अक्टोबर २००५ | | १५ जुन १० | १ फेब्रुवरी ०७ | |
| **ट.लागूपदार्थ, अपराध, भ्रष्टाचार र आतंकवाद** | | | | |
| अवैध लागूपदार्थ सम्बन्धी संयुक्त राष्ट्रसंघीय एकल सन्धि, १९६१ | | २९ जुन ८७ | | |
| साइकोट्रपिक (नशालू) पदार्थहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय सन्धि, १९७१ | | ९ फेब्रुवरी ०७ | १० मे ०७ | |
| अवैध लागूपदार्थ सम्बन्धी एकल सन्धि १९६१ संशोधनका लागि १९७२ उपलेख | | २९ जुन ८७ | | |
| अवैध लागूपदार्थ एवं साइकोट्रपिक (नशालू) पदार्थहरूको | | २४ जुलाई ९१ | | |
| अवैधानिक ओसारपसार विरुद्ध संयुक्त राष्ट्रसंघीय सन्धि, १९८८ | | | | |
| अन्तरदेशीय संगठित अपराध विरुद्ध संयुक्त राष्ट्रसंघीय सन्धि | | २३ डिसेम्बर ११ | २२ जनवरी १२ | |
| भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय सन्धि | | २९ मार्च ११ | २८ अप्रिल ११ | |
| १९६३ मा हस्ताक्षर गरिएको वायुयानभित्र गरिएका अपराध निश्चित क्रियाकलाप सम्बन्धी सन्धि | | १५ जनवरी ७९ | १५ अप्रिल ७९ | एवं अन्य |
| १९७० मा हस्ताक्षर गरिएको वायुयानको गैरकानूनी कब्जा प्रतिबन्धका लागि सन्धि | | ११ जनवरी ७९ | | |
| नागरिक उड्डयन सुरक्षा विरुद्धका गैरकानूनी क्रियाकलाप प्रतिबन्धका लागि सन्धि, १९७१ मा हस्ताक्षर गरिएको | | ११ जनवरी ७९ | | |
| कूटनीतिक दूत लगायत अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्तिहरू विरुद्धका अपराधमा सजाय तथा रोकथामका लागि सन्धि, १४ डिसेम्बर १९७३ मा संयुक्त राष्ट्रसंघीय महाधिवेशनद्वारा पारित | ९ मार्च ९० | | | |
| बन्धकलाई श्रम गराउने विरुद्धको अन्तर्राष्ट्रिय सन्धि, १९ डिसेम्बर १९७९ मा संयुक्त राष्ट्रसंघीय महाधिवेशनद्वारा पारित | | ९ मार्च ९० | | |
| आतंकवादी बम विष्फोटन प्रतिबन्धका लागि अन्तर्राष्ट्रिय सन्धि, १५ डिसेम्बर १९९७ मा संयुक्त राष्ट्रसंघीय महाधिवेशनद्वारा पारित | २४ सेप्टेम्बर ९९ | | | |
| आतंकवादलाई आर्थिक सहयोग प्रतिबन्धका लागि अन्तर्राष्ट्रिय सन्धि, १५ डिसेम्बर १९९९ मा संयुक्त राष्ट्रसंघीय महाधिवेशनद्वारा पारित | | २३ डिसेम्बर ११ | | |
| नागरिक उड्डयन सम्बन्धी गैरकानूनी क्रियाकलाप प्रतिबन्धका लागि सन्धि, २०१० | १० सेप्टेम्बर १० | | | |
| वायुयानको गैरकानूनी कब्जा प्रतिबन्धका लागि सन्धि २०१०को उपलेख | १० सेप्टेम्बर १० | | | |



**Government of Nepal**
National Planning Commission
Singha Durbar, Kathmandu, Nepal
Tel: 977-1-4211629
www.npc.gov.np



**United Nations Country Team Nepal**
United Nations House
Pulchowk, Kathmandu, Nepal
Tel: 977-1-5523200
www.un.org.np



DESIGN & PRINT PROCESS: www.**TheSquare** agency